# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **'राधा उपन्यासको लैङ्गिक अध्ययन'** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तगर्त महेन्द्ररत्न वहुमुखी क्याम्पस इलाम, नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

झापा जिल्लामा वि.सं. २०१७ साउन २ मा जन्मी नेपाली साहित्यमा साधनारत कृष्ण धरावासीले हालसम्म बीस कृतिहरू प्रकाशित गरिसकेका छन् । उनी सामाजिक यथार्थवादी प्रवृत्तिका साहित्यकार हुन् । नेपाली साहित्यमा उनको योगदान महत्वपूर्ण देखिन्छ । यस्ता व्यक्तित्वका धनी कृष्ण धरावासीको राधा उपन्यास (२०६२) यौनमनोवैज्ञानिक प्रकृतिको उपन्यास हो । यसभित्र पनि लैङ्गिकताको खोजी गर्ने काम गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका साधक कृष्ण धरावासीले नेपाली साहित्यमा आफ्नो छुट्टै पहिचान कायम गरिसकेका छन् । उनीद्वारा लिखित बीसकृतिहरू मध्ये 'राधा' उपन्यासको बारेमा खासै अनुसन्धान नभएकाले निम्न समस्याहरूमा केन्द्रित रही शोधकार्य गरिएको छ ।

उक्त शोधपत्रमा राधा उपन्यासको लैङ्गिकताको सम्बन्धमा के कस्ता आधारहरू प्रस्तुत गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा मूलसमस्याका रूपमा रहेको छ । यसमा लैङ्गिक दृष्टिले राधा उपन्यासमा के कस्ता मौलिकपन रहेको छ । समाजमा अधिपत्य जमाइराखेको पुरूषवादको जरो उखेल्नका लागि उपन्यासमा के कस्तो विषयवस्तु प्रस्तुत गरिएको छ त्यसको लैङ्गिक अध्ययन नै यस शोधको प्रमुख समस्या हो । यसै अवस्थालाई केन्द्रमा राखी निम्न लिखित प्राज्ञिक समस्याहरूको विश्लेषण गरी शोधको समस्या समाधान गरिएको छ :

(क) उपन्यासकार कृष्ण धरावासीको साहित्यिक यात्रा कस्तो छ ?

(ख) राधा उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ?

(ग) राधा उपन्यासमा के कस्तो लैङ्गिक चेतनाको प्रयोग भएको छ ?

(घ) राधा उपन्यासमा प्रयुक्त भाषा लैङ्गिक दृष्टिले के कस्तो छ ?

## १.५. शोधकार्यको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्ध शोध समस्याहरूको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोध समस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्छ । उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ । त्यसैले शोध शीर्षकमा केन्द्रित हुन्छ भने उद्देश्य समस्यामा केन्द्रित हुन्छ । कुनै पनि अध्ययन अनुसन्धान कार्य आफैमा समस्याको पोको हो । त्यही समस्याको पोकोबाट उपयुक्त समस्याको पहिचान गर्न सकेमात्र अनुसन्धानलाई निश्चित गन्तव्यमा पुऱ्याउन सकिन्छ । तसर्थ राधा उपन्यासमा रहेको लैङ्गिक चेतनाको अध्ययनको विश्लेषण गर्नु शोधको उद्देश्य रहेको छ । यो समस्या समाधान गर्नका लागि प्रस्तुत शोधमा निम्निलिखित उद्देश्यहरू रहेका छन् ।

(क) कृष्ण धारावासीको साहित्यिक यात्रासहित योगदानको चर्चा गर्नु ।

(ख) राधा उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु ।

(ग) राधा उपन्यासको लैङ्गिक चेतना विश्लेषण गर्नु ।

(घ) लैङ्गिक दृष्टिले राधा उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको हो । शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निम्ति शोधपत्र तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, जसलाई पूर्वकार्यको खोज भनिन्छ । यसले सम्बन्धित विषयमा त्यसपूर्व के कति अध्ययन अनुसन्धान भएका छन् के कति काम बाँकी छन् भन्ने कुराको जानकारी प्रदान गर्दछ । पूर्वकार्यको पुनरावलोकनमा पूर्वकार्य गर्ने व्यक्तिले आफूले चयन गरेको शोध शीर्षकसँग सम्बन्धित विषयमा कुन प्रयोजनले कुन पद्धति वा विधि अपनाएर के कति काम गरेको छ उक्त कार्य आफ्नो शोधकार्यको प्रयोजन र प्रकृतिसँग मिल्दछ त्यस विषयमा गर्न बाँकी चुनौतीपूर्ण कामहरू के कति छन् त्यस क्षेत्रमा अब कुन कुन प्रश्न र समस्याहरू विद्यमान छन् भन्ने कुराको निर्क्यौल पूर्वकार्यको पुनरावलोकनबाट गर्न सकिन्छ । पूर्वकार्यको अवलोकनले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न प्राक्कल्पना निर्माण गर्न पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, नयाँ एमं् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको सान्दर्भिकता स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ । जसले अनुसन्धान कार्यलाई

निर्धारित लक्ष्यमा पुऱ्याउन सहयोग गर्दछ । नेपाली साहित्यमा कलम चलाउने व्यक्ति कृष्ण धरावासीका बारेमा समय समयमा अनुसन्धानहरू भए तापनि राधा उपन्यासको लैङ्गिक अध्ययन चाहिँ भएको पाइएन । यस अध्ययनका क्रममा पनि लैङ्गिक अध्ययनसँगै सम्बन्धित भई गरिएका अध्ययन अनुसन्धनात्मक ग्रन्थहरूलाई पूर्वकार्यका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

खनाल (२०६६) द्वारा '*पहेँलो गुलाफ* कथामा लैङ्गिक चेतना' शीर्षकको लेखमा लैङ्गिक समालोचनाको परिचय दिँदै समाजमा नारीलाई पुरूषका सहायक उपेक्षित कमजोर र दोस्रो दर्जाको रूपमा राखी पुरूषले परम् शारीरिक शोषण गरेको कुरालाई उल्लेख गरेको पाइयो ।

पौड्याल (२०६९) द्वारा '*एक चिहान* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोध सम्पन्न भएको पाइयो । उक्त अध्ययनका प्रमुख उद्देश्यहरूमा लैङ्गिकताको परिचय दिनु, *एक चिहान* उपन्यासमा लैङ्गिक स्थितिको पहिचान गर्नु, *एक चिहान* उपन्यासमा लैङ्गिक चेतनाको विश्लेषण गर्नु र यस उपन्यासमा प्रयोग गरिएको भाषाको मूल्याङ्कन गर्नु रहेको पाइयो ।

पाण्डे (२०६९) द्वारा लिखित 'नेपाली उपन्यासमा लैङ्गिकता' नामक समालोचनात्मक ग्रन्थमा लैङ्गिक विभेदीकरणको सामाजिक पक्षलाई केन्द्रीय मुद्दा बनाएर विवेचना गरे पनि यस ग्रन्थमा प्रत्येक उपन्यासका निम्ति विशेष रूपमा अलग अलग वैचारिक पक्ष किटान गरेको पाइन्छ ।

श्रेष्ठ (२०६७) द्वारा '*तीन घुम्ती* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा अध्ययन कार्य सम्पन्न गरिएको पाइयो । यस शोध अध्ययनमा लैङ्गिक समालोचना सिद्धान्तलाई प्रमुख आधार बनाई सामाजिक राजनीतिक, आर्थिक र धार्मिक आधारमा उक्त कथामा लैङ्गिक अवस्थाको अध्ययन गरिएको पाइयो ।

## १.७ शोधको औचित्य, महत्व तथा उपयोगिता

नेपाली साहित्य रचनामा क्रियाशील कृष्ण धरावासीका बारेमा जीवनी, व्यक्तित्व र कृतित्वलगायत उनका प्रकाशित पुस्तकहरूका बारेमा खोज अनुसन्धान भएको पाइन्छ । उनका पुस्तकहरूका बारेमा समष्टिमा अध्ययन भएको भए तापनि त्यसभित्रका विविध पाटाहरूका बारेमा अध्ययन भएको पाइँदैन । त्यही सूक्ष्म अध्ययन गर्ने क्रममा 'राधा उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकको यो शोधकार्यले समवर्ती र उत्तरवर्ती शोधार्थीहरूलाई लैङ्गिक विषयमा महत्वपूर्ण जानकारी दिनेछ । तसर्थ लैङ्गिक अध्ययन गर्नु नै ज्यादै औचित्यपूर्ण रहने हुनाले यही औचित्य, महत्व तथा उपयोगिताका साथ यो शोधपत्र तयार पारिएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा राधा उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित भए पनि लैङ्गिक समालोचना र दृष्टिकोणका लागि सैद्धान्तिक आधार निर्धारण गरिनेछ र त्यसैमा केन्द्रित भएर अध्ययन विश्लेषण गरिएको छ ।

(क) उक्त शोधकार्य राधा उपन्यासमा रहेको लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित रहनेछ ।

(ख) राधा उपन्यासमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा राधा उपन्यासलाई मात्र आधार बनाइनेछ ।

(ग) लैङ्गिक दृष्टिले राधा उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गरिनेछ ।

(घ) लैङ्गिक समालोचना र दृष्टिकोणको सैद्धान्तिक आधार निर्धारण गर्दा नारीवाद, महिला सशक्तीकरण, लैङ्गिक समानता महिला शिक्षामा केन्द्रित रहनेछ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य कुशलतापूर्वक सम्पन्न गर्नका लागि प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन विधि नै प्रयोग गरिएको छ । मूल कृति प्राथमिक सामग्री हुनेछ भने त्यसका बारेमा लेखिएका पुस्तक तथा पत्रपत्रिकाहरू द्वितीय सामग्री रहेका छन् । यिनै सामग्रीको अध्ययन विश्लेषणमा पुस्तकालयीय विधिको समेत प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकताअनुसार विभिन्न परिच्छेद वा अध्याय र त्यसअन्तर्गत विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ । शोधकार्यको संरचनालाई पूर्णता दिन, व्यवस्थित बनाउन र मर्यादित तुल्याउनका लागि उक्त शोधकार्यलाई पाँच अध्यायमा विभाजन गरी निम्नलिखित ढाँचामा प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोध परिचय |
| दोस्रो परिच्छेद | : | कृष्ण धरावासीको परिचय र साहित्यिक यात्रा |
| तेस्रो परिच्छेद | : | उपन्यासको सैद्धान्तिक परिचय तथा लैङ्गिक सिद्धान्त |
| चौथो परिच्छेद | : | लैङ्गिक आधारमा राधा उपन्यासको व्याख्या र विश्लेषण |
| पाँचौ परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

*

# दोस्रो परिच्छेद

# धरावासीको साहित्यिक यात्रा, चरण विभाजन र औपन्यासिक योगदान

## २.१ साहित्यकार कृष्ण धारावासीको परिचय

### २.१.१ बाल्यकाल र शिक्षा

कृष्ण धराबासी आधुनिक नेपाली साहित्य जगतका एक चम्किला नक्षत्रका रुपमा चिनिन्छन् । आधुनिक नेपाली साहित्यका क्षेत्रमा मदन पुरस्कार विजेता कृष्ण धराबासीको जन्म वि.सं. २०१७ साउन २ मा पाँचथर जिल्लाको अमरपुर गाउँ विकास समितिमा एक मध्यम परिवारमा भएको थियो । उनको खास नाम कृष्णप्रसाद भट्टराई हो । उनी पिता टिकाराम र माता अम्बिका भट्टराईका जेठा सुपुत्र हुन् । भट्टराईको जन्म पाँचथर जिल्लामा भए तापनि गरिबीका कारणले भट्टराई परिवार वि.सं. २०२४ सालमा मधेशतिर लाग्यो । उनी नौ वर्षको भएपछि शनिश्चरेको प्राथमिक स्कूलमा पढ्न थाले । उनले वि.सं. २०३४ सालमा एस.एल.सी. परीक्षा दोस्रो श्रेणीमा उत्तीर्ण गरेका थिए । उनले स्नातक तहसम्मको औपचारिक शिक्षा प्राप्त गरेका छन् । उनी एक सृजनशील तथा सशक्त साहित्यकार हुन् । जीवनमा धेरै उतारचढावहरू पार गर्दै साहित्यिक योगदान पुऱ्याउने साहित्यकार हुन् । उनले नेपाली साहित्यलाई एक कदम भए पनि अगाडि बढाउने मामिलामा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उनको पत्नी सीता पोखेलको वि.सं. २०६८ सालमा निधन भएको हुँदा उनले अञ्जु विमलीसँग २०६९ सालमा दोस्रो विवाह गरे ।

उनले नेपाली साहित्यको फाँटमा विभिन्न कृतिहरू अर्पण गरी महत्वपूर्ण योगदान गरेका छन् । साहित्यकार कृष्ण धाराबासीद्वारा विशेष गरेर नेपाली

वाङ्मयलाई अगाडि बढाउने मामिलामा बढी झुकाव राखेको देखिन्छ । यस बाहेक उनले निबन्ध, कविता, आत्मसंस्मरण तथा समालोचनामा पनि कलम चलाएको देखिन्छ । यस मध्ये पनि कथा तथा उपन्यासका क्षेत्रमा उनले विशेष दखल राखेको देखिन्छ ।

## २.१.२ प्रकाशित कृतिहरू

धराबासीको नेपाली साहित्यमा सबभन्दा पहिलो रचना वि.सं. २०३३ सालमा सूर्योदय साप्ताहिकमा कविता प्रकाशित भएको थियो । उनका पुस्तकहरू बालक हराएको सूचना (निबन्ध सङ्ग्रह वि.सं. २०४८), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू (समालोचना वि.सं. २०४८), उन्मुक्तिका आवाजहरू (कविता सङ्ग्रह वि.सं. २०५०), लीला लेखन (समालोचना, वि.सं. २०५३), उत्तमजंग सिंजापतीको आलु (निबन्ध सङ्ग्रह वि.सं. २०५५), शरणार्थी (उपन्यास वि.सं. २०५६), आधा बाटो उपन्यास (वि.सं.२०५९), झोला (कथा सङ्ग्रह वि.सं. २०६०), आँधी नआउने घर, कान्छी, राधा (कविता संग्रह वि.सं. २०६२), राधा उपन्यास (वि.सं. २०६२), तेस्रो आयाम र वैरागी काइला (समालोचना, वि.सं. २०६३), तपाईं (उपन्यास वि.सं. २०६४), मेरो साहित्यिक यात्रा र मदन पुरस्कार (संस्मरण, २०६४), पाण्डूलिपि (उपन्यास) टुँडाल (उपन्यास, वि.सं. २०६५) आमा कथा सङ्ग्रह गेएटापो २०७०, 'नारी भित्र त्यस्तो के छ हजुर' निबन्ध सङ्ग्रह (२०५३), पाठकको अदालतमा मुद्धा (२०६२), कृष्ण धराबासीको चर्चित निबन्धहरू (२०६५), लगायत थुप्रै फुटकर रचनाहरू गरी नेपाली साहित्यमा अथक योगदान दिने काम उनले गरेका छन् । यसरी उनले विभिन्न विधामा कलम चलाई आफ्नो साहित्यिक क्षमतालाई उजागर गरेका छन् ।

## २.१.३ पुरस्कार तथा सम्मान

नेपाली साहित्य क्षेत्रमा कृष्ण धाराबासी कथा र उपन्यास विधामा कलम चलाउन रुचाउछन् । धरावासीले साहित्य क्षेत्रमा कलम चलाउनका साथै कृषि

विकास बैकमा पनि कर्मचारीका रुपमा सेवा गरेका थिए । नेपाली साहित्यको क्षेत्रमा योगदान दिएवापत उनी विभिन्न पुरस्कारबाट पुरस्कृत भएका छन् । उनले वि.सं. २०६२ सालमा राधा उपन्यासका लागि मदन पुरस्कार पाएका हुन् । उनले महानन्द पुरस्कार (२०४६), नेपाली जेसिजद्वारा प्रदान गरिने उत्कृष्ट राष्ट्रिय युवा पुरस्कार (२०५२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०७३), युवा वर्ष मोती पुरस्कार (२०५६), उत्तम शान्ति पुरस्कार (२०५३), मोफसल (विराटनगर) बाट प्रदान गरिने प्रतिभा पुरस्कार (२०५७), रामराज पन्त पुरस्कार (२०५९) तथा मदन पुरस्कार (२०६२) बाटसमेत उनी सम्मानित बनिसकेका छन् ।

## २.२ साहित्यकार कृष्ण धरावासीको औपन्यासिक यात्राको चरण विभाजन

साहित्यमा मदन पुरस्कार विजेता कृष्ण धरावासीको औपन्यासिक यात्रालाई हेर्दा विभिन्न धारा र चरणअर्न्तगतका विशेषता र प्रवृत्ति भएका कृतिहरू भेटिन्छन् । तर जे भए तापनि धराबासीको समग्र औपन्यासिक साहित्य यात्रालाई मूल्याङ्कन गर्दा दुई चरणमा विभाजन गर्न सकिन्छ । प्रथम चरणमा उनको प्रारम्भिक उपन्यास लेखन कार्यलाई लिन सकिन्छ भने दोस्रो चरणमा हालको वा विकसित उपन्यास लेखनलाई लिन सकिन्छ ।

सर्वप्रथम धराबासीको औपन्यासिक कृतिका रूपमा वि.स. २०५६ सालमा प्रथम पटक प्रकाशित शरणार्थी उपन्यासलाई लिन सकिन्छ । यस उपन्यासमा धराबासीले शरणार्थी समस्यालाई प्रस्तुत गरेका छन् । उनको यो उपन्यास लेखनको प्रारम्भिक चरण भएका कारण शरणार्थीमा हालका कृतिका जस्तो उनको निजी विशेषता नवलीलावादी लेखन शैली देख्न सकिंदैन । यस प्रारम्भिक चरणमा उनको शैली आदिम वा पूर्वकृतिका विषयलाई आधुनिक आफ्ना कृतिमा जोड्ने काम भने सोझैं पाउन सकिन्छ ।

उनका प्रत्येक औपन्यासिक कृतिमा सामाजिक विषयलाई अनिवार्य रूपमा समावेश गराइएको पाउन सकिन्छ । त्यस्तै गरेर उनका त्यस पछिका औपन्यासिक कृतिहरू *आधा बाटो* (२०५९), *राधा* (२०६२), *तपाईं* (२०६३) र *टुँडाल* (२०६५) प्रकाशित भएका छन् । हालसम्म उनका जति पनि प्रकाशित औपन्यासिक कृतिहरू छन् ती सबैमा नेपाली सामाजिक जनजीवनका विषयवस्तुलाई समेटिएको पाइन्छ । यी माथिका उनका औपन्यासिक कृतिका आधारमा उनको निम्नानुसार दुई भागमा औपन्यासिक चरण विभाजन गर्न सकिन्छ । जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

**क. प्रारम्भिक चरण**

आधुनिक नेपाली साहित्यका क्षेत्रमा मदन पुरस्कार विजेता कृष्ण धराबासीले वि.सं. २०५६ सालमा शरणार्थी उपन्यास प्रकाशित गराएर आफ्नो औपन्यासिक यात्रा प्रारम्भ गरेको पाइन्छ । प्रस्तुत उपन्यासबाट उनले औपन्यासिक यात्रा सुरूवात गरेको हुनाले पनि उनको यस कृतिमा सामाजिक यथार्थवादी धाराको प्रभावमात्र देख्न सकिन्छ । नेपाली साहित्यमा हेर्ने हो भने सर्वप्रंथम लैनसिंह वाङ्देलको *मुलुकबाहिर* (२००४) उपन्यास प्रकाशित भएपछि यो धारा सुरूवात भएको हो । यसै धारालाई अङ्गालेर धराबासीले आफ्नो साहित्यिक औपन्यासिक यात्रा तय गरेका छन् ।

सामाजिक यथार्थवादी धाराले सामाजिक जीवनका बारेमा प्रतिविम्व उतार्ने काम गर्दछ । समाजका हरेक सामाजिक व्यवस्थाको चित्रण पनि गर्ने काम भएको हुन्छ । धरावासीका प्रारम्भिक चरणमा देखापरेका शरणार्थी, आधा बाटो जस्ता औपन्यासिक कृतिमा यही सामाजिक यथार्थवादी धाराको अनुशरण गरेको पाइन्छ । शरणार्थी उपन्यासमा शरणार्थीको सामाजिक जीवनका बारेमा वास्तविक चित्रण गरिएको छ भने आधा बाटोमा पनि समसामयिक सामाजिक जीवनका दुःख सुख

सामाजिक आर्थिक, धार्मिक, ऐतिहासिक विषयवस्तुलाई समावेश गरिएको पाइन्छ । यस चरणमा धराबासीको हाल देखिएको नवलीलावादी लेखन शैलीलाई भने उनको साहित्यिक क्षेत्रमा परिचित गराएका थिएनन् । त्यसकारण धराबासीको औपन्यासिक साहित्यिक विधाको प्रारम्भिक चरणबाट हेर्दा उनलाई सामाजिक यथार्थवादी साहित्यकारका रूपमा लिन सकिन्छ । प्रारम्भिक चरणमा देखिएका धराबासीका कृति र वर्तमान समयमा देखिएका वा उनका औपन्यासिक कृतिको तुलनात्मक अध्ययन गर्दा प्राथमिक वा प्रारम्भिक कृतिमा विषयवस्तुको सीमितता र वैचारिक अभिव्यक्तिको कम प्रभाव पाइन्छ ।

**ख. विकास चरण**

यस चरणमा धराबासीका *राधा* (२०६२), *तपाई* (२०६३) र *टुँडाल* (२०६५) कृतिलाई लिन सकिन्छ । उनको औपन्यासिक यात्राको प्रारम्भदेखि यस चरण सम्मका अवस्थालाई मूल्याङ्कन गर्दा यो अवस्थामा देखिएका कृतिमा धेरै भिन्नता पाउन सकिन्छ । वास्तवमा यसै चरणमा देखा परेका कृतिकै आधारमा उनलाई नवलीलावादी लेखकको रूपमा चिन्न सकिन्छ । हुनत उनको साहित्यिक यात्रा अझै धेरै बाँकी नै छ तर यस अवस्थासम्ममा प्रकाशित उनका कृतिहरूको आधारमा हेर्दा उनका प्रारम्भिक कृतिमा भन्दा धेरै भिन्न प्रवृति पाउन सकिन्छ ।

प्रारम्भिक अवस्थामा उनका औपन्यासिक कृतिमा केवल सामाजिक यथार्थवादी सोच र चिन्तन पाउन सकिन्थ्यो भने हाल आएर यो विकास चरणमा उनका औपन्यासिक विषयवस्तुले व्यापकता प्रदान गरेको छ । यस चरणमा आउँदा उनले आफ्ना औपन्यासिक कृतिमा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, ऐतिहासिक जस्ता विषयवस्तुलाई समेटेको पाइन्छ । यसका साथ साथै उनका कृतिमा मुख्य रूपमा यौनमनोवैज्ञानिक यथार्थवादलाई स्पष्ट रूपमा देख्न सकिन्छ । उनको यौनयथार्थवादी चिन्तनले गर्दा उनको यो औपन्यासिक साहित्यिक यात्रामा

नयाँ चरणको पनि सुरूवात गर्न पुग्यो । उनको यस विकास चरणमा देखिएका कृतिका आधारमा उनलाई मनोविश्लेषणवादी यथार्थवादी धाराको पनि नजिक रहेको पाउन सकिन्छ ।

## २.३ साहित्यकार कृष्ण धरावासीका औपन्यासिक प्रवृत्ति एवम् विशेषताहरू

कृष्ण धरावासी आधुनिक नेपाली साहित्य जगतका एक चम्किला नक्षत्रका रूपमा चिनिन्छन् । उनले आफ्नो औपन्यासिक विधामा लीलावादी लेखन शैलीको प्रयोग गरेको पाइन्छ । नेपाली समसामयिक विषयवस्तुलाई आधार बनाएर आफ्नो रचनालाई रोचक तुल्याउन धरावासी अत्यन्तै कौशलयुक्त लेखक मानिन्छन् । आफ्नो रचनामा कृष्ण धरावासीले प्रायजसो सबै सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक तथा ऐतिहासिक विषयलाई समावेश गर्ने गर्दछन् । यति हुँदाहुँदै पनि उनले आफ्ना कृतिमा विशेष गरेर यौनमनोविज्ञानलाई बढी जोड दिने गरेको पाइन्छ । कृष्ण धरावासी आफ्ना औपन्यासिक कृतिमा निश्चित र आवश्यक मात्रामा मात्रै पात्रको उपस्थिति गराएर रचना तयार गर्ने गर्दछन् । सुन्दर, सरल र नेपाली ग्रामीण परिवेश सुहाउँदो भाषा र शैलीको प्रयोग गरेर उपन्यासको रचना गर्ने धराबासीले नेपाली आम पाठकको मन जित्न सफल देखिन्छन् । उनका औपन्यासिक प्रवृत्तिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### क. ऐतिहासिक तथा पौराणिक विषयवस्तुको समावेश गर्नु

कृष्ण धराबासीले आफ्ना औपन्यासिक कृतिमा ऐतिहासिक विषयवस्तुलाई समावेश गर्ने गर्दछन् । ऐतिहासिक तत्वमा रोचकता र आश्चर्यता भेटिने हुँदा उनका प्रायसबै जसो औपन्यासिक कृतिहरूमा केही न केही मात्रामा भए पनि ऐतिहासिक तत्वलाई समावेश गरेका हुन्छन् । उनका राधा, टुँडाल, आधाबाटो जस्ता सर्वाधिक लोकप्रिय औपन्यासिक रचनामा केही मात्रामा भए तापनि अनिवार्य रूपबाट ऐतिहासिक विषयवस्तुको उद्घाटन गरेको पाइन्छ ।

### ख. यौनमनोवैज्ञानिक यर्थावादी प्रवृत्ति

जीवनको समग्र पक्षको व्याख्या र विश्लेषण हुने साहित्यिक रचना उपन्यासमा कृष्ण धराबासीले यौनमनोविज्ञानलाई मुख्य आधार बनाउने गर्दछन् । लीलावादी लेखकका रूपमा चिनिने धराबासीले यौनमनोविज्ञानलाई सहज र स्वभाविक ढङ्गबाट आफ्नो कृतिमा समावेश गर्ने काम गर्दछन् । उनका प्राय जसो सबै औपन्यासिक कृतिमा यौनमनोविज्ञानलाई समेटेको पाइन्छ । यसमध्ये पनि राधा र टुँडालमा त झनै बढी यौनयथार्थवादी विचारलाई व्यक्त गरिएको पाइन्छ ।

### ग. सामाजिक विषयवस्तुको समावेश

कृष्ण धराबासीले अन्य धेरै विषयवस्तुलाई आफ्ना औपन्यासिक कृतिमा समावेश गरे तापनि ती सबै विषयवस्तुलाई मिलाएर अन्त्यमा सामाजिक परिवेशमा ल्याएर टुङ्ग्याउने काम गर्दछन् । नेपाली ग्रामीण सामाजिक जनजीवनका प्रसङ्गलाई धराबासीले आफ्ना उपन्यासमा रोचक ढङ्गबाट वर्णन गर्ने गर्दछन् । समाज भित्र हुने सम्पूर्ण क्रियाकलापलाई आफ्ना औपन्यासिक कृतिमा समावेश गरेर उक्त कृतिलाई सम्पूर्ण लोक जनजीवनमा आफ्नै घटना होकि जस्तो भाव हुने तुल्याउँछन् ।

### घ. धार्मिक विषयवस्तुको उद्घाटन

धराबासीले आफ्ना औपन्यासिक कृतिमा नेपाली सास्कृतिक र धार्मिक विषयवस्तुलाई समावेश गरेको पाइन्छ । उनको उत्कृष्ट औपन्यासिक कृति राधामा धार्मिक विषयलाई नै रचनाको मुख्य आधार बनाइएको पाइन्छ । त्यस्तै गरेर टुँडाल उपन्यासमा पनि धार्मिक विषयको वर्णन गरिएको पाइन्छ । विभिन्न धार्मिक विषयसँग सम्बन्धित पक्षलाई आफ्ना औपन्यासिक रचनामा समावेश गरेको पाइन्छ । नेपालीको पहिचानका रूपमा स्थापित गराउने धार्मिक र सांस्कृतिक विषयवस्तुलाई धराबासीका उपन्यासमा महत्व प्रदान गरिएको पाइन्छ ।

**ङ. सरल, सरस र सहज भाषाशैलीका प्रयोक्ता**

कृष्ण धराबासीले आफ्ना सबै औपन्यासिक कृतिमा सरल, सरस र सहज भाषाशैलीको प्रयोग गरेको पाइन्छ । सामाजिक जनजीवनमा प्रयोग हुने सरल र प्रत्येक साधारण जन जिब्रोमा बानी परेका शब्दको प्रयोगले गर्दा उनका उपन्यास जनमानसमा लोकप्रिय बन्न पुगेका छन् । आगन्तुक शब्दको कम प्रयोग र नेपाली झर्रा शब्दको बढी प्रयोगले गर्दा उनका उपन्यास झनै बढी सर्वसाधारणका मन मुटुमा सजिन सफल छन् ।

**च. राष्ट्रप्रेमको भावना जागृत हुनु**

उनका प्रत्येक उपन्यासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा राष्ट्रप्रेमको भावना जागृत भएको हुन्छ । उनको *राधा, टुँडाल, शरणार्थी, आधाबाटो* जस्ता प्राय सबै औपन्यासिक कृतिहरूमा राष्ट्रप्रेमको भावना पोखिएको देख्न सकिन्छ । उनले टुँडाल उपन्यासमा भारतले गरेको कोशी सम्झौताको एकलौटी निर्णयप्रति एउटा देशको नागरिकले देशप्रति गर्ने आस्था र मायालाई पोखेका छन् । त्यस्तै गरेर यसै उपन्यासमा देशको संस्कृतिलाई बचाउनको लागि भावी दिनमा संस्कृति प्राविधिकको खाँचो भएको कुरालाई पनि अभिव्यक्त गरेका छन् ।

**छ. राजनैतिक र प्रशासनिक दुरावस्थाको उजागर**

उनका टुँडाल, शरणार्थी, आधाबाटो जस्ता कृतिहरूमा राजनीतिक र प्रशासनिक विषयलाई प्रस्तुत गरेका छन् । नेपालको प्रशासनिक क्षेत्रमा भएको भ्रष्टाचार र दुरावस्थालाई आफ्ना कृतिमा देखाउने काम गरेका छन् । त्यस्तै गरेर राजनीतिमा हुने पदीय लोलुपतालाई अङ्गालेर राजनीति गर्ने राजनेता भनाउदाहरूको अवस्थालाई पनि चित्रण गरेको छन् । यसरी राजनीतिक र प्रशासनिक दुरावस्थाले गर्दाखेरी राष्ट्र अग्रगतिको सट्टा अवन्नतितर्फ धकेलिने कुरालाई उपयुक्त ढङ्गबाट प्रस्तुत गरेका छन् ।

### ज. विषयवस्तुअनुसार पात्रचयन कौशलता

उनका जतिपनि कृतिहरू प्रकाशित भएका छन् ती सबैमा विषयवस्तु अनुसार पात्र चयन कार्यमा तारतम्य मिलाइएको पाइन्छ । धेरै र अनावश्यक पात्रले रचना भद्दा र निरसपूर्ण हुने हुँदा उनले स्वाभाविक र आवश्यक पात्र तथा चरित्रको उपस्थिति गराएर उपन्यास कृतिलाई रोचक तुल्याउने काम गरेका छन् । उनको यो विषयवस्तुअनुसारको पात्र चयन गर्ने कौशलतालाई पनि उनको औपन्यासिक विशेषताका रूपमा लिन सकिन्छ ।

### झ. उपन्यासको संरचनामा पृथकता

उनका रचनामा अन्य लेखकहरूको भन्दा फरक संरचना शैली पाउन सकिन्छ । प्राय सबैजसो साहित्यकारहरूले उपन्यासलाई आदि, मध्य र अन्त्यको क्रममा मिलाएर रचना गर्ने गर्दछन् । तर धराबासीले आफ्ना प्राय उपन्यासको संरचनालाई अन्त्य, आदि र मध्यको क्रममा मिलाएर रचना गर्ने काम गरेका छन् । सर्वप्रथम जुनसुकै औपन्यासिक कृतिमा विषयवस्तुको अन्त्य भागलाई कृतिको सुरूमा राख्नेका गर्दछन् र त्यसपछि क्रमशः आदि र मध्य भागको धरातलमा प्रस्तुत गर्ने गर्दछन् । त्यसैले उनको औपन्यासिक लेखन शैली अथवा रचनामा पृथकता पाउन सकिन्छ ।

### ञ. पूर्वउपन्यास र कथा कृतिमा प्रयुक्त पात्र एवम् विषयवस्तुको प्रयोग गर्नु

साहित्यकार धराबासीको औपन्यासिक कृतिको समग्र मूल्याङ्कन गर्दा उनका उपन्यासमा पूर्व उपन्यास महाभारतबाट र अन्य पूर्वऔपन्यासिक कृतिहरूबाट पात्र चयन गरिएको पाइन्छ । यी उपन्यासमा पात्रका साथसाथै उपयुक्त रूपमा विषयवस्तुको पनि चयन गरिएको छ । उनका राधा, शरणार्थी जस्ता औपन्यासिक कृतिहरूमा यी प्रवृत्तिहरू पाउन सकिन्छ ।

## २.४ साहित्यकार कृष्ण धरावासीको औपन्यासिक योगदान

नेपाली साहित्य जगतका एक सशक्त र मदन पुरस्कार विजेताका रपमा चिनिने धाराबासीले नेपाली सामाजिक र यौन मनोवैज्ञानिक विषयलाई मुख्य आधार बनाएर साहित्य सिर्जना गर्ने गर्दछन् । उनका झण्डै आधा दर्जन जति औपन्यासिक कृतिहरू प्रकाशित भई सकेका छन् । आधुनिक नेपाली साहित्य आकाशमा नवलीलावादी लेखकका रूपमा उपस्थित भएर त्यसैअनुरूप रचनाहरू तयार गर्ने गर्दछन् । प्रत्येक मानव प्राणीमा अनिर्वाय रूपमा हुने यौन कामवासनालाई उनले उपन्यासका विषयवस्तुका आधारमा पाठक तथा सर्वसाधारणमा सहज र स्वभाविक प्रक्रियाबाट प्रस्तुत गरेका छन् । धराबासीले **फ्रायड**, **एडलर**, **युङ्ग**, **गेस्टाल्ट**, **वाटसन** आदिको मनोविश्लेषणवादको सैद्धान्तिक आधारको नजिक रहेर उपन्यास विधामा कलम चलाएका छन् । जसरी यी विश्व प्रसिद्ध साहित्यकारको सिद्धान्तलाई आधार मानेर विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो साहित्यिक यात्रा अगाडि बढाएका थिए त्यसरी नै धराबासीले पनि तिनै सिद्धान्तको नजिक रहेर आफ्ना रचनाहरू तयार गरेका छन् । तर विश्वेश्वरप्रसाद कोइरालाले जस्तो धराबासीले मानिसको मनको तहलाई विभाजन गर्ने काम भने गरेका छैनन् । धराबासी धार्मिक र ऐतिहासिक विषयवस्तुलाई आधुनिक समाजका विषयवस्तुसँग समायोजन गरेर रचना तयार गर्ने हुँदा उनलाई मिथकीय ढाँचाबाट साहित्य सिर्जना गर्ने साहित्यकारका रूपमा पनि लिन सकिन्छ ।

उनको अत्यधिक लोकप्रिय मदन पुरस्कार हात पार्न सफल बनाउने उपन्यास कृति टुँडालमा पनि नेपालको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, ऐतिहासिक आदि सबै विषयलाई समेटिएको भए तापनि मुख्य गरेर यसले यौनकामवासनाको नै मुख्य रूपमा उद्घाटन गरेका छन् । त्यस्तै गरेर राधा उपन्यासमा पनि उनले यही यौन विषयवस्तुलाई नै मुख्य विषयवस्तुको आधार

बनाएका छन् । राधा उपन्यासमा धराबासीले धार्मिक विषयवस्तुसँग यौन मनोविज्ञानलाई जोडेर अत्यन्तै रोचक पारामा उपन्यासको विषयवस्तुलाई प्रस्तुत गरेका छन् । उनका अन्य औपन्यासिक कृतिहरू *आधाबाटो, शरणार्थी* र *तपाईं* मा भने उनले यौनमनोविज्ञानलाई भन्दा पनि नेपाली सामाजिक, आर्थिक र राजनैतिक अवस्थाको बारेमा चर्चा परिचर्चा गरेका छन् । कृष्ण धराबासीले यो छोटो समयमा नै नेपाली साहित्यक उपन्यास विधाका क्षेत्रमा यति ठूलो योगदान पुऱ्याएका छन् । उनलाई नेपाली साहित्यका क्षेत्रमा मिथकीय साहित्यकारका रूपमा पनि चिन्न सकिन्छ ।

*

## तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक परिचय तथा लैङ्गिक सिद्धान्त

### ३.१ उपन्यास विधाको उद्भव

उपन्यास शब्दले आधुनिक नेपाली साहित्यका विविध विधाहरूमध्ये एउटा नयाँ विधालाई चिनाउँछ । उपन्यासको इतिहास साहित्यका अन्य विधाहरूको जति पुरानो नभए तापनि विश्व साहित्यमा मात्र होइन, आज आएर नेपाली साहित्यमा पनि स्थापित लोकप्रिय विधाको रूपमा गनिएको छ । नेपाली साहित्यको उपन्यास विधा अङ्ग्रेजी साहित्यको 'नोवेल' शब्दको पर्याय विधा हो । "नेपाली साहित्यको उपन्यास विधाको अग्रज विधा 'नोवेल' पनि इटालेली भाषाको नोवेल शब्दबाट लिइएको हो । इटालेली भाषामा 'नोवेल' शब्दले छोटो आख्यान अर्थात बोलीचालीका भाषाका साहसिक तथा अलौकिक प्रेमका कथाहरूको अर्थ वहन गर्दछ । इटालेली 'नोवेल'शब्दचांहि ल्याटिन भाषाको 'नोवस्' तथा नोवलस शब्दबाट लिइएको हो । फ्रान्सेली भाषाको 'नोवेला' शब्द इटालेली 'नोवेल' बाट लिइएको हो । इटालेली भाषामा समाचारलाई जनाउने 'नोवेल'ले फ्रान्सेली भाषामा पुगेर कुनै नयाँ कृतिलाई बोध गराउन पुग्छ । यसरी नयाँ घटनालाई समाचार टिपोटका रूपमा प्रस्तुत गरिने कार्यको सङ्केत गर्ने 'नोवेला' शब्दले केवल घटनाचक्रको सम्प्रेषित गर्दथ्यो । यसरी आजको घटना, वस्तु, पात्र, परिवेश, कौतुहल, द्वन्द्व, उद्देश्य प्रस्तुति आख्यानात्मक साहित्यिक विधा उपन्यास हो ।"

"नेपाली साहित्यमा प्रचलित उपन्यास शब्द 'तत्सम' शब्द हो । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा 'घञ' प्रत्ययसमेत लागेर उपन्यास शब्दको व्युत्पत्ति भएको छ । संस्कृतमा उपन्यासको अर्थ कुनै वस्तु कसैको समीपमा

राख्नु भन्ने हुन्छ ।" संस्कृत साहित्यमा कुशलतापूर्वक कुनै विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भनेर उपन्यास शब्दको प्रयोजनपरक अर्थ पनि लगाइएको छ । जीवनजगत्का यथार्थ पक्षलाई समेटेर समाजका सामु विन्यस्त अर्थात् प्रस्तुत गर्नु नै उपन्यास हो । व्यावहारिक रूपमा हेर्ने हो भने जीवनजगत्को साङ्गोपाङ्गो प्रस्तुति गर्नु नै उपन्यास हो भन्ने सिद्ध हुन्छ ।

साहित्यका अनेक विधाहरूमध्ये एउटा उपन्यास पनि हो । आधुनिक साहित्यमा यसले महत्वपूर्ण ठाउँ ओगटेर सर्वाधिक लोकप्रियता कमाएको छ । "यसको मुख्य कारण हो उपन्यासको रोचकता, बृहत् जीवनको परिचय र सत्याभास । यसले गर्दा उपन्यासको सर्वतोमुखी औचित्यमात्र स्वीकृत भएको होइन जीवन तथा समाजलाई नजिकबाट हेर्ने, विश्लेषण गर्ने र सर्वाङ्गीण चित्र अंकित गर्ने भावाभिव्यक्तिको बाटोमा यो अपेक्षाकृत सशक्त र सक्षम सिद्ध भएको छ । यसको स्वरूपबारे मतभेद पनि साहित्यको प्रतिपाद्य विषय त अन्तत जीवन अथवा समाज नै हो ।"

उपन्यासले आन्तरिक र वाह्य प्रवृत्तिहरूको चित्रण गरेर जीवनलाई नाप्छ र त्यसको मूल्य खोज्छ, समाजलाई ठम्याउँछ र मोड्ने प्रयत्न गर्छ, गतिलाई समाउँछ र दिशा दिन सङ्केत गर्छ । यसरी प्रेरणा दिइरहन्छ । किनभने विज्ञान तथा दर्शनद्वारा प्रतिपादित सत्य नै सम्पूर्ण होइन । वैज्ञानिक तथ्यभन्दा परको सत्यलाई उपन्यासले टिप्छ र त्यस्तै प्रेरित गर्छ । झन्झन् श्रेष्ठतर स्थितिको खोजमा निरन्तर सक्रिय रहनु मनुष्यको स्वभाव हो । यस काममा अरू ज्ञान विज्ञानहरू निश्चय नै सहायक हुन्छन् । यस कारण उपन्यास स्वयं मनुष्यको जीवित विम्व झै लाग्छ । यो इतिहास हो बदलिदै जाने मानव समाज सोहोरिएर कथामा सङ्गृहीत भए जस्तो, यो वर्तमान हो, समसामयिक गतिविधिहरू सामुन्ने नै अन्दोलित अवस्थामा घटिरहेजस्तो, यो भविष्य हो, कुनै उज्यालो भोलिलाई आँखामा बुनेर सम्भावित इंगित गरिरहे

जस्तो, यो संस्कृति हो, युगविशेषको सामाजिक जीवनमा अन्तर्निहित सास्कृतिक वैभव प्रदर्शित भइरहेजस्तो । मनोरञ्जनका साथै शिक्षा पनि दिने चित्रण साथै सिद्धान्त निरूपण गर्ने उपन्यासको महत्व अतुलनीय छ ।

## ३.१.१ उपन्यासको परिभाषा

आधुनिक साहित्यमा उपन्यास नयाँ विधा हो । प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, रिवस्सा, टिप्पणीमूलक समाचार जे अर्थ लागे पनि आधुनिक साहित्यमा उपन्यासको आफ्नो छुट्टै अर्थ छ । उपन्यासलाई पश्चिमा तथा पूर्वका विद्वान्हरूले आ-आफ्ना तवरले परिभाषित गरेको पाइन्छ । जुन यसप्रकार छन् ।

१. "वृहत र वृहत्तर आख्यानात्मक रचनाको प्रस्तुति नै उपन्यास हो ।"
'क्याम्ब्रिज इन्साइक्लोपेडिया'

२. "साहित्यको अठारौँ शतकपछिको गद्यात्मक आख्यानलाई बुझाउँने अभिधात्मक शब्द नै उपन्यास हो । यसमा मानव जीवनजगत्को सर्वाङ्गीण पक्ष समेटिएको हुन्छ ।" ('विश्वयुनिभर्सिटी इन्साइक्लोपेडिया')

३. "उपन्यास यस्तो विशाल कल्पित गद्य आख्यान हो, जसमा एउटै कथानक अन्तर्गत यथार्थ जनजीवनको निरूपणको प्रयास गर्ने चरित्र तथा तिनीहरूको क्रियाकलापको चित्रण हुन्छ ।" ('न्यू इन्टरनेशनल डिक्सनरी')

४. "उपन्यास त्यो हो जसमा काल्पनिक तथा धेरै लामो कथ्य धेरै पात्रहरू जीवनको विविध पक्षको चित्रण हुन्छ ।" ('हिन्दी शब्दकोश')

५. "उपन्यास धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहितियक तथा चरित्रप्रधान गद्य महाकाव्य हो ।" (वृहत् शब्दकोश)

६. "उपन्यास गद्यमा रचिएको दीर्घ कलेवर भएको कथात्मक साहित्यिक रूप हो ।" (बस्नेत, २०६१) ('नेपाली साहित्य कोश')

७. “उपन्यास काल्पनिक पात्रको जीवन हरेक अङ्गमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्य कथा हो ।” (‘नेपाली शब्द सागर’)

प्राचीनकालमा छोटाछोटा खिस्साहरू पनि उपन्यासको कोटिमा पर्ने भए तापनि अर्वाचीन कालमा भने यसले महाकाव्य समकक्षी कृति नै उपन्यास हो भन्ने निष्कर्ष माथि उल्लिखित शब्दकोशीय परिभाषाबाट स्पष्ट हुन्छ ।

उपन्यासलाई पूर्वीय र पाश्चात्य विद्वानहरूले पनि उपन्यासको परिभाषा गरेका छन्, जुन निम्नलिखित छन् ।

१. “उपन्यास सुखान्त गद्य महाकाव्य हो ।” (फिल्डिङ्ग, सन् १९९६)

२. “उपन्यास कला नै त्यो पहिलो साहित्यिक कला हो जसले मानव जीवनको सम्पूर्ण अङ्गको अभिव्यक्ति गर्ने प्रयास गर्दछ ।” (कक्स, सन्, १०६९)

३. “म उपन्यासलाई मानव चरित्रको चित्रणमात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोल्नु उपन्यासको मूल उद्देश्य हो ।” (बस्नेत र आचार्य, २०६३)

४. “पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।” (सुवेदी, २०५३)

५. “उपन्यास जीवन र जगत्प्रतिको एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक महत्वपूर्ण मनुष्य जीवित संसार हो”। (प्रधान, २०६१)

६. “बहुविध संरचनात्मक एकाइहरूद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलावद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।”(बस्नेत र आचार्य, २०६३)

उपन्यास काल्पनिक पात्रको कार्य व्यापारद्वारा यथार्थ घटनालाई व्यवस्थित र श्रृङ्खलित रूपमा विविध संरचनात्मक एकाइहरू संगठित गरिएको ठूलो आयाम विस्तृत आख्यान समेटिएको जीवनजगत्को साङ्गोपाङ्गो चित्रण भएको समय सान्दर्भिक रूपमा परिवर्तित र परिष्कृत महाकाव्य समकक्षी गद्य भाषामा लेखिने आख्यानात्मक साहित्यिक विधा हो ।

## ३.१.२ उपन्यासको विधागत स्वरूप

उपन्यास आधुनिक साहित्यको कान्छो विधा भएर पनि यो एउटा छुट्टै र नवीन विधा हो भन्ने कुरामा यसको साहित्यका अन्य विधासँगको समानता र असमानताबाटै स्पष्ट हुन्छ । आधुनिक साहित्यका अन्य विधामा जस्तै उपन्यासको आफ्नो अलग्गै विधागत स्वरूप अर्थात रूपविधान छ । उपन्यास समय सान्दर्भिक परिवर्तित विकसित हुँदै विकास भएको लचिलो साहित्यिक विधा हो । उपन्यासमा एउटा मूल आख्यानलाई अघि बढाउन सहायक आख्यानको समावेश गरिएको हुन्छ । उपन्यासको रूपविधानमा विधागत मौलिकता पाउन सकिन्छ । विधातत्वको आधारमा महाकाव्य र उपन्यास बृहत् आयामका साहित्यिक विधा हुन् । यी दुईबीचमा धेरै समानता भए पनि महाकाव्य पद्यमय विधा हो । यो सम्भ्रान्त वर्गको साहित्य हो । यसको विपरीत उपन्यासको भाषा गद्यमय हुन्छ । महाकाव्य बुढो र पुरानो साहित्यिक विधा हो भने उपन्यास नयाँ र कान्छो विधा हो । उपन्यासलाई विद्वान्हरू आधुनिक गद्य महाकाव्य भन्न थालेका छन् ।

उपन्यास लचिलो र विकासशील साहित्यिक विधा भएकोले यसमा समय सान्दर्भिक नयाँ नयाँ प्रयोग गरिएको पाइन्छ । तर पनि यो रूपहीन भने हुँदैन । यसर्थ उपन्यास निश्चित सिद्धान्त र मान्यतालाई अस्वीकार गर्दै खुला आकाशमा स्वतन्त्र रूपमा अघि बढ्न चाहने साहित्यिक विधाको रूपमा देखा पर्दछ । निश्चित उद्देश्य प्राप्तिका लागि निश्चित परिवेशलाई घटना वर्णनात्मक तथा उपन्यासकारको

निजी शैलीमा घटना तथा काल्पनिक पात्रको रोचक आख्यानात्मक प्रस्तुति नै उपन्यासको खास विधागत स्वरूप देखिन आउँछ ।"

### ३.१.३ उपन्यास रचनामा आधारभूत तत्वहरू

उपन्यासमा अनेकौ स्वरूप र विषयगत विविधता र विभिन्नता रहे पनि विद्वान्हरूले गरेका परिभाषामा एकमत नदेखिए पनि कुनै तत्वहरूले घटिबढी हुनु नहुनु जस्ता असमानताभित्र केही समान वस्तुको अपेक्षा गरिन्छ । त्यहाँ कुनै न कुनै अवश्य हुन्छ कथानकको वनोटमा कल्पनाको निश्चय नै सहायता लिइन्छ । साना-ठूला, सम्भव-असम्भव घटनाहरूका केही न केही श्रृङ्खला हुन्छन् । मनुष्य होस् वा मनुष्येत्तर प्राणी पात्रहरू हिडडुल गर्छन् । पारस्परिक विद्वेषबाट सृष्टि भएको होस् वा मानसिक द्वन्द्वबाट अथवा असमान वर्गबीच तर संघर्ष विद्यमान हुन्छन् । उपन्यासको अनेकौँ स्वरूप र विषयगत भिन्नता पाइन्छन् । उपन्यास रचनामा आधारभूत तत्वका बारेमा सबै विद्वान्हरू एकमत छैनन् । त्यसरी हेर्दा **कृष्णचन्द्रसिंह प्रधान**ले उपन्यास संरचनाका आधारभूत तत्वका रूपमा निम्न तत्वहरू औल्याएका छन् :

१. कथानक

२. पात्र/चरित्र

३. कथोपकथन

४. शैली

५. भाषा

६. वातावरण

७. उद्देश्य

त्यसैगरी उपन्यास संरचनाका तत्वका रूपमा **ऋषिराज बराल**ले निम्न तत्वहरू समावेश गरेका छन् ।

१. कथानक

२. चरित्र

३. विचार

४. दृष्टिविन्दु

५. भाषाशैली

६. परिवेश

त्यस्तै समीक्षक **राजेन्द्र सुवेदी**का अनुसार उपन्यास संरचनाका निम्न तत्वहरू ठहऱ्याएका छन् ।

१. वस्तु

२. चरित्र

३. कथोपकथन

४. द्वन्द्व

५. परिवेश

६. विचार

उपन्यास परम्परामा प्राय सबै अध्येताहरूले कथावस्तु, पात्र तथा चरित्र, संवाद, परिवेश, भाषाशैली र उद्देश्यलाई विधातत्वको रूपमा लिइएको पाइन्छ । यहाँ विभिन्न विद्वान्हरूको विचारहरूलाई मनन गर्दै उपन्यास संरचनाका लागि आवश्यक ठहऱ्याइएका तत्वहरू निम्नानुसार रहेका छन् ।

१. कथावस्तु

२. चरित्रचित्रण

३. परिवेश

४. भाषाशैली

५. उद्देश्य वा जीवनदर्शन

उपन्यासमा यी ५ वटा मूलतत्व र अन्य तलका सहायक तत्वको रूपमा लिन सकिन्छ ।

६. कौतुहल

७. द्वन्द्व

८. कथोपकथन वा संवाद

९. दृष्टिविन्दु

यसरी सम्पूर्ण तत्वहरूको बारेमा उपन्यासलाई चाहिने आवश्यक प्रकरणहरू छोटकरीमा चर्चा गरिन्छ ।

**कथावस्तु**

कथावस्तु व्यक्ति तथा समाजमा घटेका घटनाहरूको उपन्यासमा योजनावद्ध तथा संगठित रूपान्तरण हो । यसमा चरित्रले घटाएका घटना उपन्यासकारका चिन्तन मनन र कल्पनामा समाविष्ट हुन्छन् । कथावस्तु उपन्यासको कच्चा सामग्री हो । यसलाई संगठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ सामान्यतः कथावस्तुको विकास आदि, मध्य र अन्त्यको ढाँचामा हुन्छ तर आधुनिक उपन्यासमा यसको विकास सरल रैखिक र वृत्तकारीय ढाँचामा हुन्छ । बदलिंदो चिन्तनसँग घटनाप्रधान र चरित्रप्रधान गरी २ समूहमा विभाजित भएको पाइन्छ ।

**चरित्रचित्रण**

उपन्यासमा देखिने मानवीय वा मानवेत्तर प्राणीलाई चरित्र भनिन्छ । चरित्रलाई पात्र पनि भनिन्छ । उपन्यासमा चरित्रको भूमिका देखाउने ढङ्गलाई चरित्र

चित्रण भनिन्छ । अर्को अर्थमा पात्रको संवाद तथा कार्य व्यापारलाई चरित्रचित्रण भनिन्छ । चरित्र आख्यानको प्रतिनिधि व्यक्ति हो । आधुनिक उपन्यासमा कथावस्तुको भन्दा चरित्रको महत्व सर्वोपरी मानिन्छ । सामान्यतः पात्रहरूलाई प्रमुख, सहायक र गौंण पात्रमा विभाजन गरिन्छ । त्यस्तै गोला तथा च्याप्टा पात्र, अन्तर्मुखी तथा बहिर्मुखी पात्र, दृश्य तथा अदृश्य पात्र, यथार्थ तथा आदर्शपात्र, सार्वभौम तथा आञ्चलिक पात्र, पारस्परिक र मौलिक पात्रमा पनि वर्गीकरण गरिएको पाइन्छ । लिङ्गका आधारमा स्त्री र पुरूष, प्रवृत्तिका आधारका सत् तथा असत् पात्र, स्वभावका आधारमा गतिशील र स्थिर पात्रको रूपमा वर्गीकरण गरिन्छ ।

**परिवेश**

उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, समय र वातावरण अथवा घटनाहरू घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ । परिवेशभित्र देशकाल, वातवरण र तत्व पर्दछन् । उपन्यासको परिवेश अर्थात देशकाल, देशकाल र वातावरण समय र स्थान सीमा हो यसैअन्तर्गत उपन्यासले आफ्नो आधारभूमि सिर्जना गर्दछ । परिवेशलाई आन्तरिक तथा वाह्य गरी दुई भागमा वर्गीकरण गरिन्छ । आन्तरिक परिवेशमा व्यक्तिको वैयक्तिक मनोजगत् पर्दछ र वाह्य परिवेशमा सामाजिक, राजनैतिक तथा प्राकृतिक पर्दछन् ।

**भाषाशैली**

भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो । भाषामा यही कारणले वाङमय र अन्य कलालाई छुट्याउँछ । भाषाले उपन्यासका सबै तत्वहरूलाई संगठित गर्दछ । शैली भाषाका माध्यमले गरिने अभिव्यक्तिको निजी तरिका हो । आधुनिक अपन्यासको भाषामा नयाँ नयाँ शैलीको प्रयोग भएको देखिन्छ । वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, नाटकीय पात्रहरू दैनिकी तथा चेतनाप्रवाह शैलीको प्रयोग हुनु आधुनिक उपन्यासको भाषाशैलीगत पहिचान हो ।

**उद्देश्य**

विना उद्देश्य उपन्यासको मात्र होइन कुनै पनि साहित्यको रचना हुँदैन । उपन्यासमा प्रत्यक्ष आरोपित होस् वा नहोस् उपन्यासकारको उपन्यास लेखनको कुनै न कुनै उद्देश्य हुन्छ । उपन्यासको विषयअनुसार पाठकलाई आनन्द तथा मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु, आर्थिक लाभ गर्नु, समाजलाई चेतनशील बनाएर परिवर्तनको बाटोमा डोऱ्याउनु उपन्यास लेखनको उद्देश्य हो ।

**कौतुहल**

कौतुहलले कथानकलाई प्रभावकारी मात्र बनाउँदैन यसले कृति पढ्न पाठकलाई बाध्य पनि बनाउँछ । उपन्यास लेखनको सफलता असफलता यसमा समाविष्ट कौतुहलमा पनि निर्भर रहन्छ ।

**द्वन्द्व**

कथानकलाई अघि बढाउन यसमा पात्रबीचको द्वन्द्वले महत्वपूर्ण भूमिका खेल्दछ । कथानकको र चरित्रको साझा उपतत्व द्वन्द्व पनि हो ।

**कथोपकथन**

कथोपकथन चरित्रचित्रणको महत्वपूर्ण सहायक तत्व हो । यसले उपन्यासलाई सुरूदेखि अन्त्यसम्म सक्रिय बनाउँछ । यसले उपन्यासलाई रोचक तथा मञ्चनीय बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

**दृष्टिविन्दु**

यो उपन्यासको सहायक महत्वपूर्ण तत्व हो । आधुनिक दार्शनिक उपन्यासमा यसको महत्वपूर्ण स्थान छ । उपन्यासमा कथावाचकको स्थानलाई नै दृष्टिविन्दु भनिन्छ । उपन्यासकारले कुनै पात्रका माध्यमद्वारा वा स्वयम् आख्यान प्रस्तुत गर्दछ । उपन्यासमा दृष्टिविन्दु दुई प्रकारको रहेको हुन्छ । आन्तरिक तथा

प्रथम पुरूष दृष्टिविन्दु र वाह्य तथा तृतीयपुरूष दृष्टिविन्दु । उपन्यासकार म का माध्यमबाट कथावस्तु प्रदर्शन गर्दछ भने त्यो प्रथमपुरूष दृष्टिविन्दु र उपन्यासकार घटनाभन्दा पृथक रहेर पात्रका माध्यमले आख्यान प्रस्तुत गर्दछ भने तृतीय पुरूष दृष्टिविन्दु हो । यसै आधारमा उपन्यासको दृष्टिविन्दु छुट्याइन्छ ।

यी सम्पूर्ण तत्वहरूको संयोजनबाट नै उपन्यास तयार हुन्छ । यही आधारमा उपन्यासको विश्लेषण गरिन्छ ।

## ३.१.४ उपन्यासको प्रकारगत वर्गीकरण

उपन्यास आधुनिक साहित्यको नयाँ विधा हो । यसको इतिहास छोटो भएर पनि बहुलता पाउन सकिन्छ । विभिन्न तत्वहरूले उपन्यासलाई विभिन्न स्वरूप र पहिचान प्रदान गर्दछन् । यिनै आधारमा उपन्यासको वर्गीकरण गरिएको पाइन्छ । प्रथमत : उपन्यासलाई साहित्यिक परम्परामा मूल्य राख्ने र सस्ता मनोरञ्जनका गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

साहित्यिक मूल्य मान्यता र प्रवृत्तिका आधारमा वर्गीकृत गर्न सकिन्छ । कथानकको आधारमा, भाषाशैलीका आधारमा, विषयवस्तुको स्रोतका आधारमा वर्गीकरण गरेर हेर्न सकिन्छ । यसलाई निम्नानुसार विभाजन गरिएको छ ।

### कथानकको आधारमा उपन्यासको वर्गीकरण

कथानक उपन्यासको महत्वपूर्ण तत्वमात्र होइन प्राण नै हो । यसको योजना र प्रधानताको आधारमा उपन्यासलाई निम्नअनुसार उपवर्गमा वर्गीकरण गरिएको छ ।

### घटनाप्रधान उपन्यास

घटनाप्रधान उपन्यासमा व्यक्ति तथा सामाजिक जीवनमा घट्ने घटनाहरूको वर्णन र विवरणलाई बढी जोड दिइएको हुन्छ ।

**चरित्रप्रधान उपन्यास**

उपन्यासमा घटनाको सङ्गठित वर्णन र विस्तारमा भन्दा चरित्रचित्रणमा बढी जोड दिइन्छ ।

**घटना र चरित्रमिश्रित उपन्यास**

एउटै उपन्यासमा कतै घटनाको प्रधानता र कतै चरित्रको प्रधानता रहन्छ भने त्यस्तो उपन्यासलाई मिश्रित प्रकारको उपन्यासमा राख्न सकिन्छ ।

**प्रणयप्रधान उपन्यास**

उपन्यासमा घटना र चरित्र उतिकै सवल भएर पनि प्रेम प्रणय सन्दर्भ र प्रणयजन्य भावकेन्द्रित रहन्छ भने त्यस्ता उपन्यासलाई प्रणयप्रधान उपन्यास भनिन्छ ।

**शैलीका आधारमा उपन्यासको वर्गीकरण**

शैली उपन्यासकारको निजी पहिचान हो । आधुनिक उपन्यासको वर्गीकरणसँगै नयाँ-नयाँ उपन्यास लेखिन थालेका छन् । शैलीका आधारमा उपन्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

**वर्णनात्मक उपन्यास**

उपन्यासमा उपन्यासकारले घटना, पात्र र परिवेशलाई सिलसिलाबद्ध रूपमा वर्णन गर्दछ भने त्यस्तो उपन्यासलाई वर्णनात्मक उपन्यास भनिन्छ

**आत्मकथात्मक उपन्यास**

आत्मकथात्मक शैलीमा लेखिएको उपन्यासमा यसको समाख्याता पात्रले उपन्यासमा समेटिएका घटनालाई म सर्वनामको माध्यमबाट आफ्नै जीवनमा घटेका घटना जस्तो गरी प्रथमपुरूष दृष्टिविन्दुमा भन्दै गएको हुन्छ ।

**पत्रात्मक शैलीका उपन्यास**

पत्रात्मक शैलीका उपन्यासमा पात्रले पत्रमार्फत कथानकलाई अघि बढाउछ । यस्तो शैलीको उपन्यासमा सम्पूर्ण औपन्यासिक घटना कार्यव्यापार र चरित्रचित्रण पात्रकै आधारमा निर्धारित हुन्छन् ।

**दैनिकी शैलीको उपन्यास**

उपन्यासमा प्रमुख पात्रका माध्यमबाट सङ्गठित घटनालाई दिन- दिनको टिपोटको रूपमा प्रस्तुत गरिएको छ भने त्यस्तो उपन्यास नै दैनिकी शैलीको उपन्यास हो ।

**नाटकीय उपन्यास**

घटना र चरित्र एकअर्कामा निर्भर रहेर उपन्यासमा चरित्रले संवादका माध्यमबाट कथानकलाई अघि बढाएको छ भने त्यस्तो उपन्यासलाई नाटकीय उपन्यास भनिन्छ ।

**चेतनाप्रवाह शैलीका उपन्यास**

पात्रको असङ्गत कल्पनामा चेतनाको सोझो प्रस्तुतिद्वारा उसको स्वभावको विश्लेषण गरी लेखिएको उपन्यासलाई चेतनाप्रवाह शैलीको उपन्यासमा वर्गीकरण गरिन्छ ।

**विषयवस्तका आधारमा उपन्यासको वर्गीकरण**

विषयवस्तु उपन्यासको कच्चा सामग्री हो । यसको सङ्गठित रूप नै उपन्यासको कच्चा सामग्री हो । उपन्यासमा वर्णित विषयवस्तुको स्रोतको आधारमा उपन्यासलाई निम्न वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

**साहसिक तथा जासूसी उपन्यास**

स्वैरकल्पनात्मक विषयवस्तुमा तथा जासूसी उपन्यास लेखिन्छन् । रहस्य, रोमाञ्च, दैवी चमत्कार, साहसिक कार्य, तिलस्मी, जादू आदि घटनाको प्राधान्य रहेको उपन्यास साहसिक उपन्यासको वर्गमा पर्छ ।

**पौराणिक तथा मिथकीय उपन्यास**

परापूर्वकालमा मानवीय स्वभाव तथा कार्यहरूको वर्णन गरिएका उपन्यास पौराणिक तथा मिथकीय उपन्यास हुन् ।

**ऐतिहासिक उपन्यास**

इतिहासको कुनै कालखण्डमा घटित घटनाबाट विषयवस्तु लिएर लेखिएको आधुनिक उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ ।

**सामाजिक उपन्यास**

समाजका सास्कृतिक, धार्मिक, आर्थिक, राजनैतिक, सत्य तथ्य घटनालाई विषयवस्तु बनाएर लेखिएको उपन्यास सामाजिक उपन्यास हो ।

**आञ्चलिक उपन्यास**

स्थानीय परिवेशलाई समेटेर लेखिएको उपन्यास आञ्चलिक हुन् । सानो क्षेत्रमा वर्णित भूबनौट, स्थानीय परम्परा, संस्कार, जीविकोपार्जन आदिले विशेष महत्व पाउँछ ।

**मनोवैज्ञानिक उपन्यास**

उपन्यासको कथावस्तुको रूपमा पात्रको आन्तरिक मनोजगत्को चित्रण गरिएको उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ । यस्तो उपन्यासमा कथावस्तु पात्रको सामान्य मनोजगत् तथा यौन मनोजगत्बाट टिपिन्छ ।

**विज्ञानमूलक उपन्यास**

आधुनिक युगमा विज्ञानले गरेको चमत्कारिक घटनालाई कथावस्तुका रूपमा समेटेर लेखिएको उपन्यास, विज्ञानमूलक उपन्यास हुन् ।

**जीवनीमूलक उपन्यास**

जीवनीमूलक उपन्यासमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा ख्याती प्राप्त व्यक्तित्वका जीवनमा घटेका घटनालाई विषयवस्तु बनाइएका हुन्छ ।

## ३.१.५ नेपाली उपन्यासको विकासप्रक्रिया

**प्राथमिक काल (वि.स. १८२७-१९४५ सम्म)**

नेपाली उपन्यासको इतिहास खोज्दै जाँदा शक्तिवल्लभ अर्यालको महाभारत विराटपर्व गद्याख्यानसम्म पुग्ने चलन छ । यहाँबाट सुरू भएको उपन्यासको प्राथमिक काल वीरसिक्काको प्रकाशन १९४६ सम्म तन्किएको छ । नेपाल एकीकरणको अभियानसँगै विकास भएको नेपाली भाषा र साहित्यले यही अवधिका प्रथम थुङ्गा फक्रने अवसर प्राप्त गऱ्यो । यसपछिका दिनहरूमा नेपाली गद्य तथा पद्य दुवै विधामा सिर्जना गर्ने तीब्र रूपमा अघि बढ्यो । यस कालखण्डमा मौलिक आख्यान सिर्जनाको कमी देखिए तापनि गद्यलेखन र टीकालेखनमा भने समय सापेक्ष उल्लेख्य प्रगति भएको देखिन्छ । नेपाली उपन्यास परम्पराको पृष्ठभूमिकालको अन्त्य गर्दै शक्तिवल्लभ अर्यालको महाभारत विराट्पर्वले प्राथमिककालीन गद्याख्यानको सुरूवात् गरे पनि यसले जङ्गबहादुरको ‘वेलायत यात्रा’ यात्रा विवरण कुरामा प्रायः सबै विद्वान् सहमत छन् ।

**माध्यमिक काल (वि.सं.१९४६-१९९० सम्म)**

नेपाली गद्याख्यान परम्मरामा माध्यमिक कालको आरम्भ शिवदत्त शर्माकृत वीरसिक्का (१९४६) बाट शुरू भएको हो । संस्कृतवाट अनुवाद गरिएको

भएर पनि यसमा नेपाली जनजीवनका व्यावहारिक वस्तु समेटिएकाले यसले प्रारम्भिककालीन गद्याख्यान परम्परालाई तोड्दै मध्यकालको सूत्रपात गर्ने कृति मानिन्छ । यो साहसिक, रोमाञ्चक वीरतापूर्वक तिलस्मी, जासूसी प्रकृतिको कथामाला हो । यसले समाजमा नैतिक शिक्षा प्रदान गर्ने कार्य गरेको छ । नेपाली माध्यमिक गद्यआख्यानहरूमा दुई प्रकारका रचना गरिएका छन् । पहिलो प्रकारका रचनामा धार्मिक तथा बौद्धिक पौराणिक सङ्केतका ग्रन्थबाट गद्यानुवाद गरिएका र नैतिक शिक्षा तथा उपदेश दिने गद्याख्यान र दोस्रो प्रकारका रचनामा विभिन्न भाषाका स्रोतबाट अनुवाद गरिएका रमाख्यान तथा प्रेमाख्यान गद्याख्यान पर्दछन् । माध्यमिककालीन गद्याख्यानलाई देश तथा विदेशमा प्रकाशित साहित्यिक पत्रिकाहरूले मलजल गरी नेपाली उपन्यास परम्परालाई फलाउने फुलाउने कार्य गरेका छन् । माध्यमिक गद्याख्यान सुरूवात् वीरसिक्काले गरेपछि यसलाई सुमती र रूपमती उपन्यासले समापन गर्दैं आधुनिक उपन्यास प्रारम्भ गर्ने सौभाग्य प्राप्त गरे ।

**आधुनिक नेपाली उपन्यासको विकासप्रक्रिया (वि.स. १९९१ देखि हालसम्म)**

पाश्चात्य साहित्यका नयाँ विधाको रूपमा उदय भएको आधुनिक उपन्यासको इतिहास धेरै पुरानो छैन । युरोपेली भूमिमा रमाइला छोटो खिस्साबाट सुरू भएको उपन्यास अठारौँ शतकमा विकास भएको हो । अङ्ग्रेजी साहित्य, हिन्दी, वंगाली साहित्य हुँदै वीसौं शतकसँगै सुरू भएको आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि पनि झण्डै पाश्चात्य साहित्य जस्तै छ ।

वि.सं. १८२७ को शक्तिवल्भ अर्यालको महाभारत विराटपर्व गद्याख्यानबाट सुरू हुदै माध्यमिक काल शिवदत्त शर्माकृत काल मै १९९१ सालमा रूद्रराज पाण्डेको रूपमती उपन्यासले आधुनिकता भित्र्याएको पाइन्छ । आधुनिक काललाई पनि विभिन्न मोडमा विभाजन गरिएको छ ।

## आदर्शवादी धारा

आधुनिक नेपाली उपन्यासको श्रीगणेश आदर्शवादी धाराबाटै भएको हो । यसमा सामाजिक कथावस्तुको चयन गरिएका भए पनि काल्पनिक आदर्शको बढी प्रयोग भएको पाइन्छ । आदर्शवादी धाराको थालनी रूद्रराज पाण्डेको रूपमती र विष्णुचरण श्रेष्ठको सुमती (१९९१) दुबै उपन्यासमा नैतिक तथा सत्पात्रको विजय र अनैतिक तथा असत् पात्रको पराजय र सत्यको बाटो अनुसरण गरिएका कृतिहरू हुन्, सामाजिक कथावस्तुको चयन गरिएका भए पनि काल्पनिक आदर्शको बढी व्याख्या भएको पाइन्छ । समाजलाई दैवी नियतमा निर्भर राख्नु, अनुकरणीय तथा अनुपम चरित्रको सिर्जना गरी पथभ्रष्ट पात्रहरूलाई सफल तथा अनुकरणीय पात्रको अनुकरण गर्न बाध्य बनाउनु आदि प्रवृत्तिहरू रहेका छन् ।

## स्वच्छन्दतावादी धारा

स्वच्छन्दतावादी धारा आधुनिक नेपाली उपन्यासको दोस्रो उपलब्धि हो । विश्व साहित्यमा स्वच्छन्दतावादी चिन्तन पहिले काव्यमा आए पनि यसले आख्यान विधामा प्रवेश गऱ्यो । कथ्यको वस्तुपक्षलाई वेवास्ता गरी मानवपक्षलाई बढी जोड दिएर लेखिएको पाइन्छ । आधुनिक नेपाली उपन्यास परम्परामा वि.स. १९९३ मा भ्रमर उपन्यास लेखेपछि स्वच्छन्दतावादले प्रवेश पाएको हो । कथ्यको वस्तुपक्षलाई वेवास्ता गरी भाव पक्षलाई जोड दिनु, वैयक्तिक वस्तुपक्षलाई सामाजिक पक्षभन्दा बढी जोड दिनु, सहज र स्वच्छन्द रूपमा प्राकृतिक सौन्दर्यको वर्णन गर्नु र मानवीय रहस्यलाई स्थापित गर्नु, स्वतन्त्रताको चाहना, परिवर्तन र क्रान्तिलाई जोड दिदै बन्धनमुक्त समाजको कल्पना गर्नु, सुन्दर प्रकृतिमा रम्दै स्वतः स्फूर्त प्रेम र हार्दिक संवेगलाई विशेष जोड दिनु आदि प्रवृत्तिहरू रहेका छन् ।

**सामाजिक यथार्थवादी धारा**

आधुनिक नेपाली उपन्यासको विकासक्रमलाई हेर्दा यसले समाजको यथार्थ विषयवस्तुलाई समेटेर सामाजिक यथार्थवादको रूपमा आधुनिक उपन्यासको विकासको तेस्रो खुड्किलो भएर आएको छ। समाजमा घटेका र घट्ने यथार्थ घटना र परिस्थितिको चित्रणमा जोड दिंदै लेखिएको उपन्यास सामाजिक यथार्थवादी धारामा पर्दछ । सामाजिक यथार्थवादका रूपमा आधुनिक उपन्यासको विकासको तेस्रो खुट्किलो लैनसिंह वाङ्देलको मुलुकबाहिर उपन्याससँगै पार गऱ्यो । सामाजिक उपन्यासका प्रवृत्तिहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ । समाजका घटेका र घट्ने यथार्थ घटना र परिस्थितिको चित्रणमा जोड दिनु, समकालीन स्थानीय समाजको दृश्यको संयोजन गर्नु, सामान्यतः महत्वहीन ठानिएका घटना, पात्र र स्थानको सूक्ष्म प्रस्तुति र व्याख्या विश्लेषणमा जोड दिनु, स्थानीय भाषिक अर्थात कथ्य भाषाको दुरूस्त प्रस्तुत गर्नु, ऐनाका रूपमा समाजलाई हुबहु प्रस्तुत गर्नु आदि प्रवृत्तिहरू रहेका छन् ।

**मनोविश्लेषणवादी धारा**

सामाजिक वस्तुजगत्लाई अस्वीकार गरी मनोजगत्को चित्रण गर्नु यस धाराको प्रमुख विशेषता हो । सामान्य मनोविज्ञान र यौन मनोविज्ञान दुवैलाई प्राथमिकता दिदै चेतन र अचेतन मनका बीचमा द्वन्द्व देखाउनु नै प्रमुख विशेषता हुन् । मनोविश्लेषवादी सिद्धान्तका आधारमा वैयक्तिक चरित्रको चित्रण गरी लेखिएको गोविन्दबहादुर मल्ल गोठालेको पल्लो घरको झ्याल उपन्याससँग आधुनिक नेपाली उपन्यासको मनोविश्लेषणवादी मोड सुरू हुन्छ। सामाजिक वस्तुजगतलाई अस्वीकार गरी मनोजगत्को चित्रण गर्नु, सामान्य मनोविज्ञान र यौन मनोविज्ञानलाई चित्रण गर्नु, चेतन र अचेतन मनका बीच द्वन्द्व देखाउनु र मानवीय प्रवृत्तिलाई भन्दा पाशविक प्रवृत्तिलाई प्राथमिकता दिनु, व्यक्तिको मनोदशा चित्रण गर्दैं मानसिक

कुण्ठा, अतृप्ति, दमित काम वासनाको खुलेर चित्रण गर्नु, सामाजिक वातावरणले व्यक्तिमा पार्ने प्रभावको चित्रण गर्नु यसका विशेषता हुन् ।

**विसङ्गतिवादी अस्तित्ववादी धारा**

मनोविश्लेषणवादी धारामा उपन्यासमा जस्तै सामाजिक कथ्यलाई अस्वीकार गरी वैयक्तिक मनोजगत्का कुण्ठा र जिजीविषालाई आत्मसात् गरेको उपन्यास विसङ्गतिवादी अस्तित्ववादी धाराभित्र पर्दछन् । जीवनको निस्सारता र शून्यताको अभिव्यक्ति व्यक्त गर्नु नै यस धाराको मुख्य विशेषता हो । इन्द्रबहादुर राईको आज रमिता छ (२०२१) बाट विसंगतिवादी धाराको उदय भएको हो र पारिजातको शिरीषको फूल (२०२१) बाट अस्तित्ववादी धाराको उदय भएको हो । सामाजिक विषयवस्तुलाई वेवास्ता गर्दै वैयक्तिक विषयलाई स्वीकार्नु, जीवनको निरन्तरता र शून्यताको अभिव्यक्ति व्यक्त गर्नु, समाजिक सस्कार, नैतिक मूल्य र मान्यतालाई अस्वीकार गर्दै व्यक्ति सत्तालाई सर्वेसर्वा मान्नु, जीवनजगत् मानवीय इच्छा आकाङ्क्षा जीवनमरण केही कुराबीच सङ्गति नदेख्नु र निस्वार्थ ठान्नु, विश्रृङ्खल भाषा र शैलीको प्रयोग गर्न चाहनु आदि रहेका छन् ।

**आलोचनात्मक यथार्थवादी र समाजवादी धारा**

आधुनिक नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी धारालाई प्रगतिवादी धारा अर्थात समाजवादी यथार्थवादी धाराको पृष्ठभूमिका रूपमा लिन सकिन्छ । सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्दै त्यसप्रति आलोचना गर्नु जातीय, आर्थिक, सामाजिक भेदभावको विरोध गर्दै समाज सुधारको सन्देश दिनु यस धाराको मुख्य विशेषता हो । नेपाली उपन्यास परम्परामा समाजवादी यथार्थवादी धाराको प्रवर्तन गर्ने कृति हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' (२०११) नै हो । सामाजिक विकृति र विसङ्गतिको चित्रण गर्दै त्यसप्रति आलोचना गर्नु, समाजलाई पतनको बाटोमा लैजाने कारक तत्व पत्ता लगाउनु, जातीय, आर्थिक, सामाजिक

भेदभावको विरोध गर्नु, स्वतन्त्र चाहना राख्दै यसका तगाराहरू भत्काउन जनतालाई प्रेरित गर्नु, मार्क्सवादका आधारभूत सिद्धान्त र द्वन्द्वात्मक भौतिकवादलाई साहित्यको आधार मान्नु आदि रहेका छन् ।

**प्रयोगवादी धारा**

आधुनिक नेपाली उपन्यास परम्परामा पनि विश्व औपन्यासिक परम्मरामा जस्तै नयाँ नयाँ प्रयोगहरू देखिएका छन् । नेपाली उपन्यासको आधुनिकताको दोस्रो चरण वा मोडसँगै प्रयोगवादी धाराको अस्तित्व देखा परेको हो । परम्परागतभन्दा भिन्न नवीन कथ्य संरचना आदिको प्रयोग गर्ने परम्परा नै प्रयोगवाद हो ।

प्राचीन आख्यान परम्परा युरोपबाट विकास भएको भए पनि आधुनिक उपन्यास एसियाको जापानमा जन्मियो । वेलायतमा हुर्कियो त्यहाँबाट संसारभरि प्रचलित भयो । नेपाली साहित्यमा आधुनिकतातर्फ यसले विदेशी आख्यानको पूरै भर पर्नु परे पनि आधुनिक कालमा यसले आफ्नै मौलिक स्वरूप तथा संरचनाका साथ फल्ने फुल्ने मौका पायो । नेपाली उपन्यास परम्परामा इन्द्रबहादुर राई 'आज रमिता छ' (२०२१), पारिजातको 'शिरीषको फूल' (२०२२), ध्रुवचन्द्र गौतमको उपसंहार अर्थात चौथो अन्त्य (२०४८), शंकर कोइरालाको खैरेनीघाट, मञ्जुलको छेकुडोल्पा ( २०२६) आदि उपन्यासकारहरूबाट प्रयोगवादी उपन्यास परम्पराको प्रर्वद्धन भई आएको देखिन्छ, यी धाराहरू प्रयोगवादकै रूपमा आएका छन् ।

## ३.२ लैङ्गिकताको सैद्धान्तिक प्रारूप

### ३.२.१ लैङ्गिकताको परिचय

लैङ्गिकता समाज, परिवार, समय, ठाउँ, जाति, वर्ग, धर्मअनुसार यो भिन्नभिन्नै रूपको हुन्छ यो मूलतः व्यक्तिको मनोविज्ञानसित सम्बन्धित हुन्छ । यो

प्राकृतिक सत्य नभई सामाजिकीकरणको प्रक्रियासँगसँगै मानवमनम पछि जोडिन आएको हो यसलाई मानवले जुनबेला पनि परिवर्तन गर्न सक्छ (पाण्डे, २०६९:९) ।

मान्छे प्रकृतिको सर्वश्रेष्ठ सिर्जना हो । सृष्टिको वरदान नै मान्छे हो । मान्छे अर्थात् मानव अस्तित्वका दुई पृथक स्वरूपका रूपमा महिला मान्छे र पुरूष मान्छे रहेका छन् । शारीरिक बनावटका दृष्टिले यी दुई परस्परमा भिन्न छन् तापनि हैसियत र सम्भावनाका दृष्टिले दुवै समान हुन् । एक भन्दा अर्को सानो वा ठूलो केही पनि होइन दुबै बराबर हुन् । महिला र पुरूषलाई एक भन्दा अर्को फरक शक्ति र फरक हैसियतको अस्तित्व ठान्ने गलत अवधारणा मानवसमाजमा बीजारोपित भएको छ । उक्त गलत संस्कृति मानव समाजको जरामा यसरी फैलिदै र गहिरिदै गयो कि महिला र पुरूषको शारीरिक बनावटमा रहेको भिन्नता जस्तै तिनलाई हेर्ने बुझ्ने भिन्न दृष्टिलाई पनि अपरिवर्तनीय सत्य झैँ ठान्न  थालियो । लैङ्गिक विभेदकारी दोषी दृष्टिलाई अकाट्य सत्य झैँ स्वीकार्दै मान्छे (महिला र पुरूष दुवै) ले आफ्नो विकासको यात्रामा त्यसलाई अटुट रूपमा साथमा च्याप्दै ल्यायो । आज यसरी हामी लैङ्गिकताको विषयमा विश्वव्यापी रूपमा कुरा उठिरहेको सुन्दैछौँ त्यो यथार्थमा महिला र पुरूषबारे समाजमा लैङ्गिक असमानताको मान्यतालाई विस्थापित गरी समानता र समताको अवधारणा प्रतिस्थापित गर्ने प्रयास नै लैङ्गिकता हो । पाण्डेले आफ्नो नेपाली उपन्यासमा लैङ्गिकता पुस्तकमा कमला भासीनको भनाइलाई यसरी प्रस्तुत गरेका छन् ।

लैङ्गिकताले महिला र पुरूषको सामाजिक तथा सांस्कृतिक परिभाषाको बोध   गराउँछ । समाजले महिला र पुरूषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोतसाधन दिन्छ र उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकताको विकास गर्न सिकाउँछ त्यसको बोध गर्नु लैङ्गिकताको अर्थ हो (पाण्डे, २०६९:१-३) । महिला र पुरूषको सामाजिक तथा सास्कृतिक रूपमा लैङ्गिकताका कारण

उनीहरूलाई कस्तो किसिमको मानसिकताको विकास गराउँदछ त्यसलाई बुभ्नु लैङ्गिकता मानिएको छ । अन्त्यमा लैङ्गिकता भनेको महिला र पुरूषको शारीरिक भूमिका तथा विशेषता नभई तिनको सामाजिक-सांस्कृतिक भूमिका र विशेषताको बीच बोध गराउनु मात्र हो । लैङ्गिकता आफैँ उत्पन्न भएको कुरा नभई समाजले बनाइएको नियम हो ।

लैङ्गिक अध्ययनको सुरूवात सामाजिक राजनीतिक कलात्मक तथा ऐतिहासिक भूमिकामा रहेका पुरूषको अध्ययनबाट भएको पाइन्छ । पुरूषको अध्ययन सन् १९८० भन्दा अगाडिनै भइसकेको थियो भने नारीको अध्ययन त्यसपछि प्रारम्भ भएको थियो । सर्वश्रेष्ठ प्राणी भनेर चिनिने मानवमा नयाँ जिज्ञासा पलाइरहनु स्वभाविक भएकाले महिलासम्बन्धी अध्ययन सशक्त बन्दै गएको छ । महिलावादी अनुसन्धानले महिलालाई उच्च प्राथमिकता दिँदै लैङ्गिक समता र समानतामा जोड दिन्छ । महिला र पुरूषबीच समान अधिकार प्राप्त गर्नका लागि विश्वव्यापी रूपमा धेरै सिद्धान्तहरूको विकास गरी विभिन्न प्रयासहरू भइरहेको अवस्थामा पितृसतात्मक विचारधाराले जरो गाडेको अल्पविकसित राष्ट्र नेपालमा अभ्रसम्म पनि महिलाहरू समाजका जुनसुकै कार्यमा समान सहभागिता जनाउन सकिरहेको अवस्था छैन ।

महिला र पुरूषबीच अधिकार प्राप्त गर्नका लागि सैद्धान्तिक प्रयासहरू जारी रहेपनि पुरूषप्रधान समाजमा महिलाले पिल्सिएर रहनु परेको नारीहरूको अवस्थाको समालोचना गर्न यो शोध महत्वपूर्ण रहेको छ । सामाजिक हक अधिकारका दृष्टिले असमान जीवन बाँचिरहेका महिलाहरूलाई सम्पूर्ण कुरामा ( सामाजिक दायित्व, आर्थिक दायित्व, वैचारिक दृष्टिकोण, पारिवारिक स्थान र यौन) स्वतन्त्र हुन आवश्यक छ भनिन्छ ।

### ३.२.२. लैङ्गिक अध्ययनको परिभाषा

लैङ्गिकता कुनै पनि समाजको लैङ्गिक तथा सांस्कृतिक वस्तुस्थितिको अध्ययन गर्दा प्रयोगमा आउने एउटा त्यस्तो शब्द हो जसले मानिसमा हुने जैविक भिन्नतालाई नभई सामाजिक भिन्नतालाई जनाउँछ । लैङ्गिकता वा लैङ्गिक पहिचानलाई विभिन्न ढङ्गले परिभाषित गरिएको पाइन्छ । लैङ्गिकता भनेको भूमिकाहरूको 'सेट' हो जसले वस्त्रले रङ्गमन्चमा लगाइने मखुण्डोले झैँ अरू मानिसलाई हामी स्त्री लिङ्गी हौँ हामी पुलिङ्गी हौँ भन्ने अर्थ बताउँछ । यस सेटभित्र अपेक्षित व्यवहारका विशेषताहरू छुट्याइएका हुन्छन् जुनभित्र हाम्रो मुखाकृति वस्तु, पहिरन, प्रकृति, व्यक्तित्व घरभित्र र बाहिरका कर्महरू, यौनिकता, परिवार, तिनीहरूको बीचको सञ्चार जस्ता कुरा हुन्छन् । जसले हाम्रा लैङ्गिक भूमिकाको निर्माण गर्दछन् (पाण्डे, २०६९:२) । महिला र पुरूषको सांस्कृतिक भूमिकाको अध्ययन गर्ने सामाजिक विज्ञानलाई लैङ्गिक अध्ययन भनिन्छ । एन्थोनी गिडेन्सका अनुसार यौन (लिङ्ग) शब्दले महिला र पुरूष शरीरको भौतिक भिन्नतालाई जनाउँदछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक सामाजिक र सांस्कृतिक भिन्नतालाई बुझाउँछ, लिङ्ग र लैङ्गिकताको आधारभूत फरक छ । लैङ्गिक तथा महिलावादी अध्ययन (२०६८:११) मा भोजेन्द्र अर्यालले विश्व बैंकको परिभाषालाई यसरी प्रस्तुत गरेका छन् : विश्व बैंकका अनुसारः- जेन्डर (सामाजिक लिङ्ग)ले महिला र पुरूषसँग सम्बन्धित सामाजिक रूपमा संरचित भूमिकाहरू सामाजिक रूपमा सिकिने व्यवहार र अपेक्षाहरूलाई बुझाउँछ । स्वर्ट स्टोलरका अनुसारः लैङ्गिक शब्द मनोवैज्ञानिक तथा सांस्कृतिक पक्षसँग सम्बन्धित छ यदि लिङ्गका लागि उपयुक्त शब्द महिला र पुरूष हुन् भने लैङ्गिक (जेन्डर) लाई बुझाउने समान शब्द स्त्रीत्व र पुरूषत्व हुन्छ । पछिल्ला शब्द लिङ्ग (सेक्स) मा आधारित हुन सक्छन् अर्याल (२०६८) ले लैङ्गिक तथा महिलावादी अध्ययन नामक पुस्तकमा

कमला भासिनको परिभाषालाई यसरी प्रस्तुत गरेका छन्: सामाजिक तथा सांस्कृतिक रूपमा महिला र पुरूषको परिभाषा नै जेन्डर हो ।

बुभा (सन् १९०८-१९८६) को (२०६९ चौथो ने.स.) 'द सेकेन्ड सेक्स' पुस्तकको प्रभावले साहित्य र दर्शन क्षेत्रमा मात्र नभई समाजशास्त्र अध्ययनका क्षेत्रमा पनि नयाँ हलचल मच्चाउन सकेको हो । यस पुस्तकका माध्यमबाट सिमोन दि बुभाले पहिलो चोटि लिङ्ग र लैङ्गिकता बीचको भिन्नतालाई केलाउने चेष्टा गरिन् । उनले सामाजिक लिङ्गभेदको उपजस्वरूप महिलामा आरोपित स्वरूप र आचरणलाई लक्षित गर्दै स्पष्टसित भनेकी छिन् महिला पैदा हुन्न बरू उसलाई बनाइन्छ । माथिका विभिन्न परिभाषाहरूलाई समेटेर भन्नुपर्दा लैङ्गिक भनेको महिला वा पुरूषको शारीरिक भूमिका तथा विशेषताको सट्टा सामाजिक तथा सांस्कृतिक भूमिकाको अध्ययन गर्ने सामाजिक विज्ञानलाई बुझिन्छ । लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखा परेको नयाँ विषय हो । जसले सामाजिक तथा सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्राविधिक आदि पक्षहरूमा महिला तथा पुरूषको अवस्था तथा स्थितिको विश्लेषण गर्दै महिला र पुरूष बीच समानताको खोजी गर्ने, अध्ययन अनुसन्धान गर्ने, व्यवस्थित सामाजिक विज्ञान नै लैङ्गिक अध्ययन हो ।

## ३.२.३ लैङ्गिकताको विकास

'विड र वाड' अवधारणापछि सन् ८० को दशकको आरम्भमा विकासको नयाँ अवधारणाको रूपमा विश्वमा लैङ्गिकता र विकासको अवधारणाको अभ्युदय भएको हो । यही अवधारणाले लिङ्गका आधारमा गरिने असमान व्यवहार र भूमिकालाई पूर्णत अस्वीकार गर्दै विश्वमा महिला र पुरूष दुवैको समतामूलक विकास गर्नुपर्ने मान्यतालाई स्पष्टताका साथ अगाडि ल्याएको हो । महिला वा पुरूष यी दुवैमध्ये कसैप्रति पनि पक्षपातपूर्ण विचार तथा दृष्टि नराखी महिला पुरूष

सहअस्तित्व र समभ्रुदारीमा लैङ्गिक समतामूलक समाज निर्माणका लागि पहल गर्नुपर्ने कुरामा यस अवधारणाको विशेष जोड रहेको छ । लैङ्गिकता र विकासको अवधारणाले उठाएको लैङ्गिक समानताको मुद्धाप्रति विश्व समुदायको ध्यानाकर्षण गर्न र यसको आशयप्रति विश्व सरोकार अभिवृद्धि गराउन सन् १९८० मै कोपनहेगेनमा सम्पन्न भएको, दोस्रो विश्व महिला सम्मेलन, सन् १९८५ मा नैरोवीमा सम्पन्न भएको, तेस्रो विश्व महिला सम्मेलन १९८५ मा बेइजिङ्गमा सम्पन्न भएको, चौथो विश्व महिला सम्मेलन लगायतका घटनाहरूले विशेष ऊर्जा प्रदान गरेको तथ्य यहाँ स्मरणीय छ । मानव जगत र यसको सरोकारको सम्पूर्ण क्षेत्रलाई लैङ्गिक विभेदको जालोबाट पूर्ण रूपमा मुक्त पार्न संयुक्त राष्ट्र संघले सन् १९७९ मा महिला विरूद्धको सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि पारित गरी सन् १९८१ मा लागु गरेको र नेपाल लगायत विश्वका अधिकांश देशका सरकारले त्यसप्रति प्रतिवद्धता जाहेर गरेको लगायतका सन्दर्भ पनि यहाँ विशेष महत्वका साथ स्मरण गर्नुपर्ने हुन आउँछ (पाण्डे : २०६९:८) ।

## ३.२.४ लैङ्गिक अध्ययन

महिला र महिलाजन्य व्यवहारको मात्र अध्ययन गर्ने विषय होइन न त पुरूष र पुरूषजन्य व्यवहारको मात्र अध्ययन गर्ने विषय नै हो । यो महिला र पुरूष दुवैका विभिन्न भूमिका व्यवहार, दृष्टि, आदर्श, अवस्थाको अध्ययन गर्ने विषय हो । यदि महिलाको सामाजिक तथा सांस्कृतिक लगायत अन्य स्थान पुरूषकोभन्दा कमी छ, निम्न छ भने त्यसको कारण खोज्दै पुरूषसरह महिलाको हैसियत पुऱ्याउन विभिन्न प्रयास गर्दछ । यदि पुरूषको स्थान महिलाको भन्दा निम्न छ भने महिलाको हैसियतसरह पुरूषको हैसियत बढाउन विभिन्न नीति तथा कार्यक्रमलाई जोड दिन्छ त्यसैले लैङ्गिक अध्ययन मानवतामुखी, समतामूलक अध्ययन हो । लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह र दुराग्रहबाट माथि उठेर दिगो मानवहित खोज्ने विषय हो । यो

एकपक्षीय र मनगढन्ते दृष्टि, अध्ययनबाट टाढा रही सर्वपक्षीय महिला र पुरूष) हित र भलो खोज्ने विषय हो । लैङ्गिक रूपमा सन्तुलित सामाजिक संरचनाको वकालन गर्ने विषय हो । महिला र पुरूष दुवैको सहयात्राद्वारा लैङ्गिक समतामूलक उन्नत र दिगो समाजको निर्माण गर्नु हो ।

## लिङ्ग र लैङ्गिकताको अवधारणा

सुरूसुरूमा लैङ्गिकताको कुरालाई कतिपयले लिङ्ग (सेक्स) को पर्यायवाची शब्दको रूपमा बुझ्ने गरेको पाइएको हो तर लिङ्ग र लैङ्गिकता एउटै कुरा होइन, यी दुई नितान्त भिन्न कुरा हुन् । लिङ्ग : यो व्यक्तिको जैविक वास्तविकता हो । यसले महिला र पुरूषको प्राकृतिक संरचनालाई जनाउँछ । लैङ्गिकता : प्रकृतिले बनाएको भिन्नताबाहेक समाजले महिला र पुरूषको बारेमा जति पनि भिन्नताहरू औंल्याएको छ त्यसमा कुनै सत्यता छैन, त्यो लैङ्गिकता हो (पाण्डे २०६९: ८-९) । लैङ्गिक अध्ययन महिला र महिलाजन्य व्यवहारको मात्र अध्ययन गर्ने विषय होइन । यो महिला र पुरूष दुवैका विभिन्न भूमिका, व्यवहार, दृष्टि, आदर्श, अवस्थाको अध्ययन गर्ने विषय हो । लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह र दुराग्रहबाट माथि उठेर दिगो मानवहित खोज्ने विषय हो । यो एकपक्षीय र मनगढन्ते दृष्टि, अध्ययनबाट टाढा रही सर्वपक्षीय (महिला र पुरूष) हित र भलो खोज्ने विषय हो । लैङ्गिक रूपमा सन्तुलित सामाजिक संरचनाको वकालत गर्ने विषय हो । महिला र पुरूष दुवैको सहयात्राद्वारा लैङ्गिक, समतामूलक, उन्नत र दिगो समाजको निर्माण गर्नु हो (अर्याल २०६८:१) ।

अर्को तरिकाले भन्नुपर्दा शारीरिक बनावटको भिन्नताका आधारमा महिला र पुरूषले गर्ने कामको बाँडफाँड उनीहरूबीच शक्ति सम्बन्ध र सामाजिक, सांस्कृतिक मान्यता नै लैङ्गिकता हो । मान्छेसित जन्मिएर आउने कुरा नभएर

उसको धारणामा पछि विकसित हुने कुरा हो । समाजको बुझाइ र मान्यतामा भर पर्ने कुरा हो ।

लैङ्गिकताले महिला र पुरूषको सामाजिक भूमिकाहरूलाई जनाउँछ । प्राकृतिक संरचनाका आधारमा गरिने सबै किसिमका असमानता, भेदभाव र शोषणको विरोध गर्दछ । महिला र पुरूष एक अर्काका विकल्प नभई परिपूरक हुन् । यिनीहरूबीच प्राकृतिक संरचनाअनुसार कुनै स्तर छैन । महिला पुरूष एकअर्काका अभिन्न, परिपूरक र विकल्परहित प्राणी हुन् । सामाजिक तथा सांस्कृतिक रूपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा यिनीहरू बीचमा स्तरीकरण सिर्जना भएको हो (अर्याल, २०६८:१) ।

सुरू-सुरूमा लैङ्गिकताको कुरालाई कतिपयले लिङ्ग (सेक्स) को पर्यायवाची शब्दको रूपमा बुझ्ने गरेको पनि पाइएको छ । लिङ्ग र जेण्डर एउटै अवधारणा होइनन् । कतिपयले यी दुईलाई एउटै रूपमा व्याख्या गरेका छन् । लिङ्ग मानिसको शारीरिक संरचना तथा भूमिकासँग सम्बन्धित छ भने जेन्डर सामाजिक सांस्कृतिक संरचना तथा भूमिकासँग सम्बन्धित छ । आफ्नो पुस्तक 'लैङ्गिक तथा महिलावादी अध्ययन' मा अर्यालले विदेशी मनोवैज्ञानिक रोवर्ट स्टोलरको सेक्स एण्ड जेण्डर पुस्तक मार्फत 'सेक्स' र 'जेण्डर' को अवधारणालाई स्पष्ट रूपमा प्रकाश पारेका छन् । यी दुईको विस्तृत वर्णन यसप्रकार रहेको छ ।

**लिङ्ग**

यो व्यक्तिको जैविक वास्तविकता हो । यसले महिला र पुरूषको प्राकृतिक संरचनालाई बुझाउँछ । जैविक विशेषतालाई झल्काउँछ । यो स्थिर, प्राकृत र नैसर्गिक हुन्छ । लिङ्गको संरचनालाई हेरेर नै लिङ्ग वा भाले र पोथी अर्थात् पुरूष र महिलाको निर्धारण गरिन्छ । लिङ्गको निर्माण फरक-फरक हर्मोन र जिनद्वारा हुन्छ । पुरूषमा एक्स-वाई जिन हुन्छ भने महिलामा एक्स-एक्स जिन हुन्छ ।

लिङ्गले शारीरिक विशेषताहरूलाई प्रतिनिधित्व गर्दछ । विश्वभरि नै महिलाले गर्भधारण गर्ने,महिलाले बच्चा जन्माउने र स्तनपान गराउने गर्दछन् ।

महिला र पुरूष बीचका जैविकीय विशेषताहरू भूमिकाहरू फरक फरक रहेका छन् । जसको तुलनात्मक व्याख्या यसप्रकार छ ।

**लिङ्गका आधारमा महिला र पुरूषका विशेषताहरू**

| महिला | पुरूष |
|---|---|
| १. स्त्रीलिङ्ग 'योनी' हुनु, | १. पुरूष लिङ्ग 'पेनिस' हुनु । |
| २. स्तन (वक्ष) हुनु । | २. स्तन नहुनु । |
| ३. दारी जुङ्गा र छातीमा रौँ नआउने हुनु । | ३. दारी र जुङ्गा तथा छातीमा रौँ आउने । |
| ४. डिम्ब उत्पादन हुने । | ४. शुक्रकिट उत्पादन हुने । |
| ५. महिनावारी हुने । | ५. महिनावारी नहुने । |
| ६. गर्भधारण हुने, बच्चा जन्माउन सक्ने । | ६. गर्भधारण गराउने । |
| ७. स्तनपान गराउने । | ७. बच्चा जन्माउन नसक्ने । |
| ८. एक्स एक्स क्रोमोजोम हुने । | ८. स्तनपान गराउन नसक्ने । |
| | ९. एक्स र वाइ क्रोमोजोम हुनु । |

(अर्याल २०६८: ३)

**जेण्डर**

जेण्डर शब्द महिला र पुरूषको सामाजिक पक्षसँग सम्बन्धित छ । यसले महिला र पुरूषले के गर्दछन् के अनुभव गर्दछन् समाजमा तिनीहरूको सम्बन्ध र भूमिका कस्तो छ भन्ने बुझाउँछ । समाज तथा परिवारमा महिला र पुरूषले सामाजिकीकरण प्रक्रियाअनुसार विभिन्न कुराहरू सिक्दछन् । जेण्डर भनेको समाज समुदाय तथा सामाजिक सांस्कृतिक एकाइहरूद्वारा महिला र पुरूषले सम्पादन गर्ने

भनी निर्धारण गरेका काम कर्तव्य जिम्मेवारीहरू हुन् । पुरूष र महिला भएको कारण उनीहरूबाट समाजले अपेक्षा राखेका भूमिकाहरू हुन् । महिला र पुरूषले गर्ने सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक, राजनीतिक भूमिका, मूल्य मान्यतालाई जेण्डर भनिन्छ (अर्याल २०६८:५) । परम्परागत रूपमा पुरूष र महिलालाई निम्नलिखित लैङ्गिक विशेषता, भूमिका वा सङ्केतबाट बुझ्न वा फरक देखाउन सकिन्छ ।

| पुरूष | महिला |
|---|---|
| मगज | शरीर |
| संस्कृत | प्राकृत |
| बलियो | कमजोर |
| प्रभुत्वशाली | अधिनस्थ |
| स्वतन्त्र | परनिर्भर |
| रिसालु | सहनशील |
| कडा | कोमल |
| सक्रिय | निष्कृय |
| नेतृत्ववान | अनुयायी |
| कमाउने | गृहस्थी |
| भद्र | चन्चल |
| कम कामुक | बढी कामुक |
| निर्णायक | सहायक |
| टिकाऊ | क्षणिक |
| दृढ | भावुक |
| तथ्यपरक | समन्वयी |

(अर्याल, २०६८:५) ।

प्रकृतिले बनाएको भिन्नताबाहेक समाजले महिला र पुरूषका बारेमा जति पनि भिन्नताहरू औंल्याएको छ (जसमा कुनै सत्यता छैन) त्यो लैङ्गिकता हो । अर्को तरिकाले भन्नुपर्दा शारीरिक बनावटको भिन्नताका आधारमा महिला र पुरूषले गर्ने कामको बाँडफाँड, उनीहरूबीचको शक्ति सम्बन्ध (असमान शक्तिसम्बन्ध) र सामाजिक सांस्कृतिक मान्यता नै लैङ्गिकता हो । यो मान्छेसित हुने कुरो हो समाजको बुझाइ र मान्यतामा भर पर्ने कुरा हो । यसलाई सामाजिक लिङ्ग भनेर बुझ्न सकिन्छ । यो सर्वत्र एकैनासको पाइँदैन । समाज, परिवार, समय, ठाउँ, जाति, वर्ग, धर्मअनुसार यो भिन्नाभिन्नै रूपको हुन्छ । यो मूलतः व्यक्तिको मनोविज्ञानसित सम्बन्धित हुन्छ । यो प्राकृतिक सत्य नभई सामाजिकीकरणको प्रक्रियासँगसँगै मानव मनमा पछि जोडिन आएको यथार्थ भएको हुनाले यसलाई मान्छेले आफ्नो इच्छा र आवश्यकता मुताविक जुन वेला पनि परिवर्तन गर्न सक्छ जस्तो रूपमा पनि ढाल्न सक्छ (पाण्डे २०६९:९) । व्यक्तिको मनोविज्ञानसँग सम्बन्धित तर प्राकृतिक सत्य नभई सामाजिकीकरणको प्रक्रिया सँगसँगै मानव मनमा पछि जोडिन आएको यथार्थ भएकाले यसलाई जसले जतिवेला पनि परिवर्तन गर्न सकिन्छ ।

### ३.२.५ लैङ्गिक अध्ययनको क्षेत्र

सामान्यतः लैङ्गिक अध्ययन भन्नाले लैङ्गिक अर्थात् महिला र पुरूषको सामाजिक तथा सांस्कृतिक भूमिकाको अध्ययन गर्ने सामाजिक विज्ञानलाई बुझिन्छ । यो सामाजिक विज्ञानमा देखापरेको नयाँ विषय हो । लैङ्गिक अध्ययन एउटा सर्वाङ्गीण विषय हो । यो सामाजिक तथा सांस्कृतिक क्षेत्रका विविध पक्षहरूसँग सम्बन्धित रहेको छ । यो एउटा व्यापक विषय हो जसले मानव अस्तित्वका हरेक क्षेत्रमा लैङ्गिक स्थितिको अध्ययन गर्दछ । सामान्यत लैङ्गिक अध्ययनको क्षेत्र सीमाङ्कन गर्न कठिनाइ भएपनि यसको प्रकृति, सिद्धान्त,पृष्ठभूमि प्रवृत्तिलाई विश्लेषण गर्दा लैङ्गिक अध्ययन विभिन्न क्षेत्रमा केन्द्रित रहेको छ । लैङ्गिक

अध्ययन सामाजिक, सांस्कृतिक संरचना, एकाइ, अन्तरक्रिया, मूल्य, मान्यता, पहुँच हैसियत, इज्जत प्रथा दृष्टिकोण र लैङ्गिक सम्बन्ध आर्थिक तथा शैक्षिक संरचना एकाइ, पहुँच स्थिति प्रतिफल, कार्यभार र लैङ्गिक सम्बन्ध पितृसत्तात्मक व्यवस्था यसको प्रभाव र लैङ्गिक सम्बन्ध लिङ्ग तथा लैङ्गिक अवधारणा र विश्लेषण राजनीतिक संरचना निर्णायक तहमा पहुँच स्थिति र लैङ्गिक सम्बन्ध परिवार, विवाह, पारिवारिक तथा बैवाहिक सम्बन्ध, संस्कार प्राथमिकता निर्णय प्रक्रिया, अन्तरक्रिया, जातिजातीयता नातामा लैङ्गिक सम्बन्ध पद र लैङ्गिक सम्बन्ध धर्म, धार्मिक मूल्य मान्यता, नीति र लैङ्गिक सम्बन्ध, महिलावादी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, मुद्धा र समसामयिक मुद्धा, विकासका मुद्धाहरू र लैङ्गिक सम्बन्ध जस्ता क्षेत्रमा सीमित रहेको पाइन्छ (अर्याल २०६८, : १२) ।

## ३.२.६ लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू

लैङ्गिक अध्ययन एक व्यवस्थित सामाजिक अध्ययन हो । यसले महिला र पुरूषको सामाजिक सांस्कृतिक, आर्थिक,राजनीतिक,शैक्षिक आदि अवस्था र स्थितिको अध्ययन गर्दछ । महिला र पुरूषको बीचमा रहेका असमानता एवम् विभेदका आयमहरू, जटिलताहरू पत्ता लगाउँदै निराकरणको खोजी गर्दछ । समाजमा महिला पुरूष दुवैले महत्वपूर्ण भूमिका निभाउछन् । विभिन्न जिम्मेवारीहरू सम्पादन गर्दछन् तर कार्यसम्पादनबाट प्राप्त गर्ने फाइदा असमान हुन्छ । विशेषगरी महिला सुविधाविहीन समूहमा रहेका छन् । तिनीहरूको उचित ढङ्गले कार्यमूल्याङ्कन हुनुपर्दछ भन्ने मान्यता छ । पुरूषप्रधान समाजमा महिला र पुरूषबीच असमान शक्तिसम्बन्ध रहेको छ । यस्तो शक्तिसम्बन्धलाई समानान्तर अवस्थामा रूपान्तरण गर्न महिलाहरूको संरक्षण गर्नुपर्दछ । महिलाको पहुँच वृद्धि गर्ने विशेष कार्यक्रमहरूलाई जोड दिनुपर्दछ । लैङ्गिक अध्ययनको अर्को मान्यता हो सामाजिकीकरण प्रक्रिया । महिला र पुरूषको सामाजिकीकरण प्रक्रिया असमान

भएकाले उनीहरूको दृष्टिकोण फरक हुन्छ । महिला र पुरूषको जीवन अवसर फरक हुन्छ । लिङ्ग जैविकीय जेन्डर सामाजिक रूपमा संरचित हुन्छ जेन्डर सामाजिक सम्बन्ध र संस्थाहरूसँग सम्बन्धित हुन्छ । महिला दमनको स्रोत पितृसत्ता हो । जेन्डर मानव इतिहासदेखि संरचित हुन्छ, समय र स्थान अनुसार जेन्डर फरक हुन्छ, यो अध्ययन महिला र पुरूषको भेदभाव, शोषण र दमनको विरूद्ध छ जेन्डरको भूमिका महिला र पुरूषको सहमतिअनुसार परिवर्तन हुन्छ (अर्याल, २०६८:१३) ।

समग्रमा भन्नुपर्दा यसले महिला र पुरूषबीच समानान्तर समता हुनपर्दछ भन्ने कुरालाई जोड दिन्छ । यसले महिलाको मात्र वकालत नगरी पुरूषको पक्षमा पनि आवाज उठाँउछ । यस विश्वमा महिला र पुरूष एउटा रथका दुई पाङ्ग्रा हुन् उनीहरूको समान महत्व रहेको हुन्छ भन्ने यथार्थलाई प्रकाश पार्दछ । महिला र महिलासँग सम्बन्धित पक्षहरूमा मात्र केन्द्रित नभई महिला र पुरूषसँग हरेक पक्षमा यो अध्ययन केन्द्रित रहेकाले यो बृहत् अवधारणाको रूपमा देखा परेको छ । सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक, मनोवैज्ञानिमक क्षेत्रका कुराहरू जेन्डरको माध्यमले विश्लेषण गरिन्छ ।

## ३.२.७ लैङ्गिक भूमिका

जैविक आधारमा प्रकृतिले महिला र पुरूषको लिङ्ग निर्धारण गरिदिएको छ । लिङ्गका आधारमा गरिने महिला र पुरूषको वर्गीकरण संसारभर एकै किसिमको छ तर सामाजिक, सांस्कृतिक, नैतिक रूपमा गरिने लिङ्गको वर्गीकरण वा दृष्टिकोण देश, काल र परिस्थितिअनुसार भिन्नाभिन्नै रहेको छ । समाजमा महिला र पुरूष विभिन्न क्षेत्रमा संलग्न रहेका हुन्छन् । आफ्नो कार्य क्षेत्र अनुसार फरक भूमिका निर्वाह गर्दछन् । प्राकृतिक रूपमा गर्नुपर्ने जिम्मेवारी जस्तैः बच्चा जन्माउने, स्तनपान गराउने बाहेक समाज वा सामाजिक तथा सांस्कृतिक एकाइहरूले यी कार्य पुरूषले गर्ने र यी कार्य महिलाले गर्ने भनी निर्धारण गरेका

कार्य तथा भूमिका नै लैङ्गिक भूमिका हुन् । लैङ्गिक भूमिका समाजमा रहेका सामाजिक, सांस्कृतिक मान्यता परम्परा तथा विश्वासका आधारमा महिला र पुरूषको भूमिकामा भिन्नता कायम गरिन्छ । कुनै समाजका महिला बाहिर खुला रूपमा हिड्न पाउछन् भने कुनै समाजका महिला अनुहार छोपेर हिड्नुपर्ने मान्यता राखिएको पाइन्छ । समय परिवर्तनशील छ समयको परिवर्तनसँगै लैङ्गिक भूमिकामा पनि परिवर्तन आउन सक्छ । यसरी लैङ्गिक भूमिका व्यक्तिको आफ्नो इच्छा, आवश्यकताबाट मात्र भन्दा पनि सामाजिक मूल्य मान्यता, परम्परा संस्कार आदिबाट प्रभावित भएको हुन्छ समाजमा विभिन्न लैङ्गिक भूमिकाहरू यसप्रकार रहेका छन् ।

### ३.२.८ उत्पादनशील भूमिका

उत्पादनशील भूमिकाअन्तर्गत आयआम्दानीका लागि गरिने भूमिका पर्दछन् । यसअन्तर्गत खेती, किसानी, पशुपालन, जागिर, मजदुरी, बेचविखन, सामान उत्पादन, वितरण आदि पर्दछन् । यस्ता भूमिकाको आर्थिक महत्व हुन्छ । महिला र पुरूष दुवैले यी भूमिका सम्पादन गरे तापनि विश्वका प्राय राष्ट्रहरूमा महिलाको उत्पादनशील भूमिका पुरूषको सरह रहेको छैन । बढी ज्याला, रोजगारी तथा राम्रो आय आउने कार्यमा पुरूषको पहुँच रहेको छ भने महिलाको कृषि लगायत निम्न आय हुने क्षेत्रमा रहेको छ (अर्याल, २०६८:१८) । आर्थिक महत्व हुने भूमिकालाई उत्पादनशील भूमिका भनिन्छ । यहाँ उत्पादनशील भूमिकामा महिला र पुरूषले नै कार्य सम्पादन गरेता पनि पुरूषको सरह महिलाको उत्पादनशील भूमिका हुन सकेको छैन ।

### ३.२.९ पुनर्उत्पादन भूमिका

पुनर्उत्पादन भूमिकालाई अनुत्पादनमूलक भूमिका भनिदै आए तापनि यी भूमिकाले उत्पादन भूमिकामा सहयोग पुऱ्याउदछन् । प्राकृतिक पुनर्उत्पादन भूमिका अन्तर्गत गर्भधारण गराउने गर्भधारण गर्ने, बच्चा जन्माउने, स्तनपान गराउने आदि

भूमिका पर्दछन् । सामाजिक पुनर्उत्पादन भूमिकाअन्र्तगत खाना पकाउने, बालबच्चा स्याहारसुसार गर्ने वा हुर्काउने, परिवारका अन्य (वृद्ध) सदस्यहरूको हेरचाह गर्ने, सरसफाइ गर्ने, खाद्यान्न तथा इन्धन (पानी, दाउरा) सङ्कलन गर्ने आदि घरधन्दा पर्दछन् । मानव जीवनका लागि अपरिहार्य रहेका यस्ता प्रायजसो महिलाद्वारा सम्पादन गरिदै आएको पाइन्छ । जसलाई मौद्रिक रूपमा मापन गर्न सकिएको छैन ( अर्याल २०६८ : १९) । पुनर्उत्पादन भूमिका महिलाद्वारा मात्र सम्पादन गरिदै आएको छ । घरायसी काम, स्याहारसुसारका काम सरसफाइका काम, बच्चा जन्माउने, हुर्काउने जस्ता कार्य नै पुनर्उत्पादन भूमिका अन्तर्गत पर्दछन् ।

### ३.२.१० सामुदायिक भूमिका

सामुदायिक भूमिका विभिन्न किसिमका हुन्छन् पहिलो हो सामुदायिक सेवा व्यवस्थापन । यो समुदायको प्रगति र भलाईका लागि स्वयंसेवकको रूपमा गरिने कार्य हो । यसअन्तर्गत समुदायको स्रोत र साधनको संरक्षण, सम्वर्द्धन गर्ने कार्य पर्दछन् । गाउँ बाटो निर्माण, कुलो बनाउने, वन जङ्गल संरक्षण जस्तो भूमिका प्रायजसो महिलाहरूले गर्दछन् । दोस्रो सामुदायिक संस्कार, चाडपर्व, पूजाआजामा गरिने कार्यहरू पर्दछन् विवाह, भोजभतेर दशैं तिहार आदि सघाउने कार्य पनि पर्दछन् । सामुदायिक भूमिकाअन्तर्गत पर्ने अर्को भूमिका सामुदायिक राजनीतिक भूमिका हो । स्थानीय तथा राष्ट्रिय निर्वाचनमा भाग लिने, चुनाव लड्ने आदि कार्य पर्दछन् । शक्ति र पहुँचको प्रयोग गरिने भूमिका पर्दछन् । यस्ता भूमिकाहरू सम्मानित र उच्च भूमिकाका रूपमा रहेका छन् । यस्तो भूमिकामा महिलाको उच्च पहुँच रहेको छैन । पुरूषको उच्च पहुँच रहेको छ (अर्याल, २०६८:१९) । समाजमा महिला र पुरूष विभिन्न क्षेत्रमा संलग्न रहेका हुन्छन् । आआफ्नो कार्य क्षेत्रअनुसार फरक भूमिका निर्वाह गर्दछन् । उत्पादनशील भूमिकामा आय आम्दानीको लागि गरिने भूमिका हो । पुनर्उत्पादन भूमिकामा गर्भधारण गराउने, गर्भधारण गर्ने, बच्चा

जन्माउने, स्तनपान गराउने, खाना बनाउने, बालबच्चा स्याहार सुसार गर्ने, सरसफाइ गर्ने जस्ता कार्य पर्दछन् । साथै समाजमा विकास निर्माणका कार्यहरू गरिन्छ भने सामुदायिक भूमिकाअन्तर्गत पर्दछ । लैङ्गिक भूमिकामा उत्पादनशील पुनर्उत्पादनशील र सामुदायिक भूमिकाको महत्वपूर्ण भूमिका रहेको छ ।

## ३.२.११ लैङ्गिक समानता र लैङ्गिक समता

महिला तथा लैङ्गिक अध्ययनको क्षेत्रमा लैङ्गिक समानता र लैङ्गिक समता चर्चित शब्दहरू हुन् । सामान्यतः यी शब्दहरू समानार्थी जस्तै देखिएर पनि यी दुई बीचको अर्थ भिन्न रहेको छ । लैङ्गिक विकास गर्नका लागि लैङ्गिक समानता हुनुपर्दछ भन्ने मान्यता समतामूलक लैङ्गिक विकासका लागि पर्याप्त देखिएन । विभिन्न बाधा, व्यवधान र कार्यभारका कारण महिलालाई समान अवसर दिए पनि महिला र पुरूषबिच समान कायम हुन सकेन । कतिपय समाजशास्त्रीहरूले समानताको धारणाले महिला र पुरूषबीचमा झनै असमानता सिर्जना हुन सक्ने प्रष्ट्याए । परिवारका विभिन्न कार्यभार बालबच्चाको स्याहार सुसार गर्नुपर्ने बाध्यता आदिले गर्दा पुरूषसरह महिला समानता हुन सकेनन् । फलस्वरूप विभिन्न पक्षहरूले महिलालाई पुरूषसरहको स्थितिमा पुऱ्याउन संरक्षण तालिम सशक्तीकरण विशेष प्याकेज कार्यक्रमहरू सन्चालन गर्नुपर्ने कुरा अगाडि सार्दै लैङ्गिक समतालाई जोड दिए ।

लैङ्गिक समता पश्चात् मात्र लैङ्गिक समानता प्राप्ति हुने उल्लेख गरे । वर्तमान समयमा लैङ्गिक समता र समानताको अवधारणालाई विश्वका विकसित तथा अल्पविकसित मुलुकका सरकारी, गैरसरकारी संस्थाहरू, महिलावादीहरू, लैङ्गिक अध्ययनका विश्लेषक एवं कार्यकर्ताहरूले जोड दिँदै आएका छन् (अर्याल, २०६८ :३-६) । लैङ्गिक समानता भनेको सामाजिक, आर्थिक, राजनीतिक, क्षेत्रमा महिला र पुरूषको समान सहभागिता वा पहुँच हो भने समानता अवस्था, प्रवृत्ति

अनुसार गरिने न्यायोचित तथा विवेकशील व्यवहार हो । लैङ्गिक समताले महिला र पुरूषबीचमा गरिने उचित न्यायलाई बुझिन्छ । यो न्यायको बृहत् सिद्धान्तमा आधारित अवधारणा हो ।

लैङ्गिक समानता साध्य हो भने समता समानता प्राप्त गर्ने साधन हो । लैङ्गिक विकासको सन्दर्भमा यी दुवैलाई गम्भीरतापूर्वक लिनु पर्दछ । किनकी समानता प्राप्त गर्न सकिँदैन । महिला र पुरूष दुवैको क्षमताअनुसार व्यवहार गर्नु, दुवैको अवस्था अनुसार विवेकशील ब्यवहार गर्नु, प्राकृतिक संरचना क्षमता स्वभावअनुसार समान व्यवहार गर्नु, अवसर प्रदान गर्नु नै लैङ्गिक समता हो । महिला र पुरूषको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक क्षेत्रमा समान पहुँचलाई बुझिन्छ अर्थात् कुनै पनि प्रतिफल महिला र पुरूषलाई समान हुने गरी वितरण गर्नु नै समानता हो ।

## ३.२.१२ सशक्तीकरण

शाब्दिक रूपमा सशक्तीकरण शब्दभित्र शक्ति पनि अन्तर्निहीत रहेकाले यसले शक्ति एवं शक्तिगत प्रक्रियालाई जनाउछ । जन्मेको मानिसलाई शक्ति सम्पन्न बनाउने, विभिन्न बाधा तथा अड्चन र नियन्त्रणका कारण सशक्त बन्ने अवसरबाट बन्चित भएका र तुल्याइरएकाहरूलाई विभिन्न शक्तिमा पहुँच वृद्धि गर्ने अर्थात् असमान शक्तिसम्बन्धलाई समान शक्तिसम्बन्धमा रूपान्तरण गर्ने प्रक्रिया हो । महिला र पुरूषबीचमा रहेका विभेदलाई हटाउँदै न्याय र समानतामा आधारित समाजको प्रक्रिया हो (अर्याल, २०६८ : ४८) । सशक्तीकरण विकासको मुद्दामात्र नभई लैङ्गिक मुद्दा पनि हो । सामाजिक सम्बन्धको रूपान्तरण प्रक्रिया हो । शक्तिसम्बन्ध साझेदारी हो । विभेद, दमन, शोषण विरूद्धको जागृति हो । आत्मनिर्भरता र विश्वास बढाउने संयन्त्र हो । क्षमता विकास र सिर्जनशीलताको समुच्च रूप हो । सशक्तीकरणले आम्दानीको सिर्जना जागरणमा वृद्धि महिलाको

पहुँच पुऱ्याउदै विभिन्न किसिमका दमन र शोषणबाट मुक्त हुन सहयोग पुऱ्याउदछ। सशक्तीकरणको अन्तिम उद्देश्य समानता तथा व्यक्तित्व विकास हो र आत्मविश्वासको क्षमता निर्माणको प्रक्रिया हो । जसलाई सामाजिक अन्तरक्रिया आर्थिक स्रोतको वितरण शक्तिसम्बन्धी विभिन्न अवसरहरूको छनोट गर्ने अवसर आदि प्रक्रियाबाट बुझ्न सकिन्छ । आर्थिक क्षेत्र, राजनीतिक संचरनाहरू र औपचारिक निर्णय प्रक्रियामा सहभागिता हुनुपर्ने कुरालाई जोड दिन्छ । आम्दानी प्राप्त गर्ने क्षमता वृद्धिमा जोड दिन्छ ।

नेपालको सन्दर्भमा सशक्तीकरण प्रक्रियालाई आर्थिक अवसरहरू तथा स्रोतहरूमा महिलाको पहुँच वृद्धि गर्ने जस्तै भूमि, प्रविधि, त्यसैगरी स्वास्थ्य सेवा सुविधाहरू उपलब्ध गराउने महिला संगठनद्वारा महिलाको राजनीतिक शक्ति वृद्धि गर्ने, दमनका विभिन्न स्वरूपहरू जस्तै धार्मिक, आर्थिक, सांस्कृतिक, पारिवारिक, कानुनी अभ्यासहरू शैक्षिक तथा तालिममा महिलाको पहुँच वृद्धि गर्ने, महिला सचेतना वृद्धि गर्ने, महिलाको आत्मविश्वासलाई बलियो बनाउने विभिन्न आत्मनिर्भरता बढाउने कार्यक्रमहरूमा पहुँच वृद्धि गर्ने, सामाजिक सांस्कृतिक जीवनका हरेक क्षेत्रमा महिला सहभागिता र पहुँच वृद्धि गर्ने कार्य गर्न सकिन्छ ।

## ३.२.१३ लैङ्गिकताको भाषा

लैङ्गिक वा सामाजिक लिङ्ग भनेको समाज, समुदाय तथा सामाजिक सांस्कृतिक एकाइहरूद्वारा महिला पुरूषको सम्पादन गर्ने भनी निर्धारण गरेका काम, कर्तव्य जिम्मेवारीहरू हुन् । जेन्डर प्राकृतिक नभएर समाजद्वारा नियोजित भूमिका, मूल्य, मान्यता, जिम्मेवारीको समुच्च रूप हो । प्रकृतिले बनाएको भिन्नता बाहेक समाजले महिला र पुरूषका बारेमा जति पनि भिन्नताहरू औल्याएको छ । जसमा कुनै पनि सत्यता छैन त्यो लैङ्गिकता हो । शारीरिक बनावटको भिन्नताका आधारमा महिला र पुरूषले गर्ने कामको बाँडफाँड उनीहरू बीचको शक्तिसम्बन्ध र

सामाजिक सांस्कृतिक मान्यता नै लैङ्गिकता हो (पाण्डे, २०६९ : ९) । महिला र पुरूषले गर्ने कामको बाँडफाँड नै लैङ्गिकता हो । जेन्डरको भाषा भन्नाले जेन्डरको अध्ययन गर्दा प्रयोग हुने अथवा महिला पुरूषलाई सम्बोधन गर्दा गरिने भाषा हो । महिला र पुरूषले प्रयोग गर्ने भाषामा क्रियाको पृथकता पाइन्छ र केही मात्रामा शाब्दिक फरक पनि भेटिन्छ । महिलाले पुरूषलाई सम्बोधन गर्दा हजुर, तपाई शब्द प्रयोग हुन्छ तर पुरूषले महिलालाई तँ वा तिमी जस्ता शब्दहरूले सम्बोधन गरेको पाइन्छ । त्यस्तै गरी घरपरिवारमा पनि छोरालाई तिमी र छोरीलाई तँ नै प्रयोग पनि पाइन्छ । यस्तो अवस्थाले नै लैङ्गिक भेदभाव उत्पन्न हुन्छ । लैङ्गिक दृष्टिले महिला र पुरूषले प्रयोग गर्ने भाषामा समानता हुनुपर्छ विश्व सामाजिक तथा सांस्कृतिक परिवेश विभिन्न परम्परागत संस्कार, वेद, उपनिषद, पुराण तथा धर्म ग्रन्थहरूको प्रभावबाट विकसित हुँदै आएको छ । जसका आधारमा महिलाहरूलाई प्रशंसा सँगसँगै निन्दा पनि गरिएको छ । जुनसुकै समाजमा पनि महिला र पुरूषबीचमा प्रयोग हुने भाषाहरूमा पुरूष भन्दा महिलाहरू नै बढी तल्लो, स्तरका भाषाबाट परिचित छन् । महिलालाई जहिले पनि पुरूषको सहयोगीका रूपमा हेर्ने गरिन्छ । महिला र पुरूषलाई प्रयोग गरिने भाषा निम्नानुसारको रहेको पाइन्छ : जस्तैः-

| **महिलालाई प्रयोग गरिने भाषा** | **पुरूषलाई प्रयोग गरिने भाषा** |
| --- | --- |
| आएकी छे, गएकी छे, भनिछे, निकाली, दिन्छे, सुन्दरी, च्वाँक, भोगेकी छे, चेत, खाएकी छे, रण्डी, वेश्या, व्युटि, रूपवती, श्रीमती, सुश्री आदि । | गएको छ, आएको छ, भन्छ, निकालि दिन्छ, खाएको छ, भन्छ, खाएको छु, भद्र, ह्यान्डसम, भलाद्मी, सुन्दर, रन्डो, मुर्दा, साँडे, व्वाँसो, चण्डाल, साले, श्रीमान आदि । |

यसै गरी घरपरिवार इष्टमित्र आदिमा सम्बोधन गर्दा पनि महिला र पुरूषका लागि प्रयोग गरिने शब्द फरक हुन्छन् जस्तै :

| **महिलाका लागि प्रयोग गरिने शब्द** | **पुरूषका लागि प्रयोग गरिने शब्द** |
|---|---|
| हजुरआमा, आमा, माता, ममी, दिदी, काकी, सानीमा, छोरी, बुहारी, भाउजू, केटी, श्रीमती, सौता, जेठानी, आईमाई, स्वास्नी, बैनी, बुढी, गृहिणी अर्धाङ्गिनी, प्रेमिका, विदरानी आदि । | हजुरबा, बुवा, बा, पिता, ड्याडी, ठुलाबा, दाई, काका, सानोबा, छोरो, केटो श्रीमान, जार, जेठाजु, पुरूष, लोग्ने, दाजु, बुढो, प्रेमी, मामा, सालो, जेठान, ससुरा, साडु आदि । |

महिलालाई प्रयोग गरिने शब्द र पुरूषलाई प्रयोग गरिने शब्दमा धेरै विविधता पाइन्छ । लैङ्गिक दृष्टिले महिला र पुरुषले प्रयोग गर्ने भाषामा समानता हुनुपर्छ ।

## ३.२.१४ नारीवाद

मानव सभ्यताको प्रारम्भमा महिला र पुरूषबीच विभेद र असमानताका दुरीहरू ज्यादै सीमित थिए तर समाज जब दासयुग हुँदै अगाडि बढ्यो, पितृसत्तात्मक व्यवस्था संस्थागत रूपमा विकसित हुँदै आयो समाजका हरेक क्रियाकलापहरू कला, साहित्य, सिद्धान्त, विकास आदि क्षेत्रमा महिलाको भूमिकालाई मूल्याङ्कन गरिएन । महिलाले भन्दा पुरूषले बढी अवसर र प्राभमिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट बन्चित बन्दै गए यस्तो अवस्था सिर्जना हुँदै जाँदा महिलामा चेतना र जागृतिका सूक्ष्म संकेत देखा पर्न थाले । विस्तारै महिला हक, हित र अधिकारको आवाज उठ्न थाल्यो महिलाहरू एकीकृत हुँदै सङ्गठित बन्न पुगे र महिलाआवाज उठ्न थाल्यो महिलाहरू एकीकृत हुँदै सङगठित बन्न पुगे र महिला आवाज तथा दर्शनले समाजका विभिन्न क्षेत्रमा प्रभाव पार्दै आयो । महिलावाद

समाज र संस्कृतिको व्याख्या गर्ने एक बैकल्पिक दर्शन एवं सिद्धान्त हो साथै सशक्त आन्दोलन पनि हो । यसले महिलाका हकहित अधिकार र समानतालाई जोड दिन्छ यसले महिलाको दृष्टिबाट समाजका हरेक पक्षको विश्लेषण र व्याख्या गर्दछ । नारीवादको सुरूवात १८ औँ शताब्दीदेखि नै भएको हो । यो पहिलो, दोस्रो, तेस्रो धार हुँदै अगाडि बढेको छ । महिलावादलाई अगाडि बढाउन सन् १८४८ मा न्युयोर्कमा सम्पन्न महिला सम्मेलनले महत्वपूर्ण भूमिका खेल्यो यसले महिलामाथि गरिएको भेदभावलाई प्रष्ट्याउदै समानतालाई जोड दिइएको थियो । यसैगरी सन् १९०८ मा अमेरिकाको कपडा मिलमा काम गर्ने महिलाले आफ्नो हक, हित र अधिकारको निम्ति सडकमा उत्रिएपछि महिला आन्दोलन सशक्त रूपमा अघि बढेको पाइन्छ । महिला आन्दोलनले महिलाको सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा सकारात्मक परिवर्तन र पहूचका निम्ति आवाज उठाउँदै आएको छ (अर्याल २०६८, : ३४) । महिलावादले महिलाको हकहित अधिकारका लागि जोड दिदै आएको छ । महिलावादले लैङ्गिकतासम्बन्धी अवधारणामा विशेष भूमिका खेलेको छ ।

## ३.२.१५ लैङ्गिकतासम्बन्धी भएका अध्ययनहरू

खनाल (२०६६) द्वारा '*पहेँलो गुलाफ* कथामा लैङ्गिक चेतना' शीर्षकको लेखमा लैङ्गिक समालोचनाको परिचय दिँदै समाजमा नारीलाई पुरूषका सहायक उपेक्षित कमजोर र दोस्रो दर्जाको रूपमा राखी पुरूषले परम् शारीरिक शोषण गरेको कुरालाई उल्लेख गरेको पाइन्छ । उक्त लेखमा लैङ्गिकता प्राकृतिक लिङ्ग नभई समाज र सांस्कृतिक परिवेशबाट निर्माण भएको हो । पुरूष र महिलासम्बन्धी व्यवहार र धारणालाई बुझिने कुरा उल्लेख गर्दै समाजमा पुरूषले नारीलाई भोग विलासको साधनको रूपमा लिने गरेको र त्यस्ता पुरूषलाई ब्याँसो, झुसिलकिरा, चील, स्याल आदिको प्रतीकात्मक प्रयोग गरी पुरूषको निष्ठुरता, स्वार्थीपन र कामुकताको चर्चा गरेका छन् ।

अर्याल (२०६८) द्वारा लिखित लैङ्गिक तथा महिलावादी अध्ययन नामक समाजशास्त्रीय तथा मानवशास्त्रीय विश्लेषणमा महिलावादी अध्ययनले महिलाको अध्ययन गर्दछ । विभिन्न सिद्धान्तहरूको कसीमा बसेर महिलाहरूको अवस्थाको विश्लेषण गरेको छ । महिलाको विगत र वर्तमानका विभिन्न अवस्थाहरू आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक पक्षहरूको अध्ययन तथा विश्लेषण गरी भविष्यका लागि अबलम्बन गर्नुपर्ने रणनीतिको खोजी गरेको छ । महिलाहरूलाई विभिन्न पक्षमा गरिएको भेदभाव असमानता, शोषणको विश्लेषण गर्दै समाधानका उपायहरू खोजेको छ । समाजमा महिलाको स्थान ज्यादै न्यून रहेको छ । महिला उच्च आर्थिक उत्पादन तथा निर्णायक तहमा पुग्न सकेका छैनन् भनी महिलावादी अध्ययनमा महिलाको सर्वाङ्गीण पक्षको विकासमा केन्द्रित रहेको पाइन्छ । महिलाको स्तर उन्नति, लैङ्गिक समानता र महिलाको गुणात्मक जीवनको निर्माणका लागि व्यावहारिक रूपान्तरणको प्रयासमा केन्द्रित रहेको पाइन्छ ।

पाण्डे (२०६९) द्वारा लिखित 'नेपाली उपन्यासमा लैङ्गिकता' नामक समालोचनात्मक ग्रन्थमा लैङ्गिक विभेदीकरणको सामाजिक पक्षलाई केन्द्रीय मुद्दा बनाएर विवेचना गरे पनि यस ग्रन्थमा प्रत्येक उपन्यासका निम्ति विशेष रूपमा अलग अलग वैचारिक पक्ष किटान गरेको पाइन्छ । यसमा लैङ्गिक विभेदीकरणले उत्पन्न गरेका सामाजिक समस्या एकैनासका छैनन् । नेपाली जनजीवनमा लैङ्गिक विभेदीकरणका अनेकौं जराहरू फैलिएका छन् त्यसलाई विभिन्न पाटाबाट अवलोकन गर्ने र केलाउने काम यस पुस्तकमा भएको पाइन्छ । यसबाहेक उपन्यासका विषयवस्तुहरू र पात्रहरूलाई आधार बनाएर नेपाली समाजमा लैङ्गिक विभेदीकरणको सामाजिक यथार्थलाई बलियो सैद्धान्तिक आलोकमा समेत हेरिएको पाइन्छ । पाण्डेले नेपाली उपन्यासमा लैङ्गिकता नामक समालोचनात्मक ग्रन्थमा नेपाली उपन्यासको आधुनिक कालका तीनै चरणको प्रतिनिधित्व हुने गरी समेटिएको

उपयुक्त विवरणका बाह्रवटा उपन्यासहरूमा प्रयोग भएको लैङ्गिक चेतनाको तुलनात्मक अध्ययन गर्दा केहीमा लैङ्गिकताका सम्पूर्ण पाठ सम्बोधित भएको पाइन्छ भने केहीमा आंशिकमात्र तर पितृसत्ताद्वारा निर्धारित नारी पुरूष शक्ति सम्बन्धको असन्तुलित स्वरूपलाई भने बाह्रवटै उपन्यासमा गहिराइका साथ नियालिएको पाइन्छ । पितृसत्ताद्वारा निर्देशित लैङ्गिक विभेदकारी मूल्यमान्यताको प्रताडनाले दुःखेको महिला अस्तित्वको घाउप्रति सबै उपन्यासमा गहिरो संवेदना प्रकट भएको पाइन्छ ।

बुबा (२०६९) द्वारा लिखित 'महिला' ग्रन्थमा महिलाको विद्यमान पराधीन अवस्था शाश्वत नभएर परिस्थितिजन्य हो, पराधीनताको प्रमुख कारक आर्थिक तत्व हो, स्वतन्त्रता अस्तित्वको विषय हो । यिनै तीनवटा बुँदाहरूको आधारमा महिला वर्गको दासत्वको जटिल प्रश्नलाई विश्लेषण गरिएको पाइन्छ । मानवको सिर्जनात्मक क्रियाकलापबाट जगतको निर्माण हुँदै जान्छ नयाँ सृजित जगतमा स्रष्टाको स्थान प्रधान हुन्छ । त्यहाँ सबै कुराहरूको निर्धारण स्रष्टाद्वारा हुन्छ । यसकारण यदि महिलाले सिर्जनात्मक कार्य नगर्ने हो भने अन्यद्वारा सिर्जित जगतमा उसको स्थान गौण हुनजान्छ । हरेक अस्तित्वको आधार आत्मसिर्जना हो । पुरूषहरूको बीचमा आफ्नो अस्तित्व कायम गर्नका लागि महिलाले पुरूषको जस्तै सिर्जनात्मक कार्य गर्नु पर्दछ भन्ने सन्देश पनि यस ग्रन्थमा पाइन्छ ।

केसी (२०६७) द्वारा 'प्राथमिक तहका नेपाली पाठ्यपुस्तकहरूमा समाविष्ट चित्रहरूको लैङ्गिक अध्ययन' शीर्षकमा प्राथमिक तहका नेपाली भाषाका पाठ्यपुस्तकहरूमा समाविष्ट चित्रहरूको लैङ्गिक समानताको अध्ययन गर्नु, उक्त पाठ्यपुस्तकहरूका चित्रहरूमा महिलाहरूको भूमिका पत्ता लगाउनु, पाठ्यपुस्तकहरूमा राखिएका चित्रहरूमा लैङ्गिक समानता दर्शाउनु, आवश्यक सुझावहरू प्रस्तुत गर्नुजस्ता उद्देश्य रहेका छन् ।

श्रेष्ठ (२०६७) द्वारा '*तीन घुम्ती* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा अध्ययन कार्य सम्पन्न गरिएको छ । उक्त *तीन घुम्ती* उपन्यासमा लैङ्गिक चेतनाको निर्क्योल गर्नु, उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगबाट थपिएको नवीनताको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु र उपन्यासमा निर्दिष्ट पद्धतिको लेखाजोखा गरी सुझाव दिनु जस्ता उद्देश्यमा केन्द्रित रहेको पाइन्छ । उक्त शोधकार्य *तीन घुम्ती* उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित रहे पनि लैङ्गिक समालोचना र दृष्टिकोणका लागि सैद्धान्तिक आधार निर्धारण गरिएको देखाइएको छ । यहाँ नारीवाद, मनोविज्ञान, सांस्कृतिक चेतना, महिला शिक्षाजस्ता मान्यताका स्रोत र साधन भएका कृतिहरूसम्म क्षेत्र विस्तार रहेको पाइएको छ । *तीन घुम्ती* उपन्यासलाई मात्र आधार बनाइएर सीमित क्षेत्रमा शोध अध्ययन सम्पन्न भएको पाइन्छ । सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन विधिबाट गरिएको पाइन्छ । *तीन घुम्ती* उपन्यास प्राथमिक स्रोतका रूपमा रहेको पाइन्छ द्वितीयक सामग्रीका रूपमा नेपाली उपन्यासमा लैङ्गिक चेतना र दृष्टिकोण बारे गरिएको अनुसन्धानात्मक ग्रन्थ एवम् पत्रपत्रिकामा प्रकाशित लेखहरूबाट सामग्री सङ्कलन गरिएको छ । *तीन घुम्ती* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक भूमिकामा समानता पाइए तापनि अनुत्पादक र राजनीतिक भूमिकामा महिलाको सहभागिता कम रहेको कुरा यस अध्ययनले जनाएको पाइन्छ ।

पौडेल (२०६८) द्वारा 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक चेतनाको अध्ययन' शीर्षकमा लैङ्गिक विश्लेषणको सैद्धान्तिक आधार पहिल्याउनु, माध्यमिक तह (कक्षा ९ र १०) नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक अवस्था दर्शाउनु, उक्त विधामा प्रयुक्त भाषाको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्नु, कथाका माध्यमद्वारा लैङ्गिक चेतनाको प्रयोग पहिल्याउनु उक्त विधामा लैङ्गिक समानता दर्साउन आवश्यक सुझाबहरू प्रस्तुत गर्नु जस्ता उद्देश्य राखिएको पाइन्छ ।

महरा (२०६८) द्वारा 'निम्नमाध्यमिक तह कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकको लैङ्गिक अध्ययन' शीर्षकमा निम्नमाध्यमिक तह कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकको लैङ्गिक अवस्था पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समाविष्ट पाठमा महिला र पुरूषको भूमिका पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समाविष्ट पाठका विषयवस्तु, चित्र, नमुना अभ्यास र भाषामा भएको लैङ्गिक अवस्था पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा निर्दिष्ट पक्षहरूको लेखाजोखा गरी निष्कर्ष एवम् सुझाव प्रस्तुत गर्नु रहेको पाइन्छ । उक्त शोध कार्यमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । लैङ्गिक अध्ययनसँग सम्बन्धित शोध प्रतिवेदनहरू द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको पाइन्छ । पाठ्यपुस्तकको शैक्षिक पक्षहरू (विषयवस्तु चित्र, भाषा र नमुना अभ्यास) लाई विस्तृत रूपमा अध्ययन गरी व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

पौड्याल (२०६९) द्वारा *'एक चिहान* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा उक्त अध्ययनका प्रमुख उद्देश्यहरूमा लैङ्गिकताको परिचय दिनु, *एक चिहान* उपन्यासमा लैङ्गिक स्थितिको पहिचान गर्नु, *एक चिहान* उपन्यासमा लैङ्गिक चेतनाको विश्लेषण गर्नु र यस उपन्यासमा प्रयोग गरिएको भाषाको मूल्याङ्कन गर्नु रहेको पाइन्छ ।

पौडेल (२०६९) द्वारा 'समानान्तर आकाश उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा लैङ्गिक अध्ययनको सैद्धान्तिक स्वरूपको परिचय दिनु, समानान्तर आकाश उपन्यसामा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, लैङ्गिक चेतना प्रस्तुत गर्नु, लैङ्गिक दृष्टिले समानान्तर आकाश उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्य राखिएको पाइन्छ ।

पौडेल (२०७०) द्वारा '*अनावृत्त* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा अनावृत्त उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, अनावृत्त उपन्यासको

लैङ्गिक चेतना प्रस्तुत गर्नु, लैङ्गिक दृष्टिले प्रयुक्त भाषाको मूल्याङकन गर्नु रहेको पाइन्छ ।

श्रेष्ठ (२०७०) द्वारा '*कर्नेलको घोडा र पवित्रा* कथाको लैङ्गिक अध्ययन' शीर्षकमा लैङ्गिक समालोचनाको सैद्धान्तिक स्वरूपको परिचय दिनु, *कर्नेलको घोडा र पवित्रा* कथामा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, कथामा लैङ्गिक चेतनाको निक्यौल गर्नु, कथामा प्रस्तुत भाषाको मूल्याङ्कन गर्नु रहेको पाइन्छ । नारीवाद, मनोविज्ञान सांस्कृतिक चेतना, महिला शिक्षाजस्ता मान्यताका स्रोत र साधान भएका कृतिहरूसम्म क्षेत्र विस्तार गर्नु यस अध्ययनको सीमा रहेको पाइन्छ ।

*

# चौथो परिच्छेद

# लैङ्गिक आधारमा राधा उपन्यासको व्याख्या र विश्लेषण

## ४.१. राधा उपन्यासमा रहेको लैङ्गिक अवस्था

प्रस्तुत 'राधा' (२०६२) उपन्यास कृष्ण धराबासीद्वारा लिखित पौराणिक लीलालेखनमा आधारित उपन्यास हो । यस उपन्यासमा मिथकीय प्रयोग पाइन्छ । राधा उपन्यासका प्रमुख पात्र राधा र कृष्णलाई लिइएको छ । राधा र कृष्णको प्रेम सम्बन्धबाट यो उपन्यास अगाडि बढेको छ । कृष्णलाई राधाले गरेको गहिरो प्रेम सम्बन्ध तर राधाले मायाँ गर्दा गर्दै कृष्णले धेरैसँग विवाह गरेका छन् । भाव विवह्ल बन्दै पीडा सहन नसकेर राधा वैष्णबी रूप धारण गरी तीर्थयात्रामा निस्केको प्रसङ्गले प्रेम समर्पण हो भन्ने कुरालाई पुष्टि गरेको यस उपन्यासमा देखाइएको छ । राधा भने कृष्णले नसम्झेको भन्दै बैष्णवी रूपमा बाहिर निस्केकी छिन् भने कृष्ण चाँहि राधा कै रूपमा टुक्राटुक्रामा राधालाई पाएको भन्दै आठ आठ वटी पत्नी भेला पारेको कुराले पनि महिला जहिले पुरूषबाट शोषित छन् भन्ने कुरा प्रष्ट हुन्छ । महिलाहरू जहिले पनि कुनै न कुनै रूपमा पुरूषबाट प्रताडित हुनुपर्दछ भन्ने तथ्यलाई विभिन्न पात्रका माध्यमबाट उपन्यासमा उद्घाटन गरिएको छ । उपन्यासकी नायिका राधा, गौण पात्र यशोदा, एकनशाजस्ता पात्रहरूले भोग्नुपरेका ससाना समस्या जसका कारणले महिलाहरू वर्षौदेखि पछाडि पर्दै आएका छन् भन्ने कुराको गतिलो प्रमाण देखिन्छ । महिला भएकै कारण महिलाहरूले के कस्ता मानसिक पीडाको सिकार बन्नु परेको छ भन्ने कुरालाई र समाजमा वर्ग विभेदजस्ता कुरालाई छर्लङ्ग पार्ने काम यस उपन्यासले गरेको छ ।

यस उपन्यासमा प्रेम, यौन र युद्धलाई नजिकैबाट हेर्न खोजिएको छ । आजका मानिसभित्र उत्पन्न हुने अनेक विम्बहरूको प्रतिछाँया पनि हो राधा उपन्यास । पुरूष र स्त्री बीचको यौन चेतनामा देखिने असहजता र असन्तुष्टि पनि खोजिएको छ । यस राधा उपन्यासमा पुराणमा आधारित पात्र, घटना, परिवेश, भूगोल र समयकै वरिपरि भएर कथाले यात्रा गरेको छ । धेरै अगाडिको युगलाई यस युगको चेतना भरेर नयाँ बनाउन खोज्दा पुराणमा हुने देवताहरू यसमा साधारण मान्छे भएका छन् । अलौकिकता चमत्कार देवत्वसंवेगहरू यहाँ छैनन् । यस उपन्यासमा सबै पात्र मान्छे हुन् र मान्छेकै दुख भोगिरहेका छन् । वास्तवमा नारी र पुरूषबीचको प्रेम र आकर्षणको विन्दु कुन हो ? सृष्टिदेखि आजसम्म सबै भित्र समान रूपले उत्पन्न हुने यो चेतनाको ऊर्जा कहाँ छ ? यसको खोजी राधा उपन्यासले गरेको छ । राधा उपन्यासमा प्रेम, यौन र युद्धलाई नजिकैबाट हेर्न खोजिएको छ । राधा ले कृष्णलाई गरेको प्रेम, कृष्णले राधालाई गरेको प्रेम र कृष्णले सुशीला र अरू सखीहरूलाई गरेको प्रेम अनि सुशीलाले कृष्णलाई गरेको प्रेम र युद्धलाई नजिकैबाट चियाएको पाइन्छ । यस उपन्यासमा समाजमा ठूला र साना वर्गबीचको भेदभावलाई स्पष्ट पारेको पाइन्छ । यहाँ महिलाप्रति आरोप प्रत्यारोप गरी समाजमा महिलालाई हेपिएको अवस्थाको चित्रण पनि यशोदा मातालाई आफ्ना छोरा कृष्णको अनुहार नन्दरायसँग नमिलेको भन्दै आफ्नो चरित्रमाथि औला उठाएको प्रसङ्गबाट प्रष्ट हुन्छ । पुराना रूढिवादी कुरालाई अगाडि सारेर युद्ध निम्त्याएको कुरा कंशलाई सपनामा देवकीको आठौँ पुत्रले आफ्नो बध गर्ने कुरा देखेको प्रसङ्गका कारण आफ्ना मामाले भान्जामाथि गरेको दुष्ट व्यवहारले स्पष्ट पारेको छ । यहाँ राधाले कृष्णको प्रेममा परेर वैष्णवी रूप धारण गरी तीर्थ यात्रामा निस्केकी छिन् भने कृष्णचाँहि आठ-आठ वटी पत्नी भेला पार्दै बसेको प्रसङ्गले पुरूषबाट महिला शोषित, पीडित रहेको कुरालाई अगाडि ल्याएको पाइन्छ ।

यस उपन्यासमा प्रेम, यौन, विवाह, युद्ध, चारै कुरालाई नजिकैबाट हेरेको पाइन्छ । समाजमा वर्ग विभेद, महिला पुरूष बीचको भिन्नता, महिलालाई लगाइएको ठाडो आरोप नारीद्वारा पुरूषलाई गरिएको प्रेम र पुरूषबाट नारीलाई गरिएको प्रेम र प्रेम कै कारण सारा जीवन नै तीर्थ यात्रामा वैष्णवीको रूप धारण गरी अर्पनु जस्ता कुरालाई राधा उपन्यासमा विषयवस्तु बनाएको छ । पौराणिक कथाका देवी-देवतालाई आधुनिक मान्छेमा परिणत गरेर प्रेमी प्रेमिकाका रूपमा रूपान्तरण गरी आधुनिकता प्रदान गर्न खोजिएको छ राधा उपन्यासमा । समाजमा रहेका विद्यमान नारी पुरूषका बीचमा रहेको असमानता, नारी र पुरूषले गर्ने प्रेम सम्बन्धमा असमानता समाजमा वर्ग बीच भेदभाव एकै परिवारमा पनि शत्रुता जस्ता कुरालाई आधार बनाएर लेखिएको छ ।

### ४.१.१. कथानक

प्रस्तुत *राधा* उपन्यास कृष्ण धरावासी द्वारा (२०६२) मा लिखित पौराणिक लीलालेखनमा आधारित उपन्यास हो । यस उपन्यासमा मिथकीय प्रयोग पाइन्छ । 'राधा' उपन्यासमा प्रमुख पात्र राधा र कृष्ण रहेका छन् । उपन्यास राधा र कृष्णको प्रेम सम्बन्धबाट सुरू भएको छ । राधा र उनका साथीहरू नदीमा नुहाइरहेको अवस्थामा कृष्णले लुगा लुकाइदिएको, रात्रि बनभोजको आयोजना गरेर सबै सखीहरूलाई रात्री बनभोजमा बोलाएर रमाइलो गरेको प्रशङ्गबाट कथानक अगाडि बढेको छ । रात्रि बनभोजमा गएको कारण राधालाई गाउँभरका सबै व्यक्तिहरूले नराम्रो नजरले हेरेको पाइन्छ । राधा वृषभानुकी छोरी, गाउँकी ठुलाबडाकी छोरी भएकाले रात्रि बनभोजमा गाउँको साधारण व्यक्ति नन्द रायको छोरा कृष्णसँग गएको भन्दै गाउँलेहरूले वृषभानु माथिनै सबै आफ्ना छोरीहरूलाई विगारेको आरोप लगाएका छन् । आफ्नो कारणले आफ्ना पिता वृषभानुलाई ठूलो आरोप लागेको कारण राधालाई मनमा ठूलो चोट पुगेको छ । गाउँका ठूला व्यक्ति

वृषभानुकी छोरी नै ठीक ठाउँमा राख्न नसकेपछि गाउँका अरू छोरीहरूलाई कसरी ठीक ठाउँमा राख्ने गाउँकी वृषभानुकी छोरी साधारण व्यक्तिको छोरा कृष्णसँग नराम्रो हल्ला चलेपछि सबै व्यक्तिले आ-आफ्ना छोरीलाई घरबाट बाहिर जान नदिएको, घरैमा बन्दी बनाइएको प्रशङ्ग छ । वृषभानुलाई छोरीबाट नराम्रो चोट सहनुपरेको छ भने कृष्ण र बलरामलाई पनि गाउँ राख्न नहुने, पढ्न मथुरा पठाइने कुराले राधालाई ठूलो चोट लागेको छ । कृष्णसँगै बनभोज गएको हल्लाले गाउँमा राधा र उनका सबै सखी आ-आफ्नो घरमा बन्दी जीवन बिताइरहेका छन् । कृष्ण भने आफ्नो कारणले सखीहरूसँग खेल्न नपाइँने भयो भनी विरक्तिएर एक्लै बनमा मुरली बजाएर एकान्तमा बस्न थाले सँगसँगै अब सबै साथीहरूलाई छाडेर मथुरा जानुपर्ने पिरले पनि उनलाई सताएको थियो । एक दिन बेलुकासम्म बनमा बसेर मुरली बजाइरहेका कृष्णलाई गर्ग ऋषिले आफ्नो रहस्यमय जन्म कथा सुनाइदिए । त्यसपछि त कृष्ण झनै भाव विव्हल बन्दै आफ्नो जन्म यशोदा माता र नन्द रायको कोखबाट भएको रहेनछ भन्ने थाहा पाए पछि मामा कंश कै कारण यस्तो भएको रहेछ भनी कंशसँग युद्ध गर्ने घोषणा गरे । यत्तिकैमा कृष्णले राधालाई भेटेर आफ्नो रहस्यमय जन्मकथा सुनाएर छिट्टै युद्ध जिती फर्कने बाचाका साथ युद्धभूमिमा होमिन्छन् । यता दिन प्रतिदिन कृष्ण कै मायामा पागल भएकी राधालाई आफ्ना बाबा आमाले धनी र गरिब, कम हैसियत र बढी हैसियतका कुरा झिकेर कृष्ण कम हैसियतको व्यक्ति हो तिमी त ठूलाबढाकी छोरी हौ तिमीहरूको विवाह हुँदैन छोरी भनेर भनेपछि राधालाई झन पीडा बढ्न थाल्छ ।

एकदिन आफ्नी आमालाई आफू कृष्ण बाहेक अरूसँग विवाह नगर्ने कुरा बताइदिन्छिन् । आफ्ना बाबालाई कृष्णको जन्मकहानी सुनाइदिन्छिन् । त्यत्तिकैमा आफ्ना बाबाको मृत्यु भयो । त्यसपश्चात् बाबाको सबै कार्यभार सम्हालेर राधा एक्ली आमासँग कृष्णकै प्रतिक्षामा बसिरहन्छिन् । बेला बेला कृष्णले चिठी पठाउथे ।

भेट्न आउने कुरा पनि लेखेका हुन्थे । कृष्णलाई युद्धमा सहयोग गर्नका लागि ब्रजका युवा-युवतीले तालिम केन्द्र खोलेर युद्धमा दक्ष लडाकुहरूको स्थापना पनि गरेका छन् । त्यसैक्रममा कृष्णलाई सहयोग गर्दा गर्दै राधाकी साथी सुशीलाको मृत्यु हुन्छ । आफ्नी सखीको मृत्युको खबरले कृष्ण लगायत सबै साथीहरू दुखी हुन पुगे यति हुँदाहुँदै एक दिन कृष्णले युद्धमा विजय प्राप्त गरे कृष्णलाई बधाइ दिन सबै ब्रजवासीहरू विजय उत्सव मनाउनका लागि मथुरा गए तर राधा भने गइनन् । राधा कृष्ण आफूलाई भेट्न यही आउँछन् भनेर आफ्नो अठोट बोकेर मथुरा गइनन् । उता कृष्ण भने आफ्नी प्रेमिकाका लागि 'राधा' भवननै निर्माण गरी प्रतीक्षा गरिरहे । पछि राधाकी सखी विशाखाले कृष्णलाई भेट्न आऊ भनेर आग्रह गर्दा-गर्दा राधाले कृष्णलाई भेट्न जाने निर्णय गरिन् तर जाने तरखरमै कृष्णले रूक्मिणीलाई विवाह गरेको खबर पाइन् । त्यस्तो खबरले राधा भावविव्हल भएर कृष्णको झुटो मायामा जल्नसम्म जलिन् । राधा आफ्नी आमासँग कृष्णको झुटो माया भन्दै आफू कृष्णविना अरू कसैसँग विवाह नगर्ने निर्णयका साथ वैष्णव रूप धारण गरेर तीर्थयात्रामा निस्कन बाध्य हुन्छिन् । आमाले जति सम्झाए पनि उनी तीर्थयात्रामा अगाडि बढिन् धेरै कठिनाइ खेप्दै यात्रा गर्दै गइरहे । विशाखा पनि राधाको साथ गइन् । जति कठिन यात्रा भए पनि फर्कन नमिल्ने भन्दै अगाडि बढ्ने क्रममा एक दिन एउटा घरमा बास बस्न पुगे । त्यस घरमा दुई जना सासु बुहारी मात्र थिए, आफ्ना पतिहरू सिकार खेल्न जङ्गल गएका बेला जङ्गलमै जङ्गली जनावरले मारेको भन्थे । तिनीहरू बिचरा बुहारी त उमेरकै थिई । त्यहाँबाट हिड्नेबेलामा सासुले बुहारीलाई पनि सँगै लगेर जाऊ भनि आग्रह गरिन् । पिल्ली बुहारीको नाम थियो । पिल्लीलाई पनि सँगै लिएर हिडिन् । मुक्तिनाथ सम्मको यात्रामा निस्केका त्यहाँ कृष्णसँग भेट भएको छ । भेटमा आफ्ना पत्नीहरू आठै जनासँग कृष्णले परिचय गराउँछन् । कृष्णले राधा, पिल्ली र विशाखालाई पनि लिएर मथुरा गए । मथुरामा गएपछि राधालाई कृष्णले राधा भवनमै बस्ने आग्रह गरे तर माया मोह त्यागेर वैष्णवी रूप

धारण गरी हिडिसकेपछि त्यहाँ नबस्ने निर्णयका साथ त्यहाँबाट कृष्णलाई अबको यात्राको लक्ष्य नारीहरूमाथि हुनेगरेका ज्यादतीहरूको विरोध गर्दै नारी जागरण र चेतनाको प्रचार गर्ने कुरा बताउदै अबकोयात्रा उत्तराखण्डतिर हिमालयको यात्रामा लागिन् । कृष्णको पनि त्यतै जानुपर्ने भएकाले राधा र पिल्ली कृष्णसँगै गएका छन् । त्यहाँ कृष्णले द्रौपदी, कुन्तीसँग भेट गराए उनी द्वारिकाबाट खबर आएपछि फर्किए तर राधा, पिल्ली कहिले भिर, कहिले खोंच, कहिले नदीको किनार, कहिले पहाडको टाकुरो हुँदै पूर्वतिरको यात्रामा निस्केका छन् । विष्णुपादुकामा पुगेर आफ्ना मृत पिता वृषभानुको स्मरण गरी जल चढाइन् । राधाले यसरी नै उनका यात्रा अगाडि बढाएकी थिइन् । उनलाई भेट्ने सबैले यात्राको बारेमा सोधखोज गरिरहन्थे । अब द्वारिका पुग्न त्यहाँबाट दुई महिना जति लाग्ने कुरा थाहा पाइन् । राधाका घुम्ने कुराहरू पनि सकिंदै गए । गफगाफका प्रशङ्गहरू पनि दोहोरिदै जान थाले ।

राधाले आफ्नो यात्राको चर्चा कति गराउने, भनिरहने भन्ने सोचेर कुनै दिन भन्न नसकिएला, मरिएला भनेर बरू लेखिदिन पाए राम्रो हुन्थ्यो भनी उनले आफ्नो कथा आफैँ लेखेकी छिन् । राधाले आफ्नो कथा लेखिसक्दा सात महिना लागेको छ । सबै घटनाहरू क्रमबद्ध गर्दै कोचनगरसम्म आइपुगेको कथाबाट समाप्त हुन्छ । भारतवर्षमा यस्तो एउटा युग थियो यस्ता मानिसहरू पनि थिए भन्ने कुरा यस अभिलेखले दिन सक्ला भनेर लेखेकी छिन् । उनले भनेकी छिन् म एउटी नारी, मैले लोग्ने मान्छेको सत्ता संघर्ष भोग्नु परेन, नजिकबाट देख्न पनि सकिन तर आइमाईको मनको पिर, व्यथा र समाजमा तिनको अवस्थालाई बुझ्ेसम्म लिपिवद्ध गर्न खोजेकी छु भन्दै यो कथाको अन्त्य गरिएको छ ।

### ४.१.२. चरित्रपरक अध्ययन

प्रस्तुत राधा उपन्यास पौराणिक लीलालेखनमा आधारित नारी प्रधान उपन्यास भएकै कारण नारी पात्रको प्रयोग बढी पाइन्छ । राधा, राधाकी आमा

कलावती, कृष्णकी आमा, यशोदा, राधाकी सखी सुशीला, विशाखा एकनंशा, देवकी, पिल्ली स्त्री पात्र हुन् भने कृष्ण, कृष्णका बाबा नन्दराय, राधाका बुवा, वृषभानु, चन्द्रभानु, बलराम, कंश, गर्ग ऋषि अादि पुरूष पात्रहरू रहेका छन् । यस उपन्यासमा राधा र कृष्णको मुख्य भूमिका रहेको भने सुशीला राधाका पिता, वृषभानु, कृष्णका पिता नन्दराय, यशोदा, कलावती अादिको भूमिका सहायक रहेको पाइन्छ । उनीहरूको छुट्टा छुट्टै चर्चा यस प्रकार रहेको छ ।

### ४.१.२.१. राधा

राधा यस उपन्यासकी नायिका वा प्रमुख नारी पात्र हो । राधा वृषभानुकी छोरी हो । उच्च कुलघरान, ब्रजका राजाकी छोरीका रूपमा प्रस्तुत छिन् । राधा कृष्णकी प्रेमिकाका रूपमा उपस्थित छिन् । राधा कृष्णलाई स्वच्छ माया गर्छिन् । उनी उच्च वर्गकी छोरी हुन् तर कृष्ण निम्न घरानका छोरा भएकै कारण विवाह गर्नुहुँदैन भन्ने कुरा आफ्ना माता पिताबाट आएपनि यस्तो कुराको प्रतिकार गरेकी छिन् । कृष्णलाई धेरै माया गर्ने प्रेमिकाका रूपमा चिनिन्छन् राधा । उनले कृष्ण युद्ध जितेर पनि आफूलाई भेट्न नआएकोमा धेरै चिन्तित हुन्छिन् । पछि कृष्णले अर्कै केटीसँग विवाह गरेपछि आफूले अरूसँग विवाह नगर्ने निर्णयका साथ वैष्णवी रूप धारण गरेर तीर्थ यात्रामा घर त्यागेर निस्किन्छिन् । प्रेम समर्पण हो, भन्दै साँचो प्रेम गर्ने प्रेमिकाका रूपमा देखिन्छिन् । समग्रमा हेर्दा उपन्यासकारको आफ्नै प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गर्न खोजिएको मुख्य पात्र राधा गतिशील पात्र हुन् ।

### ४.१.२.२. कृष्ण

कृष्ण यस उपन्यासका प्रमुख पुरूष पात्र वा नायक हुन् । सम्बन्धका हिसावले नन्दराय र यशोदा माताका पुत्र र राधाका प्रेमी का रूपमा चिनिन्छन् । कृष्ण राधालाई धेरै माया गर्छन् ब्रजमा राधा र कृष्णको प्रेमको हल्लाले धेरै संकटमा परेका पात्र हुन् कृष्ण । कृष्णको जन्मैदेखि युद्धको मैदानमा परेका छन् । पछि युद्धमा

विजय प्राप्त पनि गरेका छन् । युद्ध विजयपछि राधालाई भेट्न आउने आशा देखाएका कृष्णपछि द्वारिकामै विवाह गरेर बसेका छन् । यस प्रसङ्गले अलिकति धोकेवाज प्रेमीको रूपमा पनि देखिएका छन् । उनले आठजना पत्नी भेला पारेको छन् । जति जना विवाह गरेपनि ती सबैमा राधा एउटीको रूप खोजेका छन् । उनले अरूलाई विवाह गरेपनि राधाप्रतिको उनको माया रहेकै छ । कृष्ण राधालाई अति माया गर्ने र विवाह नगर्ने प्रेमीका रूपमा देखा पर्दछन् ।

### ४.१.२.३. सुशीला

सुशीला यस उपन्यासकी सहायक पात्रका रूपमा चिनिन्छिन् । उनी कृष्ण र राधाकी सखीका रूपमा चिनिन्छिन् । उनी कृष्णको युद्धलाई विजयी गराउनका लागि तालिमप्राप्त योद्धाका रूपमा पनि चिनिन्छिन् । उनले कुशल युद्ध गरेर बीरगति प्राप्त गरेकी छिन् । उपन्यासमा शहीद सुशीलाका रूपमा परिणत भएकी छिन् । उनको मान प्रतिष्ठा नै छुट्टै भएको पाइन्छ । एक्लै मर्नुभन्दा यसरी मर्दा पो जहिले सम्म नाम रहिरहन्छ भनेर सबैले सुशीलामाथि प्रशंसा गरेको पाइन्छ । आँटी, साहसी पात्रका रूपमा चिनिने र शहीद घोषित भएकी छिन् ।

### ४.१.२.४. वृषभानु

वृषभानु यस उपन्यासका सहायक पात्रका रूपमा चिनिन्छन् । उनी राधाका बुवा हुन् । ब्रजका राजाका रूपमा रहेका छन् । उनी बुद्धिमान व्यक्ति भएकै कारण गाउँका प्रमुखभई काम गरेका छन् । आफ्नी छोरीको विरोधमा उत्रिएका गाउलेहरूलाई आफ्नो जिम्मेवारी नै अरूलाई सुम्पन खोज्ने पात्र हुन् । आफ्नी छोरी राधाको गाउँका सामान्य व्यक्ति नन्द रायका छोरा कृष्णसँग नराम्रो हल्ला चलाएपछि आफ्नी एउटी छोरीलाई ठेगानमा नराख्ने व्यक्तिले गाउँ कसरी चलाउने जस्ता कुरा गाउँका सबै व्यक्तिले भन्दा बरू आफ्नो छोरी त्यागनुभन्दा आफ्नो स्थान नै छोड्नु उचित भनेर उनले अरूलाई गाउँको प्रमुख बन्ने आग्रह गरे । आफ्नी छोरीप्रति धेरै

माया राख्ने बाबुको भूमिका निभाएका छन् भने अर्कातिर आफ्नी छोरीले कृष्णलाई माया गरेको थाहा पाउँदा पनि हैसियतको कुरा उठाएर कृष्णसँग विवाह असम्भव भनेर चिन्तित तुल्याएका छन् । राधालाई गाउँको प्रमुख बुद्धिमानी व्यक्ति भएर पनि प्रेम र विवाहमा हैसियतको कुरा वर्ग विभेदको कुरा ल्याउने पात्रका रूपमा उपस्थित छन् ।

### ४.१.२.५. कलावती

यस उपन्यासकी सहायक पात्रका रूपमा चिनिन्छिन् । उनी राधाकी आमाका रूपमा भूमिका निभाउने काम गरेकी छिन् । उनी आफ्नी छोरीलाई आफूभन्दा सानो व्यक्ति, आफ्नो हैसियतसँग नमिल्ने मान्छेसँग विवाह गर्नुहुँदैन भनेर सम्झाउने पात्रका रूपमा उपस्थित छिन् । उनको भावना छोरी मान्छेले पुरूषको हातमा चल्नुपर्छ, बाबाको इज्जत प्रतिष्ठाअनुसार छोरीले चल्नुपर्छ भनेर पुरूषप्रधान समाजलाई आत्मसात गर्ने पात्रका रूपमा चिनिन्छिन् ।

### ४.१.२.६. नन्दराय

यस उपन्यासमा नन्दराय कृष्णका बुवाका रूपमा चिनिन्छन् । उनी गाउँका साधारण व्यक्ति भएपनि इमान्दार व्यक्तिका रूपमा चिनिन्छिन् तर कृष्णका कारण गाउँलेबाट आएको पीडा सहेर बस्ने पात्र हुन् । अर्कातिर आफ्नी श्रीमतीलाई कृष्ण आफ्नो छोरा होइन भनेर आफ्नी श्रीमतीलाई भन्न नसक्ने व्यक्तिका रूपमा देखिन्छन् । आफ्नी श्रीमती यशोदाले कृष्णको रहस्यमय जन्म कथा सुनेर धेरै गाली गलौच गर्दा पनि भित्र-भित्रै पश्चतापमा परेर कुनै प्रतिक्रिया नजनाउने पात्रका रूपमा देखिन्छन् । यस्तो पिरले नन्दराय बिरामीसम्म परेका छन् । समग्रमा हेर्दा नन्दरायलाई इमान्दार पात्रका रूपमा लिन सकिन्छ ।

### ४.१.२.७. यशोदा

यशोदा यस उपन्यासकी सहायक पात्रका रूपमा चिनिन्छिन् । उनी कृष्णकी आमा हुन् । कृष्णको रूप र आफ्नो पतिको रूप नमिल्ने कुरा चर्चा गर्दै गाउलेहरूले आफ्नो छोरो कृष्णको बुवा नन्दराय होइन भन्दै ठाडो आरोपलाई पनि चुपचाप सहन बाध्य नारी पात्र हुन् । पछि कृष्ण साँच्चै आफूले जन्माएको छोरा नभएर पालिएको मात्र रहेछ । आफूले जन्माएकी त एकनंशा छोरी रहिछिन् भन्ने थाहा पाएर भावविव्हल बनेकी पात्रका रूपमा यशोदा माता देखा पर्छिन् ।

## ४.१.३. लैङ्गिकताको अवस्था

### ४.१.३.१. पितृसत्ता

पितृसत्ताले पुरूषको सर्वोच्चता पुरूषको प्रमुखतालाई जनाउँछ । परिवार वा समाजमा बाबुको सर्वोच्चता चल्ने बाबुको वंश चल्ने बाबुको नियन्त्रणमा, आदेशमा परिवारका सदस्य रहनुनै पितृसत्ता हो । एउटी महिलाले अर्की महिलालाई भन्ने कुरा पनि पितृसत्ताभित्र पर्दछन् । राधालाई कृष्णसँगको अबगाल गाउँभरि फैलिएपछि कृष्णका बुवा वृषभानुले आफ्नी श्रीमती कलावतीमार्फत छोरीलाई सम्झाउन भनेका कुरा कलावतीले छोरी राधालाई भनेकी छिन्:

“अब म हुर्किएकी र विवाह गर्न लायक भएकाले छाडा छोड्न नमिल्ने र झन् कृष्णसँगको सङ्गत गर्नै नदिने हुनु भएको थियो । उमेरले कृष्ण भन्दा केही कम उमेरका तथा उनी मेरा पिता भन्दा कम हैसियतवाला नन्द रायका पुत्रसमेत भएकोले उनीसँग मेरो प्रेम वा विवाह हुनु कुनै पनि अवस्थामा सम्भव थिएन मातापिताका नजरमा (पृ. ४३) ।”

माथिको वाक्यमा पितृसत्ता झल्किएको छ । छोरी मान्छेले आफ्ना पिताको हैसियत कुलधर्मलाई ध्यान दिई मन परेको केटासँग पनि विवाह नगरी

पिताको मान मर्यादामा चल्नुपर्ने भएकाले यस उदाहरणबाट पितृसत्तात्मक अवस्था प्रष्ट पारिएको देखिन्छ ।

"त्यो कृष्ण हामी गोपहरूकै वंश पनि हो कि होइन । हाम्रो वंशमा यस्तो बालक कसरी जन्मियो (पृ. ५३) ?"

माथिको वाक्यमा चन्द्रभानुले कृष्णको चरित्रबाट अवाक्क भएर कृष्णकी आमा यशोदा मातामाथि नारी अस्मिताको घोर विरोध गरेको प्रसङ्ग छ, यहाँ कृष्णको अनुहार, रूप आफ्ना बाबुसँग पनि नमिलेको भन्दै छोराछोरीको रूप बाबुको जस्तो हुनुपर्ने कुरा अगाडि ल्याएर पितृसत्ता झल्काइएको पाइन्छ ।

"कृष्ण नन्दरायका छोरा होइनन् । यशोदा र नन्द रायको कुनै पनि गुण कृष्णसँग नभएकाले त्यो कुनै क्षत्रीय वंशको हुनुपर्छ, कृष्णको जन्म शुद्ध छैन (पृ. ६४) ।"

माथिको वाक्यमा गाउँलेहरूले यशोदाका छोरा कृष्ण नन्द रायको छोरा होइन भनेर यशोदाको चरित्रमाथि शंका उठाएका छन् । कुनै गुण पनि नन्द रायको कृष्णसँग मिल्न नगएको भन्दै छोराछोरीको गुण बाबुसँग मिल्नुपर्ने कुरा उठाई पितृसत्ताको कुरा अगाडि ल्याएर लैङ्गिक अवस्थालाई उजागर गरिएको छ ।

'म के जानूँ नानी लोग्ने मान्छेहरू सन्केपछि हामी आईमाईको केही लाग्दैन रातभरि कचहरी बस्छ । कोहि त भन्छन् वृषभानुलाई प्रधानबाट हटाउनुपर्छ । कहिले भन्छन् नन्द रायलाई गाउँबाट निकाल्नुपर्छ । कोहि यशोदालाई सारा गाउँले सामु उभ्याएर कृष्णको बाबुको परिचय माग्नुपर्छ समेत भन्छन् । यस्ता कुरा हामी नारीले कसरी सहनु ? तर फेरि के गर्नु नसहेर (पृ. ६६) ?"

माथिको वाक्य राधाकी माता कलावतीले राधालाई भनेकी छिन् । कलावतीले पुरूषहरूको कुरामात्र समाजमा चल्छ हामी नारीहरू उनीहरूले जे

भन्छन् त्यसै अनुसार हिड्नुपर्छ । उनीहरूको भनाइलाई केही नभनी स्वीकार्नुपर्छ भनेर पितृसत्तात्मक कुरा देखाइएको छ ।

"सबै छोरीहरूले तिमी जस्तै धक नमानी आफ्नो कुरा भन्न सके कति राम्रो हुन्थ्यो ? तिम्रो उमेरमा मैले पनि यस्तै निर्णय लिन सकेकी भए कस्तो हुन्थ्यो होला (पृ. ७५) ?"

माथिको वाक्य राधाले आफ्नी आमालाई अब कृष्णविना आफू बाँच्न नसक्ने, अरू कसैसँग विवाह नगर्ने कुरा गरेपछि माता कलावतीले पनि आफ्नो विगतलाई सम्झिँदै आफूले पनि धक नमानी आफ्नो कुरा राखेकी भए राम्रो हुन्थ्यो होला आफैँले रोजेको व्यक्तिसँग विवाह गर्ने थिए होला भनेर अरूकै मातहतमा रहेर निर्णय गर्नुपर्ने कुरालाई अगाडि सारिएको छ ।

"हैन, पुरूषले नारीलाई किन कहिल्यै विश्वास नगरेको ? सारा जीवन सँगै बिताउँदा पनि देहआत्मा सबै जिम्मा लगाउँदा पनि किन सधैँ परपर राखेको ? पुरूष जाति लोग्ने भए पनि छोरो भए पनि उत्तिकै निष्ठुर किन ? यो घरभित्र मलाईमात्र छलेर किन कामहरू हुन्छन् (पृ. ९१) ?"

माथिको वाक्यमा यशोदा माताले आफ्ना पनि नन्द रायले छोराहरू कृष्ण र बलराम घर छाडेर पढ्न जाँदा पनि मलाई किन नभनेको मेरो सल्लाह किन नमागेको भनी पुरूषहरूलाई हामी नारीले तन, मन, धन सबै सुम्पने तर पुरूषहरूले हामी नारीलाई किन केही महत्व नदिएका भन्दै पुरूष प्रधान समाजलाई व्यक्त गरिएको छ ।

"राधे तिमी पनि नारी हौ । नारीले सहनुपर्छ, सहने बाध्यता छ हामीलाई । बालकदेखि सहँदासहँदै हामी ढुङ्गो झैँ कठोर भएका छौँ । आरोप र कष्टहरू हाम्रै भागमा छुट्याइएको छ । रूख जस्तो एकै ठाउँमा उभिएर सारा आँधी,

असिना सहनुपर्छ हामीले । चाहेर पनि ठाउँ सर्न नसक्ने वृक्षको बाध्यता जस्तो छ हाम्रो जीवन । तिमी यति सानी भएर के गर्छ्यौं ? आमाको जातिको पर्‍यौं, उमेरभन्दा पहिले नै तिमीले रून सिकिसक्यौ । अब जीवनमा पाइलैपिच्छे आँशुमात्र छ राधे, त्यसलाई बटुल (पृ. ९८) ।”

माथिको वाक्यमा यशोदा माताले राधालाई सम्झाएको प्रशङ्ग छ । सबै सहने, रूने, कष्टकर जीवन जति नारी कै भागमा छुट्याइएको छ राधा भनेर भनेकी छिन् यशोदा माताले जन्मिदै सहने शक्ति लिएर आउनुपर्ने, छोरी मान्छेले तर छोरा मान्छेको भागमा चाँहि सहने, रूने जस्ता कष्टकर जीवन आइ नपर्ने भन्ने कुरा देखाई पितृसत्ता स्पष्ट पारिएको छ ।

“तिमीले जस्तो मैले रून नहुने, विलाप गर्न नहुने । मैले लोग्ने मान्छे हुनुपर्ने, कठोर देखिनुपर्ने मैले गोप्य र धीर बन्नुपर्ने (पृ. ११२) ।”

माथिको वाक्य यशोदाले कृष्णको जन्मकथा आफ्नो पतिले पनि अहिले सम्म नभनेको भन्दै विलाप गर्दा नन्द रायले आफ्नी पत्नी यशोदासँग पुरूषले रून नहुने, धीर हुनुपर्ने तर रूने काम जति सबै नारीले नै गर्नुपर्ने कुरा अगाडि ल्याएर पुरूषलाई कहिले नरूने धीर बनाई पितृसत्ता स्पष्ट झल्काइएको छ ।

“त्यसो होइन राधा, पुरूषहरू हाम्रा परमेश्वर हुन्, तिनीहरूबिना यो संसारै चल्दैन । पति नै हाम्रा रक्षक पनि हुन् । पुरूषका विपक्षमा धारणा बनाउनु गलत हुन्छ (पृष्ठ १९३) ।”

माथिको वाक्य राधाले पुरूषवादी समाज भएको कारण हामी पुरूषबाट असुरक्षित छौँ र उनीहरूबाटै सुरक्षित हुनुपर्छ भन्दा यशोदा माताले पुरूषविना हाम्रो जीवन चल्दैन उनीहरू हाम्रा परमेश्वर हुन् पतिलाई भगवान मान्नुपर्छ भनेर पितृसत्ताको प्रशङ्ग उठाएको पाइन्छ ।

"छोरी,आफूलाई सम्हाल । हामी नारीलाई जति दुःख सङ्कट जगतमा अरू कसैलाई छैन । सहनु, सहनु अनि सहनुमात्र छ हाम्रो भागमा । भित्र भित्रै कति कति विद्रोह दबाएर सम्झौता गर्दै बाँच्नुपरेको छ हामीले । हामीले चिताएको र चाहेको के गर्न पाएका छौँ र आजसम्म । खरानीबाट पनि आगो हुने प्रयत्न गर्नु छ हामीले त (पृ. २०९) ।"

माथिको वाक्यमा यशोदा माताले राधालाई वियोगी अवस्थामा सम्झाएको प्रसङ्ग छ । राधा कृष्णको प्रतिक्षामा बसेकी तर कृष्णले अर्कैलाई विवाह गरेको सुनेपछि भावविव्हल भएकी छिन् । त्यो बेला यशोदाले सहने, सहने मात्र हाम्रो नारी जातिको भागमा भएकोले, जे भएपनि सम्झौता गर्दै बाँच्नुपर्ने छ हामीले पुरूषहरूले जे गरेपनि केही नहुने, सहने बाध्यता पनि हामीमा नै हुने भएको कुरा बताउदै पितृसत्ता प्रष्ट्याइएको छ ।

"एउटा राम्रै घरानियाँ वर प्राप्त भएको छ । अगिल्ली पत्नी स्वर्गवास भएपछि एक्लै भएको मिल्दो वर छ । के खाऊँ के लाऊँको समस्या छैन । तीन हजार गाईको मालिक छ । नोकरचाकर राखेर खान पाउँछे, त्यही उमेरमा अलिकति फरक पर्छ । त्यसले पनि के हुन्छ र ? एक-दुईवटा छोराछोरी भइहाल्छन् त्यति भए जीवन कटिहाल्छ नि (पृ. २२५) ।"

माथिको वाक्यमा विशाखाका बाबाले विशाखालाई विवाह गर्न आग्रह गर्दा विशाखा नमानेको वखत राधालाई सम्झाइदेऊ भनी आएको प्रसङ्ग छ । यहाँ छोरी मान्छेलाई जस्तोसुकै उमेर नमिल्ने बुढो मान्छे भएपनि एक दुई वटा छोरा छोरी जन्मे भने भइहाल्छ भनेर आफ्नै बाबाले विवाहका लागि कर गरेको प्रसङ्ग छ । बाबुको आदेशलाई जस्तोसुकै भएपनि स्वीकार्नु पर्ने बाध्यता देखाई पितृसत्ता स्पष्ट देखाइएको छ ।

### ४.१.४. लैङ्गिक भूमिका

सामान्यतया महिला र पुरूष विभिन्न क्षेत्रमा संलग्न रहेका हुन्छन् । उनीहरूले आफ्नो कार्यक्षेत्र अनुसार फरक फरक भूमिका निर्वाह गर्दछन् । यसरी लिङ्गका आधारमा महिला र पुरूषले गर्ने कार्यलाई विश्लेषण गरिन्छ । यस उपन्यासमा प्रमुख रूपमा राधा र कृष्णको भूमिका रहेको छ भने अन्त्यमा राधाकी साथी सुशीला, राधाकी आमा, राधाका बुवा, (वृषभानु) कृष्णकी आमा यशोदा, कृष्णका बाबा नन्द राय, सुशीलाका बाबा चन्द्रभानु आदिलाई उत्पादक भूमिका, अनुत्पादक तथा पुनर्उत्पादक भूमिका र सामाजिक भूमिकाका आधारमा व्याख्या तथा विश्लेषण गरिन्छ ।

### ४.१.४.१. उत्पादक भूमिका

लिङ्गका आधारमा महिला र पुरूषको भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ । लिङ्गद्वारा परिभाषित भूमिकाका आधारमा उत्पादक भूमिका भन्नाले कुनै उत्पादनमूलक कार्य तथा आयआर्जनसँगसम्बन्धित रहेको हुन्छ । विशेषगरी यस किसिमको भूमिकामा पुरूषहरूको नै ज्यादा सहभागिता रहेको हुन्छ । यसमा महिलाको सहभागिता हुँदै नभएको पनि होइन । राधा उपन्यासको अध्ययन गर्दा उत्पादक भूमिका नरहेको कुरा स्पष्ट हुन्छ ।

### ४.१.४.२. अनुत्पादक तथा पुनर्उत्पादक भूमिका

अनुत्पादक भूमिकाका आधारमा महिलाहरूको सहभागिता बढी पाइन्छ । प्राकृतिक अनुत्पादक भूमिकाका दृष्टिले हेर्दा महिलाले गर्भधारण गर्नु, बच्चा जन्माउनु, स्तनपान गराउनु आदि कार्यहरू रहेका छन् भने सामाजिक पुनर्उत्पादक भूमिकाअन्तर्गत खाना बनाउनु, छोराछोरी स्याहारसुसार गर्ने, परिवारका सदस्यहरूको स्याहार सुसार गर्ने, सरसफाइ गर्ने आदि पर्दछन् । पुरूषको तुलनामा महिलाहरूले यस्ता कामहरू गर्दै आएका छन् । जसलाई मौद्रिक रूपमा मापन गरिँदैन । पुरूषको

अनुत्पादक भूमिकामा पुरूषको दाँजोमा महिलाको भूमिका धेरै पाइन्छ । यहाँ राधाकी आमा, सुशीलाकी आमाले साधारण घरायसी काम गरेको पाइन्छ त्यसैले घरायसी काममा पुरूषको तुलनामा महिलाको भूमिका बढी नै भएको कारण लैङ्गिक दृष्टिले असमान रहेको पाइन्छ ।

#### ४.१.४.३. सामुदायिक भूमिका

सामुदायिक भूमिका उपन्यासमा समुदायमा गरिने कार्यसँग सम्बन्धित छ । राधा उपन्यासमा सामुदायिक भूमिकाका रूपमा हेर्दा महिलाहरूको तुलनामा पुरूष पात्रको भूमिका ज्यादा रहेको पाइन्छ । पुरूष पात्रहरू विशेषगरी सामुदायिक क्रियाकलापमा संलग्न समुदायमा ठूलावडा पनि पुरूषहरू नै भएका र समुदायको नेतृत्व पनि पुरूषले गरेको पाइन्छ । राधा उपन्यासमा राधाका बुवा भृषभानुले गाउको ठूलो व्यक्ति भएर आफ्नो काम गरेका छन् यस्तो भूमिका सामुदीयक भूमिकाका रूपमा लिन सकिन्छ पछि वाबाको मृत्युपछि राधाले ब्रज गाउँ चलाएकी छिन् यो भूमिका पनि सामुदायिक भूमिकाका रूपमा आउँछ । राधा उपन्यासमा महिला, पुरूष दुवैले सामुदायिक भूमिका निर्वाह गरेको पाइन्छ त्यति हुँदाहुँदै पनि लैङ्गिक असमानता भएको देखिन्छ । त्यसैले यहाँ लैङ्गिक असमानताका दृष्टिले महिलाभन्दा पुरूषकै बढी सहभागिता देखिन्छ ।

### ४.१.५. लैङ्गिक समस्या

#### ४.१.५.१. यौनिक समस्या

“मनमनले सोचेर भावनामा मात्र भोग गरेर पनि त आनन्द लिन सकिन्छ नि शारीरिक भोग त कति नै गर्न सक्छ र मान्छेले ? भोग्ने भनेकै सबैले, मनैले मात्र त हो (पृ. २८) ।”

माथिको वाक्य सुशीलाले राधालाई कृष्णले गरेको वनभोज कार्यक्रममा सबै पुरूष साथीलाई नबोलाई केटी साथीलाई मात्र बोलाएको छ । कृष्णले त राम्रो

वस्तु देख्नै हुँदैन सुन्दर र राम्रो वस्तु सबै आफैँ भोग गरौँ भन्ने सोच्छन् भन्दा राधाले कसरी भोग गर्न सकिन्छ र भनेर प्रश्न गर्दा सुशीलाले भोग्ने भनेको त सबै मनैले त हो नि शरीर ले भोग त कति नै गर्न सक्छ र ? भनेर मान्छेलाई सामाजिक बन्देजले गर्दा यौनिक समस्या उत्पन्न भएको हुन्छ भनी यस वाक्यमा पनि यौनिक समस्यालाई प्रष्ट्याइएको पाइन्छ ।

"वयस्कतासँगको प्रेमले अब शरीर खोज्छ, रूप पनि खोज्छ, सम्भोग पनि खोज्छ । मलाई त यस्तै लाग्छ, मत प्रेमलाई शरीरको माध्यमबाट मात्र पूर्णता दिन सकिन्छ भन्ने बुझ्न थालेको छु त्यस्तो जोगीको जस्तो काल्पनिक र एकोहोऱ्याँइको के अर्थ छ जीवनमा (पृ. २००) ?"

माथिको वाक्य सुशीलाले राधालाई कृष्णसँग द्वारिका गएर भेटी आखिर टाढाबाट एकोहोरो प्रेम गरेर कुनै अर्थ छैन, वयस्कतासँगको प्रेमले शरीर खोज्छ, रूप खोज्छ, यौन विनाको प्रेम त जोगीको जस्तो हुन्छ भनेर यसरी टाढा बसेर तिमीले प्रेम गरेपनि कृष्णले अरूलाई नै विवाह गर्न सक्छन् त्यसैले जाऊ भनेर यहाँ यौनिक समस्या प्रस्तुत गरिएको छ ।

"विवाहको पहिलो रातै कृष्ण मसँग थिएनन् । मलाई अत्यन्त सजिसजाऊ कक्षामा पुऱ्याई, सुनको पलङमा बसाएर मेरा हातका औंला खेलाउँदै मायाका साथ त्यही राखेर तिनी निस्के, मैले रातभरि पलङमाथि बसेर प्रतीक्षा गरें तर तिनी आएनन् । साह्है नराम्रो लाग्यो रोइरहें म - किन उनले मसँग यस्तो नराम्रो खेल खेले ? किन हरण गरी ल्याएर यसरी सुनको पिँजडाको कैदी जस्तो बनाए (पृ. २७१) ?"

माथिको वाक्य रूक्मिणीले राधासँग आफ्ना पति कृष्णले विहे गरेको रातमै एक्लै छोडेर सुनको पलङमा पुऱ्याएर कता गए कता रूक्मिणीले थाहा नै पाउदिनन् मलाई हरण गरेर यहाँ यस्तो अवस्थामा किन पिँजडाको कैदी बनाएको

भनेर व्यथा पोखेकी छिन् । यसरी एक्लै छोडेर जाने भए कृष्णले किन विवाह गरेको भनेर चिन्तित हुँदै यो वाक्य रूक्मिणीले भनेकी हुन् । यहाँ यौनिक समस्या उत्पन्न भएको छ ।

"कृष्णको नारी लिप्तता देख्दा मलाई लाग्छ, यो उनको पुरूष स्वभाव हो । पुरूषहरूमा असीमित नारी भोगको आकाङ्क्षा हुन्छ । तिनीहरू नारीरूप र सौन्दर्यबाट कहिल्यै विरक्त हुँदैनन् । यो मेरो भ्रम पनि हुन सक्छ (पृ. २७३) ।"

माथिको वाक्य रूक्मिणीले राधालाई भनेकी छिन् कृष्णले आठ-आठ जना नारीलाई विवाह गरे त्यसकारण रूक्मिणीले आफ्नो पति अरू सात जनाको पति भएको कुराले गर्दा कृष्णलाई नारीप्रतिको लिप्तता धेरै रहेको कुरा राधालाई भनेकी छिन् । आफ्नो पति आफ्नो होस् भनेर चाहन्छिन् रूक्मिणी तर आफूबाहेक सात जना पत्नीहरू भेला पारेका कृष्णसँगको असन्तुष्टि व्यक्त गरेकी छिन् । त्यसले यहाँ यौनिक समस्या स्पष्ट देखिन्छ ।

"धनसम्पत्ति नै सुखको अन्तिम विन्दु त होइन नि तर हेर, देख्ता अन्धा भए पनि जिम्मा लगाइदिए मलाई धृतराष्ट्रका हातमा । सधै डोऱ्याएर मैले तिनलाई पलङमा लैजानुपर्छ, तिनका हातहरू समातेर मैले आफ्नो शरीरभरि पुऱ्याइदिन्छु (पृ. ३०२) ।"

माथिको वाक्य माता कुन्तीलाई अन्धा धृतराष्ट्रकी पत्नी राजकुमारी गान्धारीले भनेकी छिन् । आफ्ना पति अन्धा भएका कारण उनले आफ्नो व्यथा पोखेकी छिन् । अन्धासँग आमा बाबाले विवाह गरिदिए । धनसम्पत्ति नै ठूलो ठानेर तर धनसम्पत्ति मात्र ठूलो कुरा होइन । अन्धा पतिलाई आफैं पलङमा लैजानुपर्छ भन्दै यहाँ यौनिक समस्या राजकुमारी गान्धारीले स्पष्ट देखाएकी छिन् ।

"प्रेम भन्ने भावनाको उत्पत्ति रूपबाटै हुँदो रहेछ कुन्ती आँखा देखेरै माया लाग्न थाल्दो रहेछ । अन्धै भएपनि तिनलाई देखेकीले उनीप्रति विस्तारै माया पलाउँदै आयो तर तिनले मलाई कहिल्यै त्यस्तो माया गरेनन् जस्तो माया पतिले पत्नी सँग गर्नुपर्छ होला । साह्रै औपचारिक र काम चलाऊ सम्बन्धमात्र रहन्छ मेरो तिनीसँग । नियमअनुसार त तिनको पत्नी बनिदिन्छु त्यति हो (पृ. ३०२) ।"

माथिको उदाहरण गान्धारीले भनेकी हुन् । प्रेम भन्ने कुरा देखेर रूपबाटै हुँदोरहेछ आफ्ना पति त अन्धा छन् मलाई देख्दैनन् म त आँखा देख्छु उनको माया मलाई लाग्छ तर पतिलाई मेरो माया लाग्दैन । पति पत्नीबीच हुने माया उनले मलाई गर्दैनन् । औपचारिक र काम चलाऊ पत्नीमात्र भएकी छु भन्दै गान्धारीले यौनिक समस्या देखाएकी छिन् ।

"नारीलाई उसको पति राजा हुँदैमा धनी हुँदैमा मात्र पुग्दैन । एउटा सबल पुरूष चाहिन्छ जसबाट शारीरिक तथा गर्भको सन्तुष्टि प्राप्त होस् (पृ. ३०३) ।"

माथिको उदाहरणमा कुन्तीले राधालाई बताएकी हुन् पाण्डुकी पत्नी कुन्ती छोराछोरी नभएपछि पाण्डुले धेरै पत्नी ल्याएका छन् तर छोराछोरी नहुने कारण पनि पाण्डु नै हुन् । छोराछोरी पनि नभएपछि नारीलाई आफ्नो जीवन सफल भएको लाग्दैन । त्यसैले जति धनी भएपनि राजा भएपनि सबल पुरूष चाहिन्छ, जसबाट शारीरिक तथा गर्भको सन्तुष्टि प्राप्त हुनुपर्छ भनी यौनिक समस्या देखाइएको छ ।

### ४.१.५.२. हिंसा

"मेरो विवाहका लागि मलाई कुनै राय लिइएन मेरा अगि म भन्दा कैयौं वर्ष ज्येष्ठ पुरूष लामालामा दाह्री हातले मुसार्दै दुलहा बनेर उभिएको थियो सारा समाजका अगि मैले त्यसलाई माला लगाइदिएँ । मलाई कसैले सोधेन (पृ. २८५) ।"

माथिको वाक्य एकनशाले आफ्नो विवाह आफूलाई नसोधी मननपर्ने बुढो उमेर पनि नमिल्ने केटासँग गरिदिए आफ्नो विवाहको लागि आफैँलाई नसोधेकोमा एकनशाले राधालाई विलाप गरेकी छिन् । महिलालाई आफ्नो हक अधिकार पनि दिइदैन । यहाँ एकनाशालाई मन नपरी पनि बुढो मान्छेसँग विवाह गर्नुपरेको कारण महिला हिंसा भएको छ ।

"कृष्ण नन्द रायका छोरा होइनन् । यशोदा र नन्द रायको केही पनि गुण कृष्णसँग नभएकाले त्यो कुनै क्षेत्रीय वंशको हुनुपर्दछ । कृष्णको जन्म शुद्ध छैन (पृ.६४) ।"

माथिको वाक्य गाउँलेहरूले यशोदामाथि लगाएको आरोप हो । यशोदा माताप्रति वर्जिएको नारी चरित्रमाथिको ठाडो आरोप हो । कृष्णको गुण नन्द रायसँग नमिलेको भन्दै यशोदालाई नन्द रायको छोरो नभएर अन्त कसैको छोरो हो भनेर उनको अस्मितामाथिको आक्षेप लगाएका छन् । यहाँ नारीको चरित्रमाथि नै प्रश्न चिन्ह उठाएका छन् । गाउँलेहरूबाट यशोदामाथि हिंसा गरिएको छ ।

"यत्रायत्रा जवान पाँच पाँच युवककी साझा पत्नी कसरी हुनु ? मलाई जितेर लिएर आउने अर्जुन मेरा पति हुनु स्वभाविक छ तर तिनका दाजुभाइ सबैलाई कसरी पति मानूँ , के म बारीको काँक्रा, फर्सी हुँ ? (पृ. २९६) ।"

"माथिको वाक्य द्रौपदीले भनेकी छिन् । यहाँ एउटी नारीले पाँच-पाँच जनाकी साझा पत्नी भएर बसेकी द्रौपदीले निकालेका वाणीहरू हुन् । अर्जुनले जितेर ल्याएकी द्रौपदी तर सबै पाँच दाजुभाइ पाण्डवले पत्नी बनाउदा पीडा खप्न नसकेकी द्रौपदीबाट नै नारी हिंसाको उदाहरण थाहा पाइन्छ ।

### ४.१.५.३. लैङ्गिक अधीनता

"यो बन्दी अवस्थाले भने मलाई साह्रै नराम्रो लाग्यो । साथीहरूसँगको घुलमिल र रमाइलो सबैबाट म बन्चित थिएँ । मैले चाहेका साथीहरूलाई दरबारमै

बोलाउन र दरबार परिसरभित्रै खेल्न रमाइलो गर्न छुट थियो तर वाहिर जान प्रतिबन्ध (पृ. ४३) ।"

यहाँ कृष्णले गरेको बनभोज कार्यक्रममा गएको कारण राधालाई बाहिर निस्कन नपाउने घरभित्रै बस्नुपर्ने बाध्य गराउँछन् त्यसैले राधाले माथिको वाक्यमा आफ्नो व्यथा पोखेकी छिन् । यहाँ छोरी मान्छेलाई जहाँ सुकै हिड्न हुँदैन भनेर आफ्ना बाबाले नियन्त्रणमा राखेका छन् ।

"कंशको शासनमा नारी भनेको मासु खान पालिएका प्राणी जस्ता थिए दरवारभित्र प्रत्येक दिन नारीहरू बलात्कृत हुन्थे, मारिन्थे तर त्यसको खबर बाहिर जादैनथ्यो म साह्रै आतङ्कित र त्रासदीपूर्ण वातावरण भित्र हुर्किएकी छुँ । हुन त जनताको भन्दा समाज धेरै दयालु र करूणामय हुन्छ भन्छन् (पृ. २८३) ।"

माथिको वाक्य एकनशाले भनेकी छिन् । कंशको नियन्त्रणमा रहेकी एकनशा दरबारमा कस्ता कस्ता घटना हुन्छन् भनेर आफूले पिँजडाको सुगा जस्तो कंशको अधीनमा रहेर बिताएका समयको बारेमा वताएकी छिन् कतिलाई दरवारमा मृत्यु दण्ड दिन्थे । कतिलाई बलात्कृत गराउथे सबै चुपचाप कंशको अधीनमा रहन्थे त्यस्तै एकनशा पनि कंशको नियन्त्रणमा हुर्किएकी छिन् भनेर अधीनता यस वाक्यले देखाएको छ ।

"एउटा सन्तान पनि जन्माउन पाइन । बन्दी जस्तो बसेकी छे यहाँ । यसको त उमेर छ, सपना छ, धेरै कुरा छ । तिमीहरूसँगै लैजाऊ तीर्थ घुमाऊ, उसले धर्म गरोस् । भोलि म मरेपछि यो एकान्तमा त्यसको सहारा को हुन्छ (पृ. २४६) ।"

माथिको वाक्य पिल्लीकी सासूले भनेकी छिन् । राधा र विशाखा तीर्थ यात्रामा निस्कने बेलामा सासू बुहारीको सम्बन्ध सासूले आफ्नो अधीनमा राखेकी

बुहारीलाई पनि सँगै लिएर जाऊ भनेर राधासँग आग्रह गर्छिन् भोलि म मरेभने यसको कोही सहारा हुँदैन बरू तिमीहरूसँग तीर्थवर्त गर्छे, धर्म गर्छे भनेर आफ्नी बुहारीलाई राधासँग पठाएकी छिन् । यहाँ छोरी बुहारी जो कोहीले पनि कोही न कोहीको अधीनमा रहनुपर्छ भन्ने देखाइएको छ ।

### ४.१.५.४. लैङ्गिक विभेद

"छोरी ! हामी नारीहरू कहाँ त्यत्रो हठ लिन सक्छौँ र । पतिका अगि हाम्रो हठको के अर्थ । तिम्रो पिताको निर्णय म बदल्न सकुँली जस्तो लाग्दैन (पृष्ठ ७५) ।"

माथिको बाक्य राधाकी आमा कलावतीले आफ्नी छोरीलाई सम्झाएको प्रशङ्गमा आएको छ । छोरी राधाले मन पराएकी कृष्णकै प्रतिक्षा गरी रहनेछु अरू कसैसँग विवाह गर्दिन भनेर आमासँग भन्दा आमाले आफू त सहमति दिने तर पिता मान्नुहुँदैन होला म नारीको पुरूषका अघि केही चल्दैन, नारीले गरेको निर्णय कही ठीक हुदैन भन्ने प्रशङ्ले नारी पुरूषबीच विभेद देखिएको छ ।

"राधा, आज म जो तिम्रो अगि बोलिरहेको छु, त्यो त सन्को कंसको पुरूष दम्भको प्रतिफल हुँ । त्यसले मलाई दया गरेको थिएन, छोरी सम्झेर छोडिदिएको थियो । हामी त मार्न लायकका पनि छैनौं राधा । हामीलाई त दुष्टहरूले पनि मार्दैनन् । कति निकृष्ठ ठान्छन् हामीलाई ? उनीहरू ठान्छन्, छोरामात्र बहादुर हुन्छन्, शत्रु हुन्छन्, राजा हुन्छन् मार्नुपर्ने लायक हुन्छन्, छोरीहरू भनेको त दासी हुन्, भोग्य । सन्तान जन्माइदिने प्राविधिक यन्त्र हुन्छन् यति हो (पृष्ठ २८४) ।"

माथिको वाक्यमा एकनशाले राधालाई पुरूष र नारीबीच कतिसम्मको विभेद हुन्छ भनेर सम्झाइएको प्रसङ्ग छ । कंसले छोरी भनेर दया गरेर नमारेको होइन, छोरी हो यसले बाँचेर पनि केही गर्न सक्दिनँ, दासी, भोग्यामात्र हो । साहसी,

राजा, बहादुर हुन्न भनेर नमारेको हो । त्यसैले एकनशाले हामी नारी त मार्न लायकका पनि छैनौ भनेर राधासँग नारीलाई कस्तो रूपमा हेरेका हुन्छन् त यो समाजमा भनी प्रष्ट पारेकी छिन् । नारी पुरूषसँग स्पष्ट विभेद देखिएको छ ।

## ४.२. उपन्यासमा रहेको लैङ्गिक चेतना

### ४.२.१. लैङ्गिक समानता

"आमा ! हामीले के नै नराम्रो गऱ्यौँ र ? तपाईहरूले हामीलाई सानैदेखि धेरै माया दिनुभो, स्वतन्त्रता दिनुभो । पुरूष र स्त्रीको भेद देखाउनु भएन, केटा र केटीमा मित्रता गर्न हुन्न भन्नु भएन । हामीले त कृष्णसँग पनि केटीसँगै जस्तो मित्रता गरेका थियौँ (पृ. ६६) ।"

माथिको वाक्य राधाले आफ्नी आमालाई भनेकी हुन् । कृष्णसँगको बनभोज कार्यक्रमले गाउँमा अवगाल मच्चिएपछि आफ्नी छोरी राधालाई कृष्णसँग को संगत छोड भन्दा केटा र केटीमा भेद छुट्याइदिनु भएको थिएन । आमा कृष्णलाई गरेको प्रेम र साथीलाई गरेको प्रेम उस्तै त हो नि केटा केटीमा के फरक छ र भन्ने प्रशङ्ग उठाएर छोरा छोरीबीच लैङ्गिक समानता देखिन्छ ।

"सारा जीवन सँगै बिताएर यो उमेरमा ममाथि अविश्वास गर्छ्यौं ? छोराछोरी भनेका त आफूबाट टाढा जाने नै हुन् नि । ती सधैं बाबुआमासँग कहाँ रहन्छन् ? तिनको वियोगमा जति नै दुःख भएपनि हामीले खप्नुपर्छ र पर्खिनुपर्छ (पृ. ९३) ।"

माथिको वाक्य नन्द बाबाले आफ्नी पत्नी यशोदालाई छोराहरू कृष्ण र बलराम राति नै पढ्नका लागि हिडेपछि यशोदा माताले दुःख व्यक्त गरेका बेला सम्झाएका छन् यहाँ छोराछोरी भनेका काँ आमाबाबु सँगै बस्छन् ? प्रगति गर्नका लागि टाढा टाढा भईहाल्छन् नि ! उनीहरूको प्रगतिलाई हामीले कुर्नुपर्छ भनेर नन्द

बाबाले भन्नुभएको छ । यस वाक्यमा छोरामात्र नभनेर छोराछोरी समान रूपमा भनिएको छ । त्यसैले लैङ्गिक समानता व्यक्त गरेको पाइन्छ ।

"मैले तपाईसँग पुत्र मागेकी थिइनँ । मेरो गर्भमा हुर्किएकी छोरी मलाई धेरै हुने थिइँन । त्यो मेरो रगत र मासुले बनेको हुन्थी, मेरै प्रतिमूर्ति (पृ. १०८) ।"

माथिको वाक्य यशोदा माताले कृष्ण आफूले जन्माएको छोरो होइन, आफूले जन्माएकी त छोरी रहिछ । जन्मेकै दिन कृष्णसँग साटेको कुरा थाहा पाएपछि आफ्ना पति समक्ष कुरा राख्दै विलाप गरेकी छिन् । यहाँ छोरीको ठाउँमा छोरा ल्याएकोमा पतिलाई, मैले छोरो मागेकी हैन, छोरी आफ्नो कोखबाट जन्मेकी हुन् छोरी नै राखेको भए हुन्थ्यो मलाई छोरा चाहिएको हैन छोराछोरी मेरो लागि बराबर हुन् भनेर लैङ्गिक समानताको कुरा आएको छ ।

"राधा, छोरी भएँ भनेर तिमी आफूलाई कमजोर नठान । छोरा र छोरीहरूमा केही फरक छैन प्रकृतिले दिएको लिङ्गीय भेदबाहेक बुद्धिमा, बलमा, चलाखीमा कुनै कुरामा तिमीहरू कमजोर छैनौँ (पृ. १२७) ।"

माथिको वाक्य चन्द्रभानुले राधालाई छोरी मान्छे भनेर कमजोर ठान्नुहुँदैन छोरी मान्छेमा पनि छोराको जस्तो साहस, बुद्धि, चलाखी रहेको हुन्छ, आफ्नी छोरी सुशीला लडाकु भएकी छे, त्यसैले छोरा-छोरीमा केही पनि फरक छैन भन्दै यहाँ लैङ्गिक समानता प्रष्ट देखिन्छ ।

"महाराज ! शासनमा छोरा र छोरीको कुनै भेद छैन । छोरी पनि छोरा वराबर साहसी र कर्तव्यनिष्ठ छन् । म पनि त्यसैको उदाहरण मात्र हुँ (पृ. १३७) ।"

माथिको वाक्य राधाले आफ्ना बुबाको कार्यभार आफैँ सम्हालेर राजालाई भेट्न जाँदा छोराको जस्तै काम गरिछ्यौ यसमा म खुसी छु भनेर राजाले प्रशंसा

गर्दा राधाले छोराछोरीमा कुनै भेद छैन छोरी पनि छोरा समान साहसी, कर्तव्यनिष्ठ छन् भनेर छोराछोरीमा समानता छ भन्ने कुरा प्रष्ट पारिएको छ ।

"किन पिर मान्नुहुन्छ ? हुर्केपछि छोराछोरी बराबरी छन् । छोरीलाई पनि छोरालाई जस्तै विश्वास गर्न सक्नुपर्छ हामीले उनीहरूमा पनि छोरामा जत्तिकै आत्मबल हुन्छ त्यसमा विकसित पो गरिदिनुपर्छ हामीले (पृ. २२६) ।"

माथिको वाक्य राधाकी आमाले विशाखाका बाबालाई भनेकी हुन् । छोरा छोरी पनि बराबर हुन् । उनीहरूमा विश्वास गर्न सक्नुपर्छ भनेर राधा यात्रामा निस्कने बेलामा विशाखा पनि जाने निर्णय गर्दा विशाखाका बाबुले छोरी मान्छे यसरी हिड्नुहुँदैन भन्ने प्रशङ्गमा राधाकी आमाले छोराछोरीमा केही फरक छैन समानता छ भनेकी छिन् ।

### ४.२.२. सशक्तीकरण

"म जोसँग प्रेम गरूँ कि विवाह गरूँ, त्यो मेरो रूचि इच्छाको कुरा हो । आफ्नो हित-अहित सोच्ने मेरो आफ्नै काम हो । दुःख पाए पनि सुख पाएपनि संसारमा त्यसको बाँडफाँड कसले गर्ने गरेको छ ? सुखमा सबैले अधिकार जमाउन खोजे पनि दुःखमा कसले साथ दिन्छ ? मानिस आफ्नो जीवनबारे निर्णय गर्न पूर्ण रूपले स्वतन्त्र हुनुपर्छ (पृ. ६५) ।"

माथिको वाक्य राधाले भनेकी हुन् । गाउँलेहरूले कृष्ण र राधाको नराम्रो कुरा गरेपछि आफूले आफैलाई अडिग बनाएकी छिन् । आफूले जो सुकैसँग प्रेम विवाह गरे पनि अरूलाई के हुन्छ ? दुःख सुख आफैँ भोग्नुपर्ने हो । आफ्नो जीन्दगी को निर्णय आफैँ गर्ने हो । मेरो जीवनको निर्णय म आफैले गर्छु भनेर सशक्तीकरणको कुरा उजागर गरिएको छ । "मलाई लाग्छ सुशीला, हामीबाट

जानीनजानी भावुकतावश केही अमर्यादित कामहरू भए, जसको परिणाम हो यो वर्तमान । तर अब हामीले यस अवस्थाबाट हाम्रो समाजलाई मुक्त गर्नुपर्छ (पृ. ७६) ।"

राधाले सुशीलालाई सम्झाउदै भनेकी छिन्, हामीबाट जानीनजानी अमर्यादित कामहरू भए तर कारण वर्तमान समाज रहेको छ । केटा र केटीमा हुने विभेदका कारण यस्तो अवस्था आएको हो । यो विभेद नभएको भए यहाँ केही हुने थिएन त्यसैले हामी यस्तो विभेदलाई सहेर बस्नुहुन्न । यस्तो अवस्थाबाट हाम्रो समाजलाई मुक्त गर्नुपर्छ भनेर राधाले सशक्तीकरणको स्वर निकालेकी छिन् ।

महाराज शासनमा छोरा र छोरीको कुनै भेद छैन, छोरी पनि छोरा बराबर साहसी सचेत र कर्तव्यनिष्ठ छन् । म पनि कसैको उदाहरण मात्र हुँ (पृ. १३७) ।"

माथिको वाक्यमा राधाले कंसलाई महिला सशक्तीकरणको कुरा उठाएकी छिन् । छोरामात्र साहसी सचेत र कर्तव्यनिष्ठ हुन्छन् भन्ने कुरालाई असहमती जनाउदै छोरी मान्छे पनि सचेत साहसी कर्तव्यनिष्ठ हुन्छन् म त्यसको उदाहरण हुँ, मैले गाउँ चलाएकी छु भन्दै नारीले जस्तो काम पनि गर्न सक्छन् भनेकी छिन् ।

"म शिथिल शरीरले कसैको ओछ्यान बन्न चाहन्नँ आमा । म कुनै पुरूषकी ऐच्छिक भोग्यमात्र बन्न चाहन्नँ, एउटी नारीको बाध्यताले संसार बाँझो हुदैन । हरेकसँग सन्तान जन्माउन सक्ने प्रकृतिले प्राविधिक शक्ति दिएको छ तर प्रत्येकले जन्माउनै पर्ने अनिवार्यता छैन चाहेमा सम्भाव्यताको विद्यमानता मात्र हो त्यो (पृ. २१३) ।"

माथिको वाक्यमा राधाले आफूलाई कसैको ओछ्यान बनाउन नचाहने कुरा गरेकी छिन् । आफूलाई पुरूषको ऐच्छिक भोग्य बनाउन नचाहने कुरा गरेर नारी जति सबैले सन्तान नजन्माउदा पनि हुने कुरा गर्दै आफू कसैको ओछ्यान

नबन्ने, कसैको भोग्या बन्न नचाहने भन्दै अरू नारीभन्दा भिन्न कुरा गर्दै सशक्तीकरणतर्फ उन्मुख देखिन्छ ।

"हेर्नु हामीले छोरीलाई केवल सन्तान जन्माउने यन्त्र जस्तोमात्र मान्ने गरेका छौँ । पुरूषहरूबाट यन्त्र जस्तोमात्र मान्ने गरेका छौँ । पुरूषहरूबाट भोगिने र त्यसको परिणामले गर्भवती भई सन्तान जन्माउने एउटा गतिहीन यन्त्र जस्तोबाट छोरीलाई मुक्त गरी स्वनिर्णय गर्ने हक दिनुपर्छ । आफ्नो सुरक्षा गर्न र आफ्नो निर्णयमा जीवन चलाउने तिनीहरूलाई छोडिदिनु पर्छ (पृ. २२६) ।"

माथिको वाक्य राधाकी आमाले विशाखाका बुबालाई भनेकी छिन् । यहाँ छोरी केवल सन्तान जन्माउने यन्त्रमात्र नभई आफ्नो स्वनिर्णयमा चल्न दिनुपर्छ भनेर छोरीले पनि आफ्नो निर्णय गर्ने स्वतन्त्रता पाउनुपर्छ भनी सशक्तीकरणका कुरा प्रष्ट आएको छ ।

"म त प्रत्येक पुरूषमा वसुदेव र नन्दको अनुहारभित्र पनि कंसवृति देख्छु । नारीविरूद्ध घिनलाग्दो षडयन्त्रकारी नंग्रा देख्छु तिनीहरू माया लाग्दा, दयालाग्दा, प्रेम लाग्दा भएर पनि भित्रभित्रै कुटकुटु खाइरहने कीरा देख्छु । राधा पुरूष र नारीविना सृष्टि र समाज दुवै चल्दैन तर चलिरहेको यो एकल पुरूष दम्भको संशोधन गर्नु पर्दैन ? हामीमा त्यस्तो चेतना र शक्ति कहिले आउँला ? (पृ. २८४) ।"

माथिको वाक्य एकनशाले राधालाई प्रत्येक पुरूषमा नन्दको प्रवृत्ति देख्छु भनेर भनेकी छिन् । यहाँ उनीहरूले आफ्ना छोरा छोरीलाई आफ्नो काखबाट छुटाएर षड्यन्त्र गरेका छन् । त्यस्तो प्रवृत्ति सबै पुरूषमा रहेको छ । यस्तो पुरूष दम्भको अन्त्य कहिले हुन्छ । यो परिवर्तन हामीले नै गर्नुपर्छ भन्दै सशक्तीकरणको स्वर एकनशाले उठाएकी छिन् ।

### ४.२.३. वैचारिक परिवर्तन

"छोरी ! म तिम्रो अवस्था बुझ्छु । तिम्रो उमेरमा तिमीभित्र उत्पन्न हुने भावना पनि बुझ्छु । तर यो सबै उमेरभरिको मात्र हो । तिमी आफूलाई संयमित राख ! तिमी तिनलाई भुल्न नखोज भुल्न खोज्यौ भने झन ज्यादा स्मरण भएर आउँछ । तिमी उनलाई सम्झी सम्झी आफ्नै दैनिक कार्यकलापहरूमा जुट । मैले तिम्रा पिताजीलाई अनुरोध गरिसकेकी छु । तिमी अब पहिले जस्तै साथी संगीहरूसँग भेट गर्न घुलमिल गर्न पनि स्वतन्त्र छयौं (पृ. ६२) ।"

माथिको वाक्यमा राधाकी आमा कलावतीले आफ्नी छोरीलाई सम्झाएकी छिन् । अगाडि कृष्णसँगको संगतले गर्दा गाउँलेहरूले नराम्रो हल्ला गरेर राधालाई कृष्णसँगको संगत छुटाउन बन्दी बनाइएको थियो । यहाँ कलावतीले आफ्नो विचारमा परिवर्तन गरी छोरीको उमेर, अवस्था सबै बुझेको कुरा व्यक्त गर्दै अगाडि कृष्णसँग हैसियत मिल्दैन विवाह गर्नुहुन्न भनेकी थिइन् तर विचारमा परिवर्तन आएको छ र कलावतीले कृष्णलाई भुल्न नखोज सम्झी सम्झी आफ्नो कार्यकलाप गर अब यसरी घरमा बन्दी भएर तिमी बस्नुपर्दैन भनेर कलावतीले वैचारिक परिवर्तन गरेकी छिन् ।

"समय, परिस्थिति र विषयहरू एकैछिनमा युगौंको चेतनफड्का मार्दो रहेछ । अब म एक सौम्य, धीर र गम्भीर राधिके थिए । रून्ची, पिन्ची, बालहठी राधा थिइनँ (पृ. ८७) ।"

माथिको वाक्य राधा आफैंले आफैंसँग गरेको सम्झौताको रूपमा प्रष्ट देखिन्छ । आफू कृष्णको प्रेममा रून्चे, पिन्चे भएको तर अब म समय र परिस्थितिसँग संघर्ष गरेर अगाडि बढ्छु भनेर आफ्नो विचारमा परिवर्तन गरेकी छिन् ।

"सुशीला, उनीहरू विद्या अध्ययन गर्न जाँदै छन् । त्यसमा हामीले विलाप गर्ने के काम ? तिनीहरू झन ज्ञानी, तापस, चतुर, वीर र साहसी भएर आउने छन् । हाम्रा प्रियहरू सबैभन्दा अतुलनीय रहनु राम्रो होइन र ? हाम्रो मायाको डोरीले कसेर तिनीहरूलाई कामै नलाग्ने शक्तिहीन बनाएर कहाँ राख्नुहुन्छ ? तिनीहरू जहाँजहाँ पुगून्, तिनलाई सम्झिरहने बनेर हामीले माया मात्र दिइरहनुपर्छ, जसले उनीहरूलाई बाँच्न प्रेरित गर्छ । मैले त कृष्णलाई महान हुनु भनेर आशीर्वाद दिएको छु (पृ. ८८) ।"

माथिको वाक्यमा राधाले सुशीलालाई भनेकी छिन्, कृष्ण र बलरामलाई हामीले मायामा बाँधेर राख्नु हुँदैन, तिनीहरू कामै नलाग्ने मान्छे बनाउन हुँदैन, पढ्न जान दिनुपर्छ भनेर मैले त उनीहरूलाई आशीर्वाद दिएकी छु, भन्दै बैचारिक पविरवर्तन भएको छ ।

"तर म त्यही अभागी पति हुँ, जसले तिमी जस्ती पत्नी पाएर पनि तिम्रो सम्मान गर्न सकिँनँ । मलाई क्षमा देऊ प्रिय ! मलाई दया गर (पृ. १११) ।"

माथिको वाक्यमा नन्द बाबाले आफ्नी पत्नी यशोदालाई कृष्ण आफ्नो छोरा होइन भन्ने कुरालाई लुकाएर राखेकोमा पश्चाताप गरेको देखिन्छ । आफूले यस्तो कुरा लुकाएर राखेकोमा क्षमा पनि चाहन्छन् । यहाँ यशोदा माता जस्ती पत्नी पाएर पनि सम्मान गर्न नजानेको कारण माफी माग्दै आफ्नो विचारमा परिवर्तन ल्याएका छन् ।

"राधा, छोरी भएँ भनेर तिमी आफूलाई कमजोर नठान । छोरा र छोरीहरूमा केही फरक छैन प्रकृतिले दिएको लिङ्गीय भेदबाहेक बुद्धिमा, बलमा, चलाखीमा कुनै कुरामा तिमीहरू कमजोर छैनौ । बरू केटाहरू भन्दा तिमीहरूमा बढी शक्ति छ । तिमीहरू स्वयम् भावनात्मक हतियार पनि हौं, आफ्नो रूपको लज्जाको

अभिनय गरी शत्रुलाई पराजित गर्न सक्छौ । हेर, तिम्री सखी सुशीला अहिले युद्धका निम्ति तालिम लिइरहेकी छ (पृ. २२७) ।"

माथिको वाक्यमा चन्द्रभानुले राधालाई केही विचार व्यक्त गरेका छन् । चन्द्रभानु पहिला कृष्णसँगको संगत छुटाउनका लागि आफ्नो छोरीलाई बन्दी बनाउने व्यक्ति हुन् । तर आज आएर उनको विचारमा परिवर्तन आएको छ । उनी भन्छन् छोरीहरू पनि छोराहरू भन्दा शक्तिशाली छौ जस्ता सुकै युद्धमा पनि सामेल हुन सक्छौँ । शत्रुलाई पराजय गराउन सक्छौ भन्छन् यहाँ बैचारिक परिवर्तन स्पष्ट रूपमा देख्न सकिन्छ ।

"ती सब कुरा बिर्सी सुशीला, ती धेरै पुराना भइसके । हामी अब धेरै ओर आइसकेका छौ । हामी माथि भविष्यको महान् जिम्मेवारी छ (पृ. १५०)"

माथिको वाक्यमा राधाले सुशीलालाई अब पहिलाका कुरा सम्झेर केही अर्थ छैन, हामीमाथि त भविष्यको महान जिम्मेवारी छ हामीले यस्ता कुरा सम्झेर बस्नुहुँदैन । हाम्रो हातमा पूरै भविष्य रहेको छ । संघर्ष गर्नुपर्छ भनेर भनेकी छिन् । पहिला रून्ची पिन्ची राधा अब महान् भविष्यको जिम्मा लिंदै आफ्नो विचारमा परिवर्तन ल्याएकी छिन् ।

मैलेमात्र एकोहोरो तिनको स्मरण गर्नुपर्ने ? प्रेम मेरोमात्र एकोहोरो थियो र तिनीसँग ? जहिले पनि मैमात्र कमजोर, भावुक र समर्पणीय भएर प्रस्तुत हुनु ? उनलाई भेट्न मैलेमात्र धाइरहनु, रोइरहनु ? मप्रति तिनको माया भए तिनले पनि धाउनुपर्छ नि । ठिक्क पऱ्यो म नभएको कति राम्रो भएछ (पृ. १७६) ।"

माथिको वाक्यमा राधाले आफ्नो मनलाई परिवर्तन गरेकी छिन् । उनले जतिबेलै कृष्णको यादमा समय बिताउने गर्थिन् तर आज मैलेमात्र कृष्णलाई किन सम्झिरहने मैलेमात्र किन माया गर्ने, उनको यादमा बसिरहने जस्ता कुरालाई त्यागेर

उनले पनि त मलाई सम्झिन सक्छन नि ? भन्दै उनी प्रतिको मोह घटाइरहेकी छिन् । उनले कृष्णप्रति गर्ने व्यवहारमा परिवर्तन गर्ने विचार व्यक्त गरेकी छिन् ।

## ४.३. उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा

'राधा उपन्यासमा फरक-फरक किसिमका पात्रहरूको उपस्थिति रहेको पाइन्छ । उपन्यासमा माया, प्रेम, मिलन, विछोड, युद्ध, हाँसो, रोदनका पोका पन्तुरा फुकाइएका छन् । उपन्यासमा शिक्षित अशिक्षित पुरूष तथा महिलाको मानसिकता र व्यवहारको चित्र खिचिएको छ । उपन्यासमा ठूलो वर्ग सानो वर्ग, हैसियत जस्ता वर्ग विभेदको प्रशङ्ग पनि पाइन्छ । यस उपन्यासमा अश्लिल शब्दहरू प्रयोग भएका छैनन् महिला र पुरूष पात्र भएका कारण कतै-कतै नारी पुरूष दुवै पात्र भएका कारण कतै विभेदका कुरा पनि आएका छन् । पौराणिक कथामा आधारित उपन्यास भएको कारण देवी-देवताको चरित्रलाई सामान्य मान्छेको नाम दिई कहानी अघि बढेको कारण उपन्यासमा भाषाको प्रयोग राम्रो शिष्ट रहेको छ । पात्रअनुकूल भाषाशैली प्रयोग पाइन्छ जसमध्ये लैङ्गिक दृष्टिले विश्लेषणीय भाषाशैलीलाई पात्रहरूले कसरी प्रयोग गरेका छन् त्यसका नमुनालाई तल प्रस्तुत गरिएको छ :

"तिमीहरूप्रतिको मेरो प्रेम तथा मित्रताको यो एक अविस्मरणीय क्षण हुनेछ । कालान्तरमा हामी कहाँ पुगौंला, भविष्य कसैको हातमा छैन, परमात्मा पनि भविष्यको काल ग्रसित बन्छ सधै । त्यसैले हाम्रो मित्रता जीवन्त राख्न मैले यो कार्यक्रम आयोजना गरें (पृ. २७) ।"

माथिको वाक्य कृष्णले सबै सखीहरूलाई बनभोजमा सम्बोधन गरेका छन् । कृष्णले साथीहरूलाई तिमी भनी सम्बोधन गरेका छन् । अविस्मरणीय, कालान्तर, परमात्मा, कालग्रसित जस्ता शब्दको प्रयोग भएको छ । उनले आफ्ना साथीहरूलाई शिष्ट भाषाको प्रयोग गरेका छन् ।

"अनेक सुगन्धित फूलहरूको महक हावामा फैलिएको थियो । रूखमा नयाँ पालुवा पलाएर सारा जङ्गलै भर्खरै सुत्केरी भएकी सुन्दरी युवतीले नुहाईधुवाई स्निग्ध भएझैँ लाग्थ्यो । रातमा वास बसेका चराचुरूङ्गीहरू पनि आ-आफ्नै गुँडमा गीत गाइरहेथे (पृ.२६) ।"

माथिको वाक्यमा बनभोज स्थलको वयान राधाले गरेकी छिन् । यहाँ रूखमा नयाँ पालुवा पलाएर सारा जङ्गलै सुत्केरी भएकी सुन्दरी युवतीले नुहाईधुवाई स्निग्ध भएझैं लाग्थ्यो । " भन्ने वाक्यले प्रकृतिलाई मानवीकरण गरेको पाइन्छ ।

"राधा ! धेरै भावुक नवन प्रिय । म यहीं तिम्रो नजिकै छु । म तिमीबाट कहिल्यै टाढा छैन, टाढा हुन्नँ पनि । तिमीले ममा विश्वास गर्न सिक (पृ. ३३) ।"

माथिको वाक्य कृष्णले राधालाई सम्झाएको प्रशङ्गमा आएको । कृष्णले आफ्नी प्रेमिकालाई शिष्ट र मर्यादित भाषामा सम्बोधन गरेका छन् साथै शैलीगत हिसावले पनि उच्च रहेको पाइन्छ ।

"कृष्ण प्रत्येक गोपिनीहरूसँग अङ्कमाल गर्दै नाँच्न लागे । उनी बेलाबेला मेरो निकट आइपुग्थे र मलाई हेरेर मुसुक्क हाँस्थे, जिस्क्याउदै जिब्रो देखाउथे (पृ. ३७) ।"

माथिको वाक्यमा बनभोज कार्यक्रममा कृष्णले गरेको कार्यकलापको वर्णन गरिएको । यहाँ कृष्णले रमाइलो गरेको प्रशङ्ग रहेको छ । "मलाई हेरेर मुसुक्क हाँस्थे, यस वाक्यमा मुसुक्क जस्तो अनुकरणात्मक शब्दको प्रयोग पाइन्छ ।

"पयरबाट घुँगुराको मधुर झनझनाहट प्रसारण भइरहेको टाढैबाट सुनिन्थ्यो । हातका औंलाहरूमा असर्फीका औँठीहरू सुहाएका देखिन्थे । नाडीमा रत्नजडित चुरा, पाखुरामा भुजावन्द तथा गलामा मोतीका हार बक्षस्थलसम्म

झुण्डिएको । बालसूर्यको जस्तो दीप्तिमान शिरफूल कपालमा सुहाएको थियो । नाकमा मोतीजडित बुलाकी हल्लिरहेको देखिन्थ्यो (पृ. ४४) ।"

माथिको वाक्यमा प्रयोग भएका चुरा, टिका, औंठी, मोतीका हार, शिरफूल, बुलाकी जस्ता शब्दले नेपालीको मौलिकपनको झल्को दिएको छ । जसको माध्यमबाट उपन्यासमा नेपाली संस्कृतिको झल्को सहजै पाउन सकिन्छ ।

"तपाईंका घरमा हुर्किएर विवाहयोग्य भएकी कन्यालाई मौनतापूर्वक घरमा राखिछोडी सारा ब्रजलाई नै किन दुषित गराउनु हुन्छ ? (पृ. ५३) ।"

माथिको वाक्य चन्द्रभानुले वृषभानुलाई आफ्नी छोरी ठीक ठाउँमा राख्नुपर्छ, विवाह गर्न लायककी छोरी राखेर गाउँनै दुषित बनाउनुभयो भनेर लज्जित तुल्याएका छन् । नारीलाई विवाह नगरी घरमा राख्दा यस्ता आरोप देखाएर भाषामा लैङ्गिक विभेद देखाइएको छ ।

"उमेरमा पनि त्यो केटो तिमीभन्दा सानो छ । आफूभन्दा कम उमेरका युवकलाई कसरी आफ्नो पुरूष मान्नु । तिमी त वृषभानुकी छोरी पो त ! तिम्रो तुलना नन्द रायका छोरासँग हुनै सक्तैन । नन्द रायसँग हाम्रो आर्थिक हैसियतले मेल खाँदैन । सामाजिक प्रतिष्ठालाई पनि हेर्नुपर्छ हामीले (पृ.५५) ।"

माथिको उदाहरण राधालाई राधाकी आमाले भनेकी हुन् । यहाँ पवित्र प्रेमको अगाडि हैसियत भन्ने कुरा अगाडि ल्याएर कृष्णलाई कलावतीले 'त्यो केटो' भनी सम्बोधन गरेकी छिन् भाषिक शिष्टता यस बाक्यमा पाइँदैन ।

"हे देव यो त्यति सजिलो कुरा छैन । एउटी नारीलाई उसको चरित्र माथिको प्रश्न नै जीवनमरणको सबैभन्दा ठूलो सँघार हो । उनीहरूको शङ्का मिथ्या हो भनी म कसलाई, कहाँ कसरी यो कुरा सावित गरू कि (पृ. ६०) ।"

माथिको वाक्य यशोदा माताले आफ्ना पति नन्द रायलाई भनेकी छिन् । पतिलाई 'हे देव' भनेर सम्बोधन गरेकी छिन् पतिलाई पति परमेश्वर मान्नुपर्छ भन्ने पुरानो संस्कार यहाँ झल्किएको छ । शिष्ट भाषाको प्रयोग यहाँ पाइन्छ ।

"आफ्ना छोराछोरी बेकामे निस्के तिनले पुर्खाको बिडो थामेनन् (पृ. १३२) ।"

माथिको वाक्यमा ब्रजवासीहरू सबै युद्ध तयारीका लागि तालिममा गएका बखत गाउँभरि गाई पाल्ने चलन थियो । तालिममा सबै युवाहरू गएपछि गाईको स्याहार गर्ने मान्छे भएनन् त्यो बेला गाउलेहरूले आफ्ना छोराछोरीलाई "आफ्ना छोरा छोरी बेकामे भएकाले पुर्खाको विडो थामेनन्" भनेर गाली गरेका छन् । यहाँ पहिला पहिलाका बुढापाकाले भन्ने गरेको कुरा पुर्खाको विडो जस्तो वाक्य प्रयोग गरिएको छ ।

"हामीले अब खुसी हुनुपर्छ । हाम्रा सन्तानले दिग्विजय गरून् । तिनको कल्याण होस् (पृ. १८८) ।"

माथिको वाक्यमा नन्द र वसुदेवले आफ्ना छोराछोरीले प्रगति गरून् भनेर 'दिग्वजय' 'कल्याण' जस्ता शब्दको प्रयोग गरिएको छ ।

"त्यसो होइन राधा पुरूषहरू हाम्रा परमेश्वर हुन्, तिनीहरू विना यो संसारै चल्दैन । पति त हाम्रा रक्षक पनि हुन् (पृ. १९३) ।"

माथिको वाक्यमा पुरूषहरूलाई परमेश्वर भनिएको छ । पुरूषविना संसारै नचल्ने, पुरूषलाई भगवानको रूपमा हेर्ने गरेको हाम्रो सामाजिक स्थितिको चित्रण भाषिक रूपमा समस्या रहेको छ ।

"नानी, मलाई दया गर । मेरी बुहारीको कल्याण गर । उसलाई तिमीहरूसँगै लैजाऊ नानी (पृ. २४६) ।"

माथिको वाक्य हिमालको फेदमा बस्ने एक जना बुढी सासूले आफ्नी बुहारीलाई पनि सँगै लिएर जाऊ भनेर राधालाई भनेकी छिन् । बुढी मान्छेले राधालाई तिमी भनी सम्बोधन गरेर भाषिक शिष्टता देखाएको पाइन्छ ।

राधा उपन्यास भाषिक रूपमा सफलता प्राप्त उपन्यास हो । यहाँ अपशब्दको प्रयोग कतै भेटिदैन । नारीलाई पनि सम्मानजनक भाषाको प्रयोग पाइन्छ । मुसुक्क, लुसुक्क, टुलटुलु जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ । उपन्यास शैलीगत रूपमा पनि उच्च रहेको पाइन्छ ।

*

## पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

### ५.१. सारांश

कृष्ण धरावासीको *राधा* उपन्यासको मूल दृष्टिकोण नारी केन्द्रित रहेको छ । वास्तवमा नारी र पुरूषबीचको प्रेम र आकर्षणको विन्दु के हो ? पुरूष र स्त्रीबीचका यौन चेतनामा देखिने असहजता र असन्तुष्टि किन छ ? यिनै प्रश्नहरूको जवाफ खोजिएको छ राधा उपन्यासमा । कृष्ण र राधालाई पौराणिक शक्तिशाली र दैवी पात्रबाट झिकेर कृष्ण धरावासीले सामान्य प्रेमी प्रेमिकाको रूपमा राखेका छन् । उपन्यासले नारीवादी स्वरलाई मुखरित पारेको छ अनि सघाएको छ नारी उन्मुक्ति अभियानलाई । प्रेम, यौन र युद्धलाई नजिकैबाट हेरिएको छ । राधा उपन्यासमा आजको मानिसभित्र उत्पन्न हुने अनेक विम्बहरूको प्रतिच्छाया पनि प्रस्तुत देखिन्छ । राधाको आत्मकथाका रूपमा प्रस्तुत गरेका विचार र अनुभवहरू समेटिएका छन् पृष्ठभरि । पुराणबाट त्याइएका शक्तिशाली पात्रहरू राधा र कृष्णलाई आधुनिक साधारण प्रेमी प्रेमिकामा परिणत गरिएको छ । भगवान्को रूपलाई सामान्य मान्छेको रूप दिई प्रेम कथा अगाडि बढाएको प्रशङ्ग राधा उपन्यासमा पाइएको छ । यस उपन्यासमा राधाले कृष्णलाई अमर स्वच्छ प्रेम त गरेका छन् तर युद्धका क्रममा राधालाई छाडेर टाढा जानुपऱ्यो त्यस पश्चात् कृष्ण राधाको प्रतिक्षामा अनि राधा कृष्णको प्रतिक्षामा रहँदा रहदै कृष्णले अर्कै केटी रूक्मिणीसँग विवाह गरेको थाहा पाएपछि वैष्णवी रूप धारण गरी यात्रामा निस्किन्छिन् । यहाँ राधाले कृष्णलाई स्वच्छ प्रेम गरेको पाइन्छ । यस उपन्यासमा नारी र पुरूष पात्रहरूको असमानता पाइन्छ । भाषिक रूपमा पनि यो उपन्यास उच्च रहेको छ । अश्लिल, नराम्रा महिलालाई पुरूषले हेपेर बोलिने भाषाको प्रयोग पाइँन्दैन । मायाँ, प्रेम, मिलन, विछोड, युद्ध,

हाँसो, रोदनको पोकोपुन्तुरा फुकाइएका छन् । राधाको आत्मकथालाई पृष्ठमा छरिएको कारण उपन्यासको नामकरण पनि राधा राखिएको हो । छोरा-छोरीमा धेरै विभेद गरेको पाइँदैन । समानताका कुराहरू यस उपन्यासमा पाइन्छन् । समाजमा रहेको ठूला र साना वर्गका मानिसबीचको विभेद थोरै पाइन्छ । ठूला हैसियतका मान्छेसँग साना साधारण हैसियतका मान्छेले विवाह गर्न नहुने इज्जतको ख्याल राख्नुपर्ने जस्ता कुराहरू देखिएको छ । यस उपन्यासमा दरबारमा लुकेर रहेको हिंसालाई पनि देखाएको छ । लैङ्गिक अध्ययनमा लैङ्गिक भूमिका, चारित्रिक भूमिका, वैचारिक पक्ष, लैङ्गिक चेतना, लैङ्गिक भाषा आदिको आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## ५.२ सम्भावित शोधशीर्षकहरू

साहित्यकार कृष्ण धारावासीको राधा उपन्यासको बारेमा अध्ययन गर्न चाहने शोधार्थीहरूका निम्ति यहाँ सम्भाविता केही शीर्षकहरू प्रस्तुत गरिएको छ ।

१. राधा उपन्यासका पात्रहरूको अध्ययन

२. राधा उपन्यासमा यौनमनोविज्ञान

३. राधा उपन्यासको भाषाशैली

## सन्दर्भसूची


कक्स, सल्फ, (सन् १०६९) *प्रोफाइल इन लिटरेचर द रियागञ्ज,* दिल्ली ।

धरावासी, कृष्ण (२०७०) *राधा (दो.सं),* काठमाडौाः पैरवी बुक हाउस ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१) *नेपाली उपन्यास र उपन्यासकारहरू,* ललितपुरः साझा प्रकाशन ।

फिल्डिङ, हेनरी (सन् १९९६) *प्रोफाइल इन लिटरेचर द रियागञ्ज,* दिल्ली ।

बस्नेत, कृष्णबहादुर (२०६१) *आधुनिक नेपाली उपन्यास,* काठमाडौंः दीक्षान्त पुस्तक प्रकाशन ।

बस्नेत, कृष्णबहादुर र आचार्य, कृष्णबहादुर (२०६३) *आधुनिक नेपाली उपन्यास र कथा,* काठमाडौंः दीक्षान्त पुस्तक प्रकाशन ।

बस्नेत, कृष्णबहादुर र आचार्य, कृष्णबहादुर (२०६३) *आधुनिक नेपाली उपन्यास,* काठमाडौंः दीक्षान्त पुस्तक प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३) *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* काठमाडौं : वाराणसी भूमिका प्रकाशन ।